साउन – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ८ | २०७८, साउन १६-३२ | पूर्णाङ्क ६९८

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	६	इजलास नं. ९	६
इजलास नं. १	१	इजलास नं. १०	३
इजलास नं. ३	८	इजलास नं. ११	३
इजलास नं. ४	६	इजलास नं. १२	३
इजलास नं. ५	३	इजलास नं. १३	१
इजलास नं. ६	६	इजलास नं. १४	२
इजलास नं. ७	७	इजलास नं. १५	३
इजलास नं. ८	७	इजलास नं. १६	२
जम्मा	**४४**	**जम्मा**	**२३**

कूल जम्मा ४४ + २३ = ६७

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, साउन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ५**
१.	कर्तव्य ज्यान	सोमबहादुर तामाङ वि. नेपाल सरकार	१
२.	कर्तव्य ज्यान	शम्भुराम थामी वि. नेपाल सरकार	१
३.	जबरजस्ती करणी	नेपाल सरकार वि. प्रदिप चौधरी	२
४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रोकैया खातुनसमेत	३
५.	बेपर्वाह गरी इलाज गरेको	डा. प्रमिला प्रधानसमेत वि. दिलिपसुदन थापा	३
६.	वैदशिक रोजगार कसुर	उत्तम महर्जन वि. नेपाल सरकार	४
इजलास नं. १			**५**
७.	उत्प्रेषण	धर्मराज भण्डारी वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारसमेत	५
इजलास नं. ३			**५ – १२**
८.	जबरजस्ती हाडनाता करणी	कुमार दाहाल वि. नेपाल सरकार	५
९.	जबरजस्ती करणी	धनबहादुर मोक्तान वि. नेपाल सरकार	७
१०.	सवारी ज्यान	हरिलाल अधिकारी शर्मा वि. नेपाल सरकार	८
११.	जबरजस्ती चोरी	नेपाल सरकार वि. रणसिंह रसाइलीसमेत	९
१२.	जग्गा खिचोला चलन	चन्द्रावती श्रेष्ठ वि. चन्द्रकृष्ण श्रेष्ठसमेत	१०
१३.	निर्णय बदर हक कायम दर्ता दा.खा. नामसारीसमेत	सुकमाया भन्ने माया श्रेष्ठ (लामा) वि. चम्पा लामासमेत	११
१४.	उत्प्रेषण	किरणकुमार भट्टचन वि. पुनरावेदन अदालत बुटवलसमेत	१२
इजलास नं. ४			**१२ – १९**
१५.	मानव बेचबिखन तथा ओसारपसार	जरिना खातुन वि. नेपाल सरकार	१२
१६.	उत्प्रेषण / परमादेश	टेकराज निरौला वि. चन्द्रबहादुर लामा	१३
१७.	उत्प्रेषण / परमादेश	ओमविक्रम शाहसमेत वि. मालपोत कार्यालय, काठमाडौं डिल्लीबजार	१५
१८.	लागु औषध (खैरो हेरोइन)	नेपाल सरकार वि. दिपेन्द्र साहसमेत	१६
१९.	अपहरण तथा शरीर बन्धक	जगत गुप्ता भुजुवा वि. नेपाल सरकार	१७
२०.	कर्तव्य ज्यान	नरबहादुर कार्की वि. नेपाल सरकार	१८

इजलास नं. ५			**१९ – २२**
२१.	लागु औषध (चरेश)	नेपाल सरकार वि. ललितकुमार अग्रवालसमेत	१९
२२.	उत्प्रेषण / परमादेश	गभर्नर डा. युवराज खतिवडासमेत वि. लक्ष्मणकुमार यादवसमेत	२०
२३.	कर्तव्य ज्यान	रस्ताबहादुर राई वि. नेपाल सरकार	२१
इजलास नं. ६			**२२ – २६**
२४.	जालसाजी	कालध्वज लिम्बूसमेत वि. यामबहादुर राईसमेत	२२
२५.	जालसाजी	कालध्वज लिम्बूसमेत वि. वीरेन्द्रप्रसाद रिजालसमेत	२३
२६.	कर्तव्य ज्यान	चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगर वि. नेपाल सरकार	२४
२७.	खोटा चलन	नेपाल सरकार वि. माया तामाङ भन्ने देसीमाया तामाङ	२५
इजलास नं. ७			**२६ – ३४**
२८.	घुस / रिसवत लिई भ्रष्टाचार गरेको	नेपाल सरकार वि. भुपेन्द्र कटुवाल	२६
२९.	सुन चोरी पैठारी	मनालाल वर्मा वि. नेपाल सरकार	२७
३०.	उत्प्रेषण / परमादेश	परमानन्द यादव वि. उच्च अदालत जनकपुरसमेत	२८
३१.	सरकारी छाप दस्तखत किर्ते	नेपाल सरकार वि. रामबहादुर तामाङसमेत	२९
३२.	बन्दी प्रत्यक्षीकरण	जन्मदेव जैसी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	३०
३३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. तारा घर्ती	३२
३४.	अप्राकृतिक मैथुन	नेपाल सरकार वि. परिवर्तित नाम सङ्केत नं.६६ सानोश्री टिसन ग	३३
इजलास नं. ८			**३४ – ४१**
३५.	परमादेश	शिवभक्त प्रधानाङ्ग वि. कृष्णगोपाल बखुन्छे	३४
३६.	हातहतियार खरखजाना	नेपाल सरकार वि. अर्जुन बस्नेतसमेत	३५
३७.	राष्ट्रिय वनको वन पैदावर (साल जातको रूख काटी हटाएको)	नेपाल सरकार वि. कालीराम बस्नेतसमेत	३६
३८.	उत्प्रेषण / परमादेश	रविकान्त अग्रवाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत	३७

३९.	दा.खा.नाम सारी दर्ता बदर हक कायम	कृष्णबहादुर सिंह राठौरसमेत वि. अरूण प्रकाश सिंह राठौर	३८
४०.	अंश	रामावती सोनार वि. कृष्णावती सोनारसमेत	४०
इजलास नं. ९			**४१ – ४८**
४१.	उत्प्रेषण / परमादेश	तिलक कुँवर वि. शिक्षा विभाग सानोठिमी भक्तपुरसमेत	४१
४२.	वैदेशिक रोजगार ठगी	नेपाल सरकार वि. विजय मोहन साहसमेत	४२
४३.	बन्दी प्रत्यक्षीकरण	गणेश राई वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत	४६
४४.	हक कायम	विश्वराम लेहला वि. कान्छाकाजी लोहलासमेत	४७
इजलास नं.१०			**४८ - ५२**
४५.	सरकारी छाप दस्तखत किर्ते	नेपाल सरकार वि. अनुष तामाङसमेत	४८
४६.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. नन्दलाल तामाङसमेत	४९
४७.	उत्प्रेषण / परमादेश	रामप्रसाद मुखिया वि. उच्च अदालत विराटनगरसमेत	५१
इजलास नं.११			**५२ - ५५**
४८.	उत्प्रेषण / परमादेश	अनन्त आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	५२
४९.	उत्प्रेषण / परमादेश / प्रतिषेध	आशाकुमारी भुडेर वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारसमेत	५३
५०.	उत्प्रेषण	श्यामबाबु गुप्ता वि. भूमि सुधार तथा व्यवस्था विभागसमेत	५४
इजलास नं.१२			**५५ - ५९**
५१.	जबरजस्ती करणी	भुपेन्द्रप्रसाद पटेल वि. नेपाल सरकार	५५
५२.	लिखित दर्ता बदर दर्ता	निलम देवी केशरी वि. नन्दलाल साह तेलीसमेत	५६
५३.	उत्प्रेषण / परमादेश	रामबाबु राउत कुर्मीसमेत वि. हिमालय डिष्टिलरी लि. समेत	५८
इजलास नं.१३			**५९ - ६०**
५४.	जग्गा खिचोला मेटाई चलन चलाई	कविराज साउदसमेत वि. नारायणप्रसाद सुवेदीसमेत	५९

इजलास नं.१४			**६० - ६३**
५५.	कर्तव्य ज्यान	डम्बरी कुँवर भण्डारी वि. नेपाल सरकार	**६०**
५६.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. रेनु लिम्बू भन्ने रेणु तामाङ	**६१**
इजलास नं.१५			**६३ - ६५**
५७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. प्रेमकुमार राउत	**६३**
५८.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. साङ्वो भन्ने देव दोर्जे तामाङसमेत	**६४**
५९.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. एकबहादुर गुरूङ	**६४**
इजलास नं.१६			**६५ - ६८**
६०.	निर्णय दर्ता बदर हक कायमसमेत	काँशीनाथ डोटेल वि. मालपोत कार्यालय काभ्रेपलाञ्चोकसमेत	**६५**
६१.	उत्प्रेषण / परमादेश	देवप्रसाद त्रिपाठी वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत	**६७**

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र **मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७३-CR-०९५४, कर्तव्य ज्यान, सोमबहादुर तामाङ वि. नेपाल सरकार

मेरै प्रहारबाट सजित तामाङको मृत्यु भएको हो, अरू कसैले प्रहार गरेका छैनन् भनी प्रतिवादी हमाल भन्ने सोमबहादुर तामाङले अदालतसमक्ष आरोपित कसुर स्वीकार गरी बयान गरिदिएको देखिन्छ। मृतकको लास प्रकृति मुचुल्कामा दायाँ आँखीभौंमाथिको भागमा ३ $^{1}/_{2}$ इन्च थिचिएको छाला गई घाउ रहेको भन्ने उल्लेख छ भन्ने शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण blunt force head injury भन्ने उल्लेख भएको देखिन्छ। प्रतिवादी सोमबहादुरले खुलाएबमोजिमको रगत जस्तो पदार्थ लागेको सल्लाको दाउराको चिरपट बरामद भई दशीको रूपमा मिसिल संलग्न रहेको देखिन्छ। घटनास्थलमा प्रत्यक्षदर्शीका रूपमा रहेका सानुकान्छा तामाङले केही समयअघि आफ्ना मृतक भान्जा सजित तामाङले सोमबहादुरलाई कुटेको रिसइवी लिई बाटोमा ढुकी दाउराको चिरपटले हिर्काई कर्तव्य गरी मारेको भनी अनुसन्धान अधिकारीसमक्ष गरेको कागज ठिक साँचो हो भनी अदालतसमक्ष बकपत्र गरी दिएबाट पनि मृतक सजित तामाङको मृत्यु प्रतिवादी हमाल भन्नेसमेत बहादुर तामाङको कर्तव्यबाट भएको पुष्टि हुन आउने।

पुनरावेदक प्रतिवादी हमाल भन्ने सोमबहादुर तामाङले आरोपित कसुर अपराध स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानलाई समर्थन हुने गरी अदालतसमक्ष बयान गरेको, घटनाको प्रत्यक्षदर्शीले घटनालाई पुष्टि गर्दै अदालतमा आई बकपत्र गरिदिएको र लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनले उल्लिखित कुरालाई पुष्टि गरिरहेको देखिँदा निज प्रतिवादी हमाल भन्ने सोमबहादुर तामाङलाई मलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत पाटनको सजाय मनासिब देखिँदा सदर हुने।

पुनरावेदक प्रतिवादी र मृतकबिच मार्नुपर्नेसम्मको पुरानो रिसइवी इविलाग केही रहेको पनि देखिँदैन भने मृतकलाई मार्नुपर्ने योजना बनाई निजको शरीरमा हतियार छाडेको पनि देखिँदैन। यी पुनरावेदकले स्वयं अदालतमा आई बयान गर्दा केही समयअघि मृतकले आफूलाई चक्रे मिलनको डन भनी हिर्काएको र सोही रिस थाम्न नसकी छेउमै रहेको दाउराको चिर्पटले ३/४ पटक प्रहार गरेको भनी अपराध स्वीकार गरी अनुसन्धान र अदालतलाई प्रमाण सङ्कलनमा सहयोग पुऱ्याएको, निजले खुलाएबमोजिम रगत लागेको सल्लाको दाउराको चिर्पट घटनास्थलबाट बरामद हुन पुगेको र पुनरावेदक प्रतिवादीको युवा अवस्थासमेत देखिन आएकाले निजको उमेरसमेतलाई विचार गरी सुरू र पुनरावेदन तहबाट सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय उपयुक्त हुने भनी पेस भएको राय मनासिब देखिन आएकोले उक्त रायसमेत सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-१२०२, कर्तव्य ज्यान, शम्भुराम थामी वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी शम्भुराम थामीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा सलले घाँटी थिची मृतक श्रीमतीलाई मारेको स्वीकार गरेको साबिती बयानलाई शव परीक्षण प्रतिवेदन, शव

परीक्षण गर्ने डाक्टरको बकपत्र, जाहेरवाला र मौकामा बुझिएका व्यक्तिको बकपत्रसमेतबाट पुष्टि गरिरहेको हुँदा यी पुनरावेदक प्रतिवादी शम्भुराम थामीकै कर्तव्यबाट मृतक सुमित्रा थामीको मृत्यु भएको देखिन आएकोले सुरू जिल्ला अदालत र पुनरावेदन अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गर्दै गरेको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

पुनरावेदक प्रतिवादी शम्भुराम थामी र मृतक सुमित्रा थामीबिच श्रीमान् श्रीमतीको नाता सम्बन्ध रहेको देखिन्छ । यी पुनरावेदकको श्रीमतीलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको पनि नदेखिएको र श्रीमतीसँग भनाभन हुँदा आफूलाई अपशब्द प्रयोग गरेपछि तत्कालको रिस थाम्न नसकेपछि घटना घट्न गएको र घटनापश्चात् बचाउने मनसायले श्रीमतीलाई अस्पताल लैजाने प्रयाससमेत गरेको देखिँदा अभियोग मागदाबीबमोजिम सजाय गर्दा चर्को पर्नेसमेत देखिन आएकोले पुनरावेदन अदालत पाटनबाट मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी पेस गरेको राय मुनासिबै देखिँदा सोसमेत सदर हुने ।

अतः उल्लिखित आधार र कारणबाट पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०१।०८ मा अ.बं. १८८ नं. बमोजिम पेस भएको रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-११८३, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रदिप चौधरी

प्रतिवादी स्वयंले अदालत र मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा पीडितसँग पटकपटक यौन सम्बन्ध हुने गरेको र वारदातको दिन पनि करणी लिनुदिनु गरेको भनी कसुर अपराध स्वीकार गरी बयान गरेको देखिन्छ । पीडितले मौकामा गरेको कागज बेहोरालाई समर्थन गर्दै अदालतमा आई बकपत्र गर्दा आफूलाई दिसा गर्न गएको बखत प्रतिवादीले मुख च्यापी मार्ने धम्की दिई जबरजस्ती करणी गरेको भनी लेखाई दिएको देखिन्छ । त्यसैगरी जाहेरवालाले आफ्नो जाहेरीलाई समर्थन गर्दै बकपत्र गरिदिएको छ भने वस्तुस्थिति र घटना विवरण कागज गर्ने जमुना बोहरा र रूपा चौधरीले मौकामा गरेको कागजलाई समर्थन गर्दै अदालतमा बकपत्र गरिदिएबाट पनि यी प्रतिवादी प्रदिप चौधरीले मिति २०७१।०८।०८ मा पीडिता कैलाली ७१ टिकापुर "ग" लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आउने ।

वादी नेपाल सरकारले आफ्नो अभियोग पत्रमा पीडितको उमेर १५ वर्ष भनी लेखेको, जाहेरवाला स्वयम्ले जाहेरी दरखास्तमा पीडितको उमेर १५ वर्ष उल्लेख गरिदिएको र पीडित स्वयम् अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत आफ्नो उमेर १४ वर्ष भएको भनी लेखाई दिइरहेको र पीडितको उमेरमा विवाद देखाई उमेर जाँचको मागसमेत वादी नेपाल सरकारले गर्न नसकी रहेको र पीडितको स्वास्थ्य परीक्षण गर्दासमेत उमेरमा विवाद देखाई जाँचको प्रयास गरिएको नदेखिँदा पुनरावेदन अदालत दिपायलले पीडितको उमेर १४ वर्ष भएको भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम प्रतिवादी प्रदिप चौधरीलाई ६(छ) वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नहुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी प्रदिप चौधरीलाई ६ वर्ष कैद सजाय हुने ठहर गर्दै गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७२।०५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CR-०४३२, कर्तव्य ज्यान, नेपाल सरकार वि. रोकैया खातुनसमेत

प्रतिवादीहरू रोकैया खातुन, शेष इमामुद्दिन र अमरूल्लाह मंसुरीले अदालत र मौकामा गरेको बयानमा आफूहरूले कसुर अपराध स्वीकार गरी बयान गरेको, मौकाको किटानी जाहेरी र जाहेरीलाई समर्थन हुने गरी अदालतमा आई जाहेरवालाले बकपत्र गरिदिएको र लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतको आधार प्रमाणबाट यी प्रतिवादीहरू रोकैया खातुन, शेष इमामुद्दिन र अमरूल्लाह मंसुरीले मृतकलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिम कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीहरूलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी गरेको सजाय मिलेकै देखिन आउने।

प्रतिवादीहरू रोकैया खातुन, शेष इमामुद्दिन र अमरूल्लाह मंसुरीलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरूको फैसला पुनरावेदन तहबाट समेत सदर भई प्रतिवादीहरूले फैसलासमेत स्वीकार गरिसकेको देखिन्छ। मुलुकी ऐन, दण्ड सजायको महलको ८ नं. मा **"एकै जनाले धेरै पटक सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि कुनै खतमा सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठुलो सजाय भएपछि सानो सजाय हुने खत खापिँदैन ।"** भन्ने कानूनी व्यवस्था भइरहेको सन्दर्भसमेतलाई विचार गर्दा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम थप सजाय गर्नु परेन भनी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिन आएकाले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीहरू रोकैया खातुन, शेष इमामुद्दिन र अमरूल्लाह मंसुरी मियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू बारा जिल्ला अदालतले गरेको फैसला सदर ठहऱ्याउँदै पुनरावेदन अदालत हेटौंडाले मिति २०७१।१।२३ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६६-CR-०२२४, बेपर्वाह गरी इलाज गरेको, डा. प्रमिला प्रधानसमेत वि. दिलिपसुदन थापा

मिति २०५६।११।२१ मा नेपाल मेडिकल कलेजले दिएको पत्रमा मृतकको मृत्युको कारण Cardio Respiratory Arrest भन्दै Renal Failure भनी उल्लेख भएको देखिन्छ । Renal Failure भन्नाले मृगौलाले काम गर्न नसक्ने अवस्था भन्ने बुझिन्छ । मृतकको पहिलो Operation (शल्यक्रिया) अगाडि दुवै मृगौला सामान्य (Normal) अवस्था रहेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिन्छ । पहिलो Operation भएको दुई दिनपछि मृतक सीता थापाका आफन्त नातेदारहरूलाई जानकारीसमेत नगराई पेटमा रगत जमेको आशंकामा यी पुनरावेदकहरूको टिमले दोस्रो Operation गरेको देखिन आउँछ । यसरी अस्पताल परिसरमै रहेका मृतक सीता थापाका आफन्त नातेदारलाई जानकारी नगराई हतारमा दोस्रो Operation गर्ने कार्यलाई शंकास्पद रहेको देखिन आउने।

पुनरावेदक प्रतिवादी डा. प्रमिला प्रधानको पुर्जीअनुसार नेपाल मेडिकल कलेजमा भर्ना हुन पुगेकी मृतक सीता थापाको पाठेघरको शल्यक्रिया गर्नुअगाडि दुवै मृगौला सामान्य अवस्थामा रहेको पहिलो र दोस्रो शल्यक्रियापछि Septicemia भई दुवै मृगौलाले काम गर्न छोडी बिरामीको मृत्यु भएको देखिँदा Operation

टिममा संलग्न डा. प्रमिला प्रधान, डा. हिरा तुलाधर र डा. विनारानी श्रीवास्तवले बेकाइदासँग रोगीको चिरफार गरी बिरामीको मृत्यु भएको कुरा साक्षीको बकपत्र र मिसिल संलग्न अन्य प्रमाण कागजबाट पुष्टि हुन आएकाले निजहरूले मुलुकी ऐन इजाल गर्नेको महलको ३ र ४ नं. मा उल्लिखित कसुर गरेको देखिन आयो । प्रतिवादी ध्रुवबहादुर बस्नेत उक्त मेडिकल कलेजको प्रमुख प्रशासकसम्म रहेको निजलाई चिकित्सक डाक्टरको रूपमा नदेखिएको, मृतकको दुवै Operation मा निजको सहभागितासमेत रहेको देखिन नआएकाले निजलाई फिराद दाबीबमोजिम जरिवाना गर्नुपर्ने अवस्था देखिन नआउने ।

अतः पुनरावेदन अदालत पाटनबाट मुलुकी ऐन, इजलास गर्ने महलको ३ र ४ नं. मा उल्लिखित कसुर गरेकोमा पुनरावेदक प्रतिवादी डा. प्रमिला प्रधान, डा. हिरा तुलाधर र डा. विनारानी श्रीवास्तवलाई सोही महलको ८ नं. बमोजिम जम्मा रू.५००।- जरिवाना हुने र प्रतिवादी ध्रुबबहादुर बस्नेतलाई फिराद दाबीबाट फुर्सद दिने गरी भएको मिति २०६५।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः इश्वरमणी ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम् ।

६

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७२-CR-०५०८, वैदशिक रोजगार कसुर, उत्तम महर्जन वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीले न्यायाधिकरणसमक्ष बयान गर्दा जाहेरवालासँग व्यापार व्यवसाय गर्न भनी रकम लिएको वैदेशिक रोजगारमा क्यानडा पठाइदिन्छु भनेर लिएको होइन भनी लेखाए तापनि अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा वैदेशिक रोजगारमा क्यानडा पठाउन कागज गरी रकम लिएको र पठाउन नसकेपछि केही रकम फिर्ता गरेको स्वीकार गरेको देखिन्छ । जाहेरवालाहरूले पेस गरेको यी पुनरावेदक प्रतिवादीले गरी दिएको भरपाई कागजमा समेत वैदेशिक रोजगारमा क्यानडा पठाउनको लागि पेस्की स्वरूप रकम लिएको उल्लेख भएको देखिन्छ । त्यसैगरी यी पुनरावेदक प्रतिवादीका साक्षीसमेतले जाहेरवालासँग उत्तम महर्जनको रकम लेनदेन भएको कुरा स्वीकार गरेका छन् भने जाहेरवालाका साक्षीले वैदेशिक रोजगारका लागि रकम लिएको भनी किटानी बकपत्र गरी दिएका छन् । यसरी यी पुनरावेदक प्रतिवादीले मौकामा गरेको बयानलाई मिसिल संलग्न निजले गरेको भरपाई कागज र जाहेरी मिलानको बकपत्रले समर्थन गरेकोले यी पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगार ऐनबमोजिमको कसुर अपराध गरेको देखिन आएकोले वैदेशिक रोजगार न्यायाधिकरणले यी पुनरावेदक प्रतिवादी उत्तम महर्जनलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम गरेको सजायलाई अन्यथा भनिरहनु नपर्ने ।

अतः जाहेरवालाहरूलाई प्रतिवादीले वैदेशिक रोजगारमा क्यानडा पठाइदिन विनाइजाजत रकम लिएको भनी अनुसन्धान अधिकृतसमक्ष भएको साबिती बयान, किटानी जाहेरी मिलानको जाहेरवालाहरूको बकपत्र र प्रतिवादीले रकम बुझी क्रमशः मिति २०६५।९।२७ र २०६५।१०।१५ मा गरिदिएका दुई थान लिखत प्रमाणहरूबाट समेत समर्थित भएकोले अभियोग माग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अन्तर्गतको कसुर अपराधमा ऐ. को दफा ४३ बमोजिम विदेश पठाई नसकेकोमा बिगोको अङ्कसमेतलाई मध्यनजर राखी यी पुनरावेदक प्रतिवादी उत्तम महर्जनलाई रू. २,००,०००।– जरिवाना र दुई वर्ष कैद हुने र जाहेरवालाहरूले प्रतिवादीबाट फिर्ता पाई बाँकी हुन आएको जाहेरवाला श्रीमान् श्रीमती राजकुमार महर्जन र ज्ञानी छोरी महर्जनले रू. १३,५०,०००।– र जाहेरवाला हरि रेग्मीले रू. ६,३१,०००।– र

सोको ५० प्रतिशतले हुने रकमसमेत हर्जानाबापत जाहेरवालाहरूले प्रतिवादीबाट भरी पाउने ठहर्छ भनी वैदेशिक रोजगार न्यायाधिकरणले गरेको मिति २०६८।१०।२९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्।

इजलास नं.१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७१-WO-०४४२, उत्प्रेषण, धर्मराज भण्डारी वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक कम्पनीलाई कालोसूचीमा राख्ने गरी मिति २०७१।७।२ मा भएको निर्णयको हकमा सम्बन्धित सडक परियोजनाले कालोसूचीमा राख्ने सिफारिस गरेकोमा सो सिफारिस कार्यान्वयन हुन यस अदालतबाट मिति २०७१।९।९ मा जारी भएको अन्तरिम आदेशले रोक्का रहेकोमा सम्बन्धित निकायले कालोसूचीमा राख्न सक्ने अवधि १ देखि ३ वर्षसम्म भएको कुरा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बाट देखिन आएकोले हाल सो अवधिसमेत समाप्त भइसकेको देखिँदा त्यसतर्फ विचार गरिरहन नपर्ने।

विवादमा सम्झौता कार्यान्वयन हुने अवस्था रहेको नदेखिँदा बैंक ग्यारेन्टी रू. (२,०२,२७,०००।-) को हकमा बिना कुनै झन्झट भुक्तानी हुनुपर्ने प्रकृतिको भएकोले निवेदकले आफ्नो दायित्व पूरा नगरेबापत आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५ र सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम जफत गर्ने गरी भएको मिति २०७१।७।२ को निर्णय कानूनसम्मत नै देखियो। त्यसैगरी मध्यस्थ नियुक्तिसम्बन्धी र अन्य करारीय दायित्व सम्बन्धमा समेत उच्च अदालतमा दायर भई विचाराधीन रहेकोले सो मुद्दामा ठहरेबमोजिम हुन सक्ने नै हुँदा यस निवेदनमा थप विवेचना गर्नुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-CR-१६३२, ०७४-CR-१२६७, जबरजस्ती हाडनाता करणी, कुमार दाहाल वि. नेपाल सरकार, नेपाल सरकार वि. कुमार दाहाल*

१५ वर्ष उमेर पुगेकी नाबालिका पीडितले आफूलाई यी प्रतिवादीले जङ्गलमा लगी पटकपटक करणी गरेको भनी आफ्नी आमा जाहेरवालीसँग बताएपछि निजको शारीरिक परीक्षण गर्दा निजको पेटमा गर्भ रहेको थाहा पाई सो सम्बन्धमा अनुसन्धानको क्रममा पीडितले घटनाक्रमका सबै बेहोरा खुलाई कागज गरिदिएको र यी प्रतिवादीले समेत पीडितलाई करणी गरेको भनी उक्त घटनाक्रमहरूलाई खुलाई सो कसुरका सम्बन्धमा साबित भई मौकामा बयान गरेको देखिएको र पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको कन्याजाली च्यातिएको एवं निजको पेटमा ३६ हप्ताको गर्भ रहेको भनी अस्पतालबाट गरिएको परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएकोले निज पीडितलाई करणी भएको भन्ने तथ्य स्थापित हुन आएको देखिन्छ भने पीडिता स्वयंले आफूलाई यी प्रतिवादी कुमार दाहालले जबरजस्ती करणी गरेकै हो भनी किटानी रूपमा मौकामा कागज गरी सोहीबमोजिम अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । मूलतः जबरजस्ती करणीको अपराध हुँदाका अवस्थामा प्रत्यक्षदर्शी साक्षीको उपस्थिति

नहुनु स्वाभाविक हुन जाने हुँदा पीडित नै घटनाको मुख्य गवाह रहने हुँदा पीडितले मौकामा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको निजको भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क)(ख) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने देखिन आएको हुँदा मिसिल संलग्न यी यावत् प्रमाणहरूबाट प्रतिवादी कुमार दाहालले वर्ष १५ की नाबालक पीडितलाई ललाई फकाई पटकपटक घरनजिकको ऐँसेलुघारीको जङ्गलमा लगी जबरजस्ती करणीको कसुर गरेको तथ्य सम्पूर्ण प्रमाणबाट स्थापित एवं पुष्टि हुन आएकोले प्रतिवादी कुमार दाहालले अभियोग माग दाबीअनुसार मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(३) नं. बमोजिम कसुर अपराध गरेको देखिने।

हाडनाता करणीको महलको व्यवस्थाअनुसार सात पुस्तासम्मको हाडनातामा करणी गरेको अवस्थामा मात्र सजाय हुने अवस्था रहेकोमा पीडित र प्रतिवादीका बिचमा नौ पुस्ताको नाता रहेको देखिन आएकोले उक्त सात पुस्ताको नाता रहेको भनी पुष्टि हुन नसकेको आधारमा अभियोग दाबी नपुग्ने गरी भएको सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसलामा सो जिकिरबमोजिमको कानूनी त्रुटि रहेको भनी मान्न मिल्ने अवस्था विद्यमान नदेखिने।

प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गर्दाको अवस्थामा निज पीडिता गर्भवती रहेको भनी प्रतिवादी पूर्ववत् जानकारीमा रहेको भनी खुल्न सकेको देखिँदैन भने पीडित स्वयंले प्रतिवादीलाई आफू गर्भवती रहेको छु भनी बताएको भन्नेसमेत नखुलेको उक्त घटनाबाट प्रभावित निज पीडितालाई पछि स्वास्थ्य परीक्षणबाट गर्भवती रहेको तथ्य उजागर हुन आएको स्थितिमा पीडितालाई गर्भ रहेको अवस्थामा जबरजस्ती करणी गरेकोले थप सजाय हुनुपर्ने भन्ने तथा हाडनाता करणी गर्नेको महलले समेत सजाय गरिपाउँ भन्ने अभियोग दाबी नपुग्ने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिन आएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन नसकिने।

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको घटनाक्रम अगाडिसम्म प्रतिवादीसँग पीडितको सामीप्यता र सम्बन्धको व्यवहार तथा पीडिताउपर गरिएको सो कसुरको अवस्थासमेतलाई मध्येनजर गरी निज प्रतिवादी कुमार दाहाललाई अपराध र सजायको समानुपातिकताको सिद्धान्त (Principle of proportionality of degree of crime and punishment) समेत आधारमा अधिकतम कैद १०(दस) वर्ष हुन वाञ्छनीय नदेखिएको हुँदा निजलाई उल्लिखित नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय हुनु मनासिब देखिन आएको हुँदा निज प्रतिवादीलाई अधिकतम कैद वर्ष १० सजाय हुने भनी सुरू अदालतको फैसलाको सो हदसम्म उल्टी गरी निज प्रतिवादीलाई ७(सात) वर्ष कैद सजाय हुने भनी एवं यी प्रतिवादी कुमार दाहाललाई जबरजस्ती करणीको महलको ३(३) नं.बमोजिम जबरजस्ती करणीको कसुरदार ठहर गरी क्षतिपूर्तिसमेत भराउने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिएको हुँदा पुनरावेदक वादी नेपाल सरकारको र प्रतिवादीको पुनरावेदन जिकिर एवं उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसमेत सँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार, कारणसमेतबाट प्रतिवादी कुमार दाहाललाई जबरजस्ती करणीको महलको ३(३) नं.बमोजिम जबरजस्ती करणीको कसुरदार ठहर गरी क्षतिपूर्तिसमेत भराउने गरी गरेको हदसम्म सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट

मिति २०७२/१०/२० मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिलेकै देखियो । सजायको हकमा निज प्रतिवादी कुमार दाहाललाई कैद १०(दस) वर्ष हुने गरी सुरू अदालतबाट भएको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीलाई कैद वर्ष ७ (सात) हुने भनी उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७४-CR-०१२२, जबरजस्ती करणी, धनबहादुर मोक्तान वि. नेपाल सरकार*

पीडितले नुन किन्ने प्रयोजनका लागि रकम माग गर्दासमेत रू.३००।- रूपैयाँसम्म दिने गरेको दृष्टान्त खुलाई आफ्नो बयानमा उल्लेख गर्ने यी प्रतिवादीले पीडितलाई प्रयोजनविहीन ढङ्गले रकम दिने गरेको देखिएबाट नै पीडितलाई रूपैयाँ पैसाको प्रलोभनबाट प्रभावित पार्ने गरेको भनी मान्नुपर्न देखिन आउने।

पीडितले आफूलाई प्रतिवादीले पैसा दिई कसैलाई नभन्नु भनी फकाई करणी गरेको भनी आफ्नी आमा जाहेरवालीलाई बताए पछि उक्त घटना वारदातको उजागर भई यी प्रतिवादीउपर मौकामा किटानी जाहेरी परेको देखिएको र जाहेरवालीले अदालतसमक्ष उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिएको र पीडित स्वयंले अनुसन्धानको क्रममा प्रतिवादीले आफूलाई पैसा दिएर करणी गरेको भनी बयान कागज गरिदिएकोमा निजले अदालतसमक्ष उपस्थित भई सोहीबमोजिमको बेहोरा खुलाई बकपत्र गरिदिएको देखिन आएको छ । नाबालिक पीडितको कन्याजाली च्यातिएको भन्ने निजको स्वास्थ्य जाँच प्रतिवेदनबाट देखिन आएकोमा पीडितलाई आफूले पैसा दिने गरेको कुरामा स्वीकार गरी यी प्रतिवादीले बयान गरेको देखिएको हुँदा निज प्रतिवादीले "**आफूलाई यौन इच्छा नहुने गरेको र आफ्नो उमेरका कारण यौन क्षमता नरहेको हुँदा पीडितलाई करणी गर्ने क्षमता आफूमा रहेको छैन**" भनी आफूले गरेको उक्त इन्कारी बयान बेहोरालाई खम्बिर गराउन सकेको अवस्थासमेत नदेखिएको हुँदा यी प्रतिवादीले आफ्नो उमेरको कारण देखाई आफूले गरेको उक्त कसुरबाट केवल उन्मुक्ति लिने अभिप्रायले मात्र सो बयान गरेको देखिन आएकोले यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि प्रमाणित हुन आएकोले निज प्रतिवादी धनबहादुर मोक्तानलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहऱ्याई मलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं.बमोजिम १०(दस) वर्ष कैद गर्ने गरी ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम लागेको कैदको ७५ प्रतिशत छुट दिई जबरजस्ती करणीको महलको १० नं.बमोजिम रू.१,०००००।– (एक लाख) रूपैयाँ क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीबाट भराई पाउने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७२।११।३० को फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडाबाट मिति २०७३।११।२३ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, उपर्युक्त आधार र प्रमाणहरूबाट प्रतिवादी धनबहादुर मोक्तानलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं.बमोजिम १०(दस) वर्ष कैद हुने ठहर गरी निज प्रतिवादीलाई ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१)(ग) बमोजिम लागेको कैदको ७५ प्रतिशत छुट दिई जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.१,०००००।– (एक लाख) रूपैयाँ क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीबाट भराई पाउने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७२।११।३०

को फैसला नै सदर हुने भनी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।११।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-CR-१६८१, सवारी ज्यान, हरिलाल अधिकारी शर्मा वि. नेपाल सरकार*

सुरू मिसिल संलग्न रहेको जाहेरी दर्खास्त, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, घटना विवरणको सम्बन्धमा मौकामा प्रत्यक्षदर्शीका रूपमा रहेका कृष्ण गौतम तथा दिपा गौतमसमेतका मानिसहरूले मौकामा गरिदिएको घटना विवरण कागज र निजहरूले अदालतसमक्ष आई गरेको बकपत्र एवं सडक दुर्घटना प्रतिवेदन र प्रतिवादी स्वयंले अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको बयानसमेतका प्रमाणहरूबाट मिति २०७२।११।११ गतेका दिन दिनको अं. १४:३० बजेको समयमा जिल्ला सल्यान शारदा नगरपालिका वडा नं.६ स्थित वारदातस्थलको सडकमा प्रतिवादी हरिलाल अधिकारीले चलाएको रा.१ ख ७३८ नम्बरको बसले ठक्कर दिई सोही बसको अगाडिपट्टिको बायाँतर्फको चक्काले रा. १ ख ८७६ नं. बसका सहचालक भुवन बस्नेतलाई किची घटनास्थलमा नै मृत्यु भएको देखिँदा, निज मृतक भुवन बस्नेतको मृत्यु यी प्रतिवादी हरिलाल अधिकारीले चलाएको बसको ठक्करबाट भएको हो भन्ने तथ्यमा कुनै विवाद रहेको नदेखिने।

प्रतिवादी र मृतकका बिचमा कुनै किसिमको पूर्वरिसइवीसमेत भएको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन भने यी प्रतिवादीले मृतकलाई देखेर मार्ने उद्देश्यले किचेको अवस्था पनि देखिन आउँदैन। प्रहरी चौकीनजिकै आ-आफ्ना गाडी इन्ट्री गर्ने क्रममा मृतक सहचालक रहेको गाडीलाई उछिनेर अगाडि बढ्ने प्रयास गरी यी प्रतिवादीले चलाएको गाडीले मृतकलाई गाडी ब्याक गरेर किची मार्नेसम्मको कार्य गरेको अवस्थासमेत नदेखिएको र प्रत्यक्षदर्शी भनिएका मौकामा घटना विवरण कागज गर्ने दिपा गौतमसमेतको अदालतमा आई गरेको बकपत्रमा गाडी ब्याक गरेर मारेको होइन भनी बकपत्र गरिदिएसमेतका मिसिल संलग्न प्रमाणहरूबाट निज प्रतिवादी हरिलाल अधिकारीले मार्ने मनसायले नै गाडीलाई ब्याक गरी किचेर मारेको हो भन्ने तथ्य स्थापित हुन आएको नपाइने।

प्रतिवादीले मृतकलाई मार्ने मनसाय लिई गाडी चलाएको नदेखिएको हुँदा अभियोग मागदाबीबमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) बमोजिमको कसुर गरेको भन्ने प्रमाणित हुन सकेको नदेखिए तापनि निज प्रतिवादीले सोही ऐनको दफा १६१(२) बमोजिमको कसुर अपराध गरेको देखिन आएको हुँदा निज प्रतिवादी हरिलाल अधिकारी शर्मालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू सल्यान जिल्ला अदालतको मिति २०७३।०१।१३ को फैसला नमिलेकोले केही उल्टी गरी निज प्रतिवादी हरिलाल अधिकारी शर्मालाई उक्त सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर अपराधमा सोही दफा १६१(२) बमोजिम १० (दस) वर्ष कैद सजाय हुने भनी उच्च अदालत सुर्खेतबाट मिति २०७३।१२।२० मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

तसर्थ, यी प्रतिवादीले चलाएको रा.१ ख ८७६ नं.को बसको अगाडिको बायाँतर्फको चक्काले मृतक भुवन बस्नेतलाई मार्ने मनसायले ठक्कर दिई किची मारेको नभई निज प्रतिवादीले लापरवाही गरी

गाडी चलाएको कारण निज प्रतिवादीले चलाएको बसको बायाँतर्फको चक्काले किची निज मृतक भुवन बस्नेतको मृत्यु हुन गएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट स्थापित हुन आएको देखिँदा, निज प्रतिवादी हरिलाल अधिकारी शर्मालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू सल्यान जिल्ला अदालतको मिति २०७३।०१।१३ को फैसला केही उल्टी गरी निज प्रतिवादी हरिलाल अधिकारी शर्मालाई उक्त सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर अपराधमा सोही दफा १६१(२) बमोजिम १०(दस) वर्ष कैद सजाय हुने भनी उच्च अदालत सुर्खेतबाट मिति २०७३।१२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६८-CR-०४४४, ०६८-CR-१३८०, जबरजस्ती चोरी, नेपाल सरकार वि. रणसिंह रसाइलीसमेत, रणसिंह रसाइली वि. नेपाल सरकार*

जाहेरवाला विदेश भारतमा कमाई गरी घर फर्केको अवस्थामा बाटोमा आउँदा नशालु पदार्थ सुँघाई बेहोस बनाई कुटपिटसमेत गरी साथमा रहेको धनमाल चोरी गरेको भन्ने जाहेरवालाको जाहेरी, निजको अदालतसमक्षको बकपत्र, बेहोस अवस्थामा फेला पारेको भन्ने वनबहादुरको मौकाको निवेदन र बकपत्र, जाहेरवालाको शरीरमा लागेको घा चोट, प्रतिवादीहरूले जाहेरवालालाई कुटपिट गरेको कुरालाई स्वीकार गरी गरेको बयानसमेतबाट निज प्रतिवादी रणसिंह रसाइली वारदातस्थलमा उपस्थित रही पीडितको बिगो रकम चोरी गरेको देखिन्छ। साथै निजले चोरीको अभियोगबाट बच्ने किसिमबाट अदालतमा बयान गरेकोबाट निज प्रतिवादी रणसिंह रसाइली कसुरदार होइनन् भनी यकिन गर्नुपर्ने तथ्ययुक्त आधार प्रमाण मिसिलमा देखिँदैन। निज जाहेरवालाको भनाइअनुसार निजको रकम चोरी भएको होइन भन्ने शङ्का गर्नुपर्ने अवस्था रहेको पनि देखिएन। यी पुनरावेदक / प्रतिवादीले अदालतमा बयान गर्दा चोरी गरेको आरोपित कसुरमा इन्कार गरे तापनि रू.५०,०००।– आफूले पीडितलाई घा खर्चबापत दिएको स्वीकार गरी बयान गरेको देखिँदा निज पीडितलाई कुटपिट गरी निजको बिगोबमोजिको रकम चोरी गरेको देखिने।

प्रतिवादीमध्येका भक्ति वि.क., दुर्गाबहादुर सुनार र गणेश रसाइलीको भेट जाहेरवालासँग भक्ति वि.क.को सर्वप्रथम भेट हुँदाको समयभन्दा पूर्व नै जाहेरवालाको धनमाल चोरी भइसकेको देखिन्छ। निज प्रतिवादीहरू चोरीको वारदातमा संलग्न भएको कुरा मिसिलबाट पुष्टि हुन सकेको पाइँदैन। प्रतिवादी रणसिंह रसाइलीले जाहेरवालालाई कुटपिट गरेको साथै जाहेरवालाको चोरी भएको रकममध्ये रू.५०,०००।– फिर्ता गरी बाँकी रकम पछि बुझाउने भनी कबोल गर्दै सर्वसाधारणका बिच कागज गरी दिएको देखिन्छ। निज प्रतिवादी वारदातस्थलमा उपस्थित रही चोरीको अभियोगबाट बच्ने किसिमको बयान गरेकोबाट निज प्रतिवादी रणसिंह रसाइली कसुरदार होइनन् भनी यकिन गर्नुपर्ने तथ्ययुक्त आधार प्रमाण मिसिलमा नदेखिने।

प्रतिवादी भक्ति विश्वकर्मा, दुर्गाबहादुर सुनार र गणेश रसाइलीलाई अभियोग दाबीबाट सफाइ दिँदै प्रतिवादी रणसिंह रसाइलीलाई चोरीको १ नं. बमोजिम साधारण चोरीको कसुरदार ठहऱ्याई सो कसुरमा निजलाई १ (एक) महिना कैदको सजाय गर्ने गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला सो हदसम्म सदर गरी निज प्रतिवादीलाई रू.२,११,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको

पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीमध्येका भक्ति वि.क., दुर्गाबहादुर सुनार र गणेश रसाइलीलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादी रणसिंह रसाइलीलाई चोरीको १ नं. बमोजिम साधारण चोरीको कसुरदार ठहर्‍याई सो कसुरमा निजलाई १ (एक) महिना कैदको सजाय गर्ने गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला सो हदसम्म सदर हुने र जाहेरवालाले नगद रू.२,११,०००।– चोरी भएको भनी किटानी जाहेरी रहेको र सोही बिगोलाई समर्थन गरी अभियोगपत्रसमेत दायर भएकोमा प्रतिवादी रणसिंह रसाइलीलाई चोरीको कसुरदार ठहर्‍याइसकेपछि जरिवानाको हकमा निजलाई बिगोबमोजिम जरिवाना गर्नुपर्नेमा सो नगरी रू.१,६१,०००।– मात्र जरिवाना गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला नमिली त्रुटिपूर्ण हुँदा केही उल्टी भई निज प्रतिवादीलाई रू.२,११,०००।– जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६७।११।१० मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७३।१२।२९ गते झगडिया झिकाउने गरी भएको आदेशसँग सहमत हुन सकिएन। पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६७।११।१० मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७२-CI-०६०९, जग्गा खिचोला चलन, चन्द्रावती श्रेष्ठ वि. चन्द्रकृष्ण श्रेष्ठसमेत*

पुनरावेदक वादीको अधिकृत वारेस भरतप्रसाद उप्रेतीले मिति २०५०।९।६ मा साबिक कि.नं.१८०, ३४६ र ३४७ का जग्गाहरूबाट कित्ताकाट गरी बाटो प्रयोजनका लागि छुट्टाइएको कि.नं.४३४ र ४३९ को जग्गालाई १२ फिटे बाटो चक्ला मिलाई बाटो कायम गरिपाउँ भनी काठमाडौं उपत्यका नगर विकास समितिमा निवेदन परेकोसमेत देखिन्छ। यी पुनरावेदक वादीले साबिकको आफ्नो जग्गा अर्के व्यक्तिलाई बिक्री गरिसकेपछि पुनः २०६५।७।२८मा आफूले खरिद गरेको जग्गामा २०६४ सालमा नै ढल निर्माण भइसकेको देखिएको हुँदा पहिला यी वादीको स्वामित्वमा नै रहँदाको अवस्थामा बाटोको रूपमा कायम भई सोमा ढल निर्माण भइसकेको देखिएकोमा आफूले सो ढल बनेको जानकारी मिति २०६६।३।५ मा मात्र पाएको भनी सोही मितिलाई आधार मानी सुरू अदालतसमक्ष दायर भएको प्रस्तुत मुद्दाको फिराद हद म्यादभित्र पर्न आएको अवस्था नदेखिने।

साबिकको जग्गा विभिन्न कित्तामा घडेरी प्रयोजनका निमित्त प्लटिङ गर्दाका बखत नै बाटोको रूपमा कायम गरिएको हाल कायम भएको कि.नं.३०को जग्गामा बाटोसमेत जनिएको र ढल निर्माणसमेतको कार्यसमेत भइसकेको देखिँदा प्रस्तुत मुद्दामा हकदैया र हदम्यादसमेतको आधारमा फिराद खारेज हुने भनी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको मिति २०६८।२।११।४ को फैसला नै सदर हुने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०४।१५ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, प्रस्तुत मुद्दामा हदम्यादसमेतको आधारमा फिराद खारेज हुने भनी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६८।२।११।४ मा भएको फैसला नै सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०४।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CR-०५१०, जग्गा खिचोला चलन *चन्द्रावती श्रेष्ठ वि. चन्द्रकृष्ण श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६७-CI-०९३१, निर्णय बदर हक कायम दर्ता दा.खा.नामसारीसमेत, सुकमाया भन्ने माया श्रेष्ठ (लामा) वि. चम्पा लामासमेत*

पुनरावेदक वादी सुकुमाया भन्ने माया श्रेष्ठ लामा तथा प्रत्यर्थी प्रतिवादी चम्पा लामासमेत काजिमान भन्ने साइला लामा र पातली लमिनीको छोरी सन्तानहरू रहेको तथ्यमा विवाद रहेको देखिँदैन । निजहरूका पिता साइला लामाको मिति २०२४ सालमा निधन भएपश्चात् आमा पातली लामाले चन्द्रबहादुर तामाङसँग विवाह गरेको र निज चन्द्रबहादुर तामाङसँग पातली लामाको २०३१ सालमा सम्बन्ध विच्छेद भएपछि उक्त कि.नं.४४६ को ०-१०-०-० जग्गा मिति २०३७।९।३ मा र.नं.३५५१ को लिखतबाट पातली लामाको नाउँमा खरिद गरी आएको देखिने।

पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादी चम्पा लामाको पिताको मिति २०२४ सालमा मृत्यु भइसकेपछि आमा पातली लामाले चन्द्रबहादुरसँग दोस्रो विवाह गरेका कारण निज पातली लामाको यी वादीसमेतको आफ्ना पितासँगको पूर्व सम्बन्ध नै टुट्न गएको अवस्थामा निज पातली लामाको छोरी नाताको हैसियतले उक्त अपुतालीको २ नं. बमोजिम निजहरूले आमाको अपुताली प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहेको नदेखिने।

वादी चम्पा लामा र प्रतिवादी कुणाल लामासमेत भएको मिलापत्र बदर मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट पातली लामाको हकवालाका सम्बन्धमा प्रमाणको विवेचना गरी पातली लामाको सम्पत्तिमा यी प्रतिवादी चम्पा लामाको हक रहने भनी मिति २०५७।०३।१२ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०५८।०५।०६ मा भएको फैसला अन्तिम भई बसेको देखिएको छ । उक्त फैसला हालसम्म अस्तित्वमा रहिरहेको अवस्थामा फैसला अन्तिमताको सिद्धान्तलाई आत्मसात् गर्ने न्यायिक प्रचलन रहेको परिप्रेक्ष्यमा उक्त फैसलाको प्रतिकूल हुने गरी प्रस्तुत मुद्दाबाट चुनौती दिन मिल्नेसमेत नदेखिने।

प्रत्यर्थी प्रतिवादी चम्पा लामाले कुणाल लामासमेतउपर दिएको उक्त मिलापत्र बदर मुद्दामा भएको अन्तिम फैसलासमेतका आधारमा प्रतिवादी चम्पा लामाले आमा पातली लामाको नाउँमा रहेको उक्त विवादित जग्गा आफ्नो नाउँमा नामसारी गरिपाउँ भनी निवेदन दिई निजका नाउँमा नामसारी गर्ने गरी प्रतिवादी श्री पशुपतिनाथ अमालकोट कचहरीको कार्यालयबाट निर्णय भई उक्त जग्गा निजको नाउँमा कानूनसम्मत तवरले नामसारी भई गएको देखिएको हुँदा यी पुनरावेदक वादीले आफ्नो आमाको अपुतालीमा प्रतिवादी चम्पा लामाको सरह आफ्नो पनि समान अधिकार रहेकोले ०-३-२-० जग्गा आमाको नामबाट आफ्नो नाममा नामसारी तथा हक कायम दर्ता गरी छुट्टै दर्ता प्रमाण पुर्जासमेत दिलाई पाउँ भन्ने यी पुनरावेदक वादीको फिराद दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।०७ मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।०५।२८ मा भएको फैसला मिलेकै देखिन आएकोले पुनरावेदक वादीको उक्त पुनरावेदन जिकिर एवं निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर तथा यस अदालतबाट मिति २०६७।१०।०७ मा भएको दोहोऱ्याई हेर्ने निस्सा दिँदा आदेशमा लिइएको आधारहरूसँग सहमत हुन नसकिने।

तसर्थ, यी पुनरावेदक वादीले आफ्नो

आमाको अपुतालीमा प्रतिवादी चम्पा लामाको सरह आफ्नो पनि समान अधिकार रहेकोले ०-३-२-० जग्गा आमाको नामबाट आफ्नो नाममा नामसारी तथा हक कायम दर्ता गरी छुट्टै दर्ता प्रमाण पुर्जासमेत दिलाई पाउँ भन्नेसमेतको यी पुनरावेदक वादीको फिराद दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।७ मा भएको फैसला नै सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।५।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-WO-०७७८, उत्प्रेषण, किरणकुमार भट्टचन वि. पुनरावेदन अदालत बुटवलसमेत*

हाम्रो पति / बाबु चित्रलाल भट्टचनको हकभोगको तत्कालीन कित्ता नं. १६ को ज.वि. ४-१७-० मध्ये ज.वि.०-१६-७ जग्गा सुरेन्द्रध्वज मास्केलाई मिति २०२४।११।२२ मा, ज.वि. ०-१६-७ जग्गा विजयध्वज मास्केलाई, ज.वि.०-१६-१ जग्गा मिति २०२४।१०।२५ मा प्रमोदप्रसाद प्रधानलाई र ज.वि.०-१६-१ जग्गा मिति २०२४।१०।२५ मा भगवतीप्रसाद प्रधानलाई बिक्री गरी जम्मा ज.वि.४-०-१७ जग्गा हक छाडी बिक्री गरिदिएको र सो बिक्री भई बाँकी रहेको ज.वि.०-१६-३ जग्गा हाम्रो भोगमा बाँकी रही तथा नरबढी भई बाँकी हुन आउने जग्गा सर्भे नापी हुँदा हामीहरूको नाउँमा दर्ता गर्न छुट भएकोमा विपक्षीहरूले दूषित रूपमा दर्ता गराई खिचोला गरेकाले साबिक नक्सा साँधबमोजिमको साँध सिमाना कायम गराई विपक्षीहरूको दूषित दर्तासमेतका कार्य बदर गरी हाम्रो हक कामय गरी कब्जा खोचोला मेटाई हाम्रो नाम दर्ता कायम गरी चलन चलाई पाउँ भनी यिनै रिट निवेदकले विपक्षी रूपन्देही जिल्ला अदालतमा फिराद दायर गरेको देखिने।

रिट निवेदकले दायर गरेको उक्त दूषित बदर मुद्दामा आफ्नो दाबी प्रमाणित हुने अवस्था तत्काल विद्यमान रहेको भनी सोको पुष्टि हुने गरी निवेदकले जिकिर लिन सकेको अवस्था देखिँदैन। उक्त मुद्दामा ठहरेबमोजिम फैसला हुन सक्ने नै हुँदा उक्त फैसलाबाट नै यी रिट निवेदकको हक स्थापित हुने वा नहुने विषयको निर्क्योल हुनेमा उक्त मुद्दामा रोक्का राख्ने भनी गरिएको सो आदेश कायम नरहने गरी **"फैसला हुँदाका अवस्था ठहरेबमोजिम हुने नै भएकोले"** फुकुवा गर्ने भनी भएको उक्त आदेशले यी रिट निवेदकको हकमा आघात पुग्न गएको भनी मान्न मिल्ने अवस्था देखिएन। यसबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक हनन् भएको भन्न सकिने अवस्था रहेन। प्रस्तुत रिट निवेदन जारी हुने अवस्था विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७०-CR-१०४३, मानव बेचबिखन तथा ओसारपसार, जरिना खातुन वि. नेपाल सरकार*

पीडित सविना आरख (परिवर्तित नाम) ले प्रतिवादीहरू जरिना खातुन र फातिमा खातुन आपसमा रकम बाँडफाँटको विषयमा वादविवाद गर्दा अर्धचेतन अवस्थामा बिस हजार रूपैयाँ आफ्नो भागको रकम पूरै पाउनुपर्छ भन्ने जस्ता कुरा व्यक्त गरेको कारणबाट आफू बेचिएकी रहेछु भन्ने कुराको जानकारी भएको कुरा अदालतबाट प्रमाणित भएको बयानको सवाल

५ को जवाफमा सविस्तार उल्लेख गरेको पाइन्छ । सोही बयानमा आफू २ तल्ला माथिबाट जुक्ति लगाएर सारीको सहायताबाट भुइँमा झरेर भाग्न सफल भएकी र त्यसरी भाग्ने क्रममा आफ्नो शरीरको विभिन्न भागमा घाउचोट लागेको भनी उल्लेख गरेकीमा निज पीडितको शारीरिक परीक्षण गर्दा खुट्टालगायत शरीरको विभिन्न भागमा चोट लागेको भन्ने बेहोरा उल्लेख भएकोबाट निजको बयान घाउ जाँच केस फारामबाट समर्थित भएको पाइने।

प्रतिवादी जरिना खातुनले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सवाल ७ को जवाफमा पीडितलाई बेहोस बनाएर भारत लगेको र भा.रू. २०,०००।– मा बिक्री गरी आफ्नो भागमा भा.रू. १०,०००।– परेको भन्ने कुरा स्वीकार गरी आरोपित कसुर गरेकोमा साबित रहेकी र निजको उक्त साबिती बयान जाहेरवालीको भनाइसमेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादी जरिना खातुनले अदालतसमक्ष इन्कार रही बयान दिएकै कारणबाट आरोपित कसुरमा निजको संलग्नता थिएन भन्ने कुराको निष्कर्षमा पुग्न सक्ने अवस्था नरहने।

प्रतिवादी जरिना खातुनको अनुसन्धान अधिकारीसमक्ष भएको बयान निजको इच्छा विरूद्ध गराइएको थियो भन्ने कुराको तथ्ययुक्त प्रमाण पेस हुन नसकेको अवस्थामा निजको अनुसन्धान अधिकारीसमक्षको बयानलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिँदा निजको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी जरिना खातुनउपर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) र १५(१)(ङ)(१) समेत बमोजिम दाबी लिएको देखिन्छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम हुनको लागि किनेको देखेको हुनु पर्नेमा पीडितालाई किन्ने गरेको देखिने प्रमाणको अभाव रहेको देखिन्छ । विदेश भारतको बहराइचसम्म पुऱ्याएको भन्ने पीडिताको कागजबाट देखिएकोले यी पुनरावेदक प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम सजाय गरेको मिलेको देखिएन । उक्त ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १० (दस) वर्ष कैद र ५० हजार जरिवाना हुने भई पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म केही उल्टी हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ ४ गते रोज शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७३-CI-०३११, उत्प्रेषण / परमादेश, टेकराज निरौला वि. चन्द्रबहादुर लामा

जिल्ला विकास समिति काभ्रेपलाञ्चोक र निवेदक सी.बी. लामा / फड्केश्वर जे.भी. बिच आ.व. २०७१/०७२ को लागि पनौती नगरपालिका क्षेत्र भएर प्रवेश हुने खानी उत्खननका बालुवा, रोडा, गिट्टी, ढुङ्गा, माटो आदिको बिक्री आयकर सङ्कलन गर्न बोलपत्र आह्वान गरी निवेदकले एक वर्षको लागि रू.१,२०,९१,१२६।– जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोकमा बुझाउने गरी मिति २०७१।३।३२ मा कबुलियतनामा तथा पट्टा कागजसमेत गरी मिति २०७१।४।१ देखि कार्यादेश प्राप्त गरेको कुरामा विवाद नदेखिने।

कार्यादेशबमोजिम निवेदकले बिक्री आयकर सङ्कलनको लागि कार्य आरम्भ गरेकोमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मिति २०७१।५।१८ मा बसेको बैठकको निर्णय नं. १ मा आ.व. २०७१/०७२ को लागि जिल्लाभित्रका ढुङ्गा खानी, क्रसरलगायत ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन बिक्री र निकासी कार्यसमेत मिति २०७१।४।१ बाट

बन्द भएकोमा मन्त्रिपरिषद्को मिति २०७१।५।१७ को निर्णयबमोजिम साबिक दर्ता भएका ढुङ्गा खानी तथा क्रसर उद्योग आ.व. २०७१/०७२ को लागि २०७१ पौष मसान्तसम्मको लागि नवीकरण गर्न जिल्ला विकास समितिको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयलाई नियमानुसार आवश्यक कारबाही अगाडि बढाउन निर्देशन दिन भनी निर्णय भएको देखिने।

प्राकृतिक स्रोतको दोहन गर्दा वर्षातको समयमा अर्थात् असार, श्रावण र भाद्र महिनामा यस्तो उत्खनन गर्ने कार्य गरिँदा अझ बढी असर पर्ने देखिएकोले नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७१।३।३२ मा सूचना प्रकाशित गरी वर्षातको समयमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन / सङ्कलन नगर्ने नगराउनु भनी सम्बन्धितलाई निर्देशन दिने भनी निर्णय भएको देखिन्छ । उक्त मितिको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्णयबमोजिम उक्त अवधिमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र सङ्कलन कार्य रोकिन गएको भन्ने देखिँदा उक्त अवधि अर्थात् असार, श्रावण र भदौमा उत्खनन र सङ्कलनको कार्य रोकिन गएकोले निवेदकले उक्त मिति २०७१ श्रावण र भाद्र महिनाको जम्मा दिन ४९ मा कर सङ्कलन गर्न नपाएको कुरामा विवाद नदेखिने।

निवेदकले २०७१।४।२० मा नै कर छुट पाउँ भनी दिएको निवेदनउपर जिल्ला विकास समितिले निर्णय नगरी लामो समय राखी मिति २०७२।३।२८ मा मात्र रकममा छुट दिन नमिल्ने भनी निर्णय गर्नुलाई न्यायोचित मान्न मिल्ने देखिँदैन । निवेदकको निवेदनउपर तत्काल निर्णय गरी कर छुट पाउने वा नपाउने सम्बन्धमा निर्णय गरी उपचार दिनुपर्ने कर्तव्य जिल्ला विकास समितिको हुन्छ । जिल्ला विकास समितिले आफ्नो कर्तव्य पूरा गर्न नसकी लामो समयसम्म निवेदनउपर कुनै कारबाही नै नगरी पछि मात्र कारबाही गरी रकम छुट दिन नमिल्ने भन्न मिल्ने नदेखिने।

निवेदक र विपक्षी जिल्ला विकास समितिले कर सङ्कलन गर्ने प्रयोजनको लागि ठेक्का कबुलियत गरेको देखिन्छ । उक्त ठेक्का कबुलियत स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम भए गरेको देखिन्छ । सरकारी निकाय र व्यक्ति विशेषबिच कर सङ्कलन गर्ने विषयमा कबुलियत भएको विषय व्यक्ति व्यक्तिबिच भएको कुनै सेवा वा वस्तु लिनु दिनु गरी गरेको करार नभई कानूनले निर्दिष्ट गरेको परिधिभित्र रही कर सङ्कलन गर्ने विषयवस्तु भएकोले यस्तो विषयलाई करारीय दायित्वअन्तर्गत मात्र हेर्नुपर्छ भनी भन्न मिल्ने देखिँदैन। कानूनद्वारा निर्दिष्ट दर रेटमा कर सङ्कलन गर्ने कार्य करारको विषयवस्तुभित्र मात्र पर्छ भनी भन्न मिल्ने देखिँदैन । कर सङ्कलन गर्ने, कर उठाउने, कर घटाउने, बढाउने विषयवस्तु स्वेच्छिक नभई कानूनले तोकेको विषय भएको हुँदा कानूनले तोकेभन्दा बढी कर उठाउन नपाउने संवैधानिक व्यवस्था हुँदा करार भएको अवधिमा कर उठाउन नपाउने गरी नेपाल सरकारबाट भएको निर्णयबमोजिम कर सङ्कलन गर्न नपाएको अवधिको दामासाहीले हुने कर फिर्ता गर्नु न्यायोचित देखिन आउने।

अर्कोतर्फ मिति २०७१ श्रावण र भाद्र महिनाको ४९ दिनको कर सङ्कलन गरेको भनी जिल्ला विकास समितिले प्रमाण दिन सकेको देखिँदैन। निवेदकले उक्त महिनाको कर सङ्कलन गर्न नपाएको देखिँदादेखिँदै सो अवधिको कर दामासाहीले मिनाहा गर्नुपर्नेमा सो मिन्हा गर्ने काम नगरेको कार्यलाई कानूनसम्मत मान्न नमिल्ने।

तसर्थ, माथि विवेचित आधार र प्रमाणहरूबाट निवेदकबाट पूरै वर्षका लागि लिइएको रकममध्ये नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचनाद्वारा निषेधित गरिएको असार, श्रावण र भाद्र महिनाको निवेदकले माग गरेको रकम फिर्ता नदिने गरी जिल्ला विकास समिति,

काभ्रेपलाञ्चोकबाट मिति २०७२।३।२८ गते भएको निर्णय कानूनसम्मत नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने र सङ्कलन गर्न नपाएको उल्लिखित ४९ दिनको रकम दामासाहीले निवेदकलाई फिर्ता दिनु, दिलाउनु भनी विपक्षी स्थानीय विकास मन्त्रालय र जिल्ला विकास समिति काभ्रेपलाञ्चोकको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।२० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पौष ९ गते रोज २ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६७-WO-००२०, उत्प्रेषण / परमादेश, ओमविक्रम शाहसमेत वि. मालपोत कार्यालय, काठमाडौं डिल्लीबजार*

रिट निवेदक ओमविक्रम शाहसमेत वादी र विपक्षीमध्येकी अन्जना शाहका पिता शान्तविक्रम शाहसमेत बिच गोश्वारा अबन्डा घरजग्गा बन्डा गरिपाउँ भन्ने मुद्दा चली काठमाडौं जिल्ला अदालतबाट मिति २०५६।१०।१९ मा फैसला हुँदा वादी दाबी नपुग्ने ठहर भई फैसला भएकोमा सो फैसलाउपर निज वादी ओमविक्रम शाहले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत पाटनले पनि काठमाडौं जिल्ला अदालतको सोही फैसलालाई मनासिब ठहऱ्याई मिति २०५७।१०।२५ मा फैसला भएकोमा पुनरावेदन अदालत पाटनबाट भएको उक्त फैसलाउपर चित्त नबुझी यिनै रिट निवेदक ओमविक्रम शाहले यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन दिई सो निवेदनमा निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भएकोमा यस अदालतबाट मिति २०६४।०६।१४ फैसला हुँदा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला नै सदर भई अन्तिम भई सो फैसला ने.का.प.२०६४, अङ्क ८, नि.नं.७८७३ मा समेत प्रकाशित भएको देखिने।

मालपोत कार्यालयको निर्णयलाई पुनरावेदन अदालत पाटनले मिति २०५६।०५।०४ मा सदर गरेपछि विपक्षी जग्गाधनीहरू शान्तविक्रम शाह, जुना शाह र भवानी शाहले सो मालपोत कार्यालयबाट भएको निर्णय कार्यान्वयनका लागि सो कार्यालयमा निवेदन दिएकोमा निजहरूको निवेदन मागअनुसार मिति २०५६।०८।२३ मा कि.नं. ७८, ७९, ८०, ८१, ८३ १७६ को पूरै जग्गा र कि.नं.६९ को क्षे.फ. ०-१०-०-२ मध्ये ०-१-०-०, कि.नं. १७७ को क्षे.फ.०-२-२-२ मध्ये क्षे.फ. ०-२-०-३, कि.नं.२५९ क्षे.फ. ०-७-२-१ मध्ये ०-२-१-०, कि.नं. ९० क्षे.फ. १-०-२-१ मध्ये ०-३-०-३ र कि.नं. १६९ क्षे.फ. ०-१-३-१ मध्ये ०-१-०-० हाल कि.नं. १७५ को क्षे.फ. ०-३-३-३ को जग्गा शान्तविक्रम शाहसमेतको नाममा हालसाबिक गरी स्रेस्ता अध्यावधिक गरिदिने गरी मालपोत कार्यालय डिल्लीबजार काठमाडौंबाट निर्णय कार्यान्वयनसमेत भइसकेको देखिन्छ। यसरी अदालतको अन्तिम फैसलाबमोजिम कार्यान्वयन भइसकेको निर्णय बदर हुनसक्ने अवस्था देखिन नआउने।

सर्वोच्च अदालतबाट मिति २०६४।०६।१४ मा पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी फैसला भएको विषयलाई यी निवेदकले साबिक कि.नं. ९० बाट कित्ताकाट हुँदै आएको ५९२ को जग्गाको सम्बन्धमा मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०६७।०१।३० मा निवेदक ओमविक्रम शाहसमेतको नाममा दर्ता हुने भनी गरेको निर्णय आफैँले संशोधन गरी मिति २०६७।०२।१४ मा निर्णय कार्यान्वयन नगर्ने र कामकाज गर्ने ना.सु.देवनारायण मल्लिकलाई सचेत गराउने भनी गरेको निर्णयलाई अन्यथा गरेको र सुनुवाइको मौका प्रदान नगरी निर्णय गरेको भनी भन्न मिल्ने देखिन नआउने।

मालपोत कार्यालय काठमाडौंले मिति २०५४।११।२५ मा गरेको निर्णयउपर यिनै रिट निवेदकले गोश्वारा अबन्डा घरजग्गा बन्डा गरिपाउँ र साबिकअनुसार हाल नापीको जग्गाधनी प्रमाणपुर्जा पाउँ भन्ने मुद्दाहरू यस अदालतमा दायर गरेकोमा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंबाट उक्त मितिमा भएको निर्णयलाई नै यस अदालतबाट सदर भइरहेको देखिन आयो। सोही जग्गाको विषयमा तहतह अदालतबाट फैसला भई अन्तिम भएको विषयलाई यस अदालतको असाधारण क्षेत्राधिकार ग्रहण गरी आउन मिल्ने देखिँदैन। रिट क्षेत्राधिकारअन्तर्गत प्रवेश गरेको विषयमा यसको यो यति हक हिस्सा जग्गा पर्छ भनी प्रमाण बुझी पुनरावेदन सुनेजस्तो गरी हेर्न मिल्ने पनि नहुने।

अतः उल्लिखित आधार, कारण एवम् प्रतिपादित सिद्धान्तसमेतका आधारमा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल कात्तिक १९ गते रोज २ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-०१६३, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. दिपेन्द्र साहसमेत*

प्रतिवादीमध्येका दिपेन्द्र साह बरामद भएको लागु औषध आफूले बोकी ल्याएमा अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दा साबित रहेका छन्। बरामद भएको पदार्थ लागु औषध हिरोइन नै भएको कुरा परीक्षण प्रतिवेदनबाट स्थापित भएको देखिन्छ। अभियोग दाबी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(छ)(२) अनुसार निजहरूसँग २५ ग्रामभन्दा बढी लागु औषध बरामद भएको कुरामा प्रतिवादी दुवै ठाउँमा साबित छन्। प्रतिवादी दिपेन्द्र साहले निजले आफूबाट दुवै पोका लागु औषध बरामद भएको हो भनी बयान गरे तापनि अभियोजन पक्षले निजको साथबाट १०० ग्रामभन्दा कम नै बरामद भएको हो भनी अभियोग लगाएबाट दुवै पोका दिपेन्द्र साहबाट बरामद भएको हो भन्ने कथन सर्वथा झुट्टा रहेको देखिने।

बरामदी मुचुल्कामा प्रतिवादी लालबाबु साहको पाइन्टको दाहिने खल्तीबाट लागु औषध बरामद भएको भन्ने बरामदी मुचुल्का देखिन्छ। अनुसन्धानमा बुझिएका संजयकुमार यादव, सुवोध मण्डल, किसन यादव, दुजवा यादव र जानकी राउत सबै व्यक्तिहरूले प्रतिवादी लालबाबु साहसमेतबाट लागु औषध हिरोइन बरामद भएको हो भनी किटानी रूपमा लेखाई दिएका छन्। अदालतमा उपस्थित भई बकपत्र गर्ने प्रतिवेदक प्र. ना. नि. नरेन्द्रकुमार मोरवेता तथा बरामदी मुचुल्कामा बसी काम तामेल गर्ने प्र.स.नि. सृजन खतिवडा तथा प्र. ह. तेजीलाल साहलेसमेत लागु औषध प्रतिवादी लालबाबु साहसमेतबाट बरामद भएको हो भनी किटानी बकपत्र गरिदिएको देखिन्छ। प्रहरी प्रतिवेदन तथा बरामदी मुचुल्का निजहरूको अदालतमा भएको बकपत्रसमेतको आधारबाट दुवै प्रतिवादीहरूको साथसमेतबाट मौकामा ९५/९५ ग्रामको १/१ पोका हेरोइन बरामद भएको पुष्टि भइरहेको देखिने।

प्रतिवादी लालबाबु साह तेलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) (च) को कसुरमा सोही ऐनको दफा १४(छ) (२) बमोजिम १० वर्ष कैद र ७५,०००- (पचहत्तर हजार रूपैयाँ) जरिवाना गरेको देखियो। लागु औषध हिरोइन दुवै प्रतिवादीबाट एक एक पोका बरामद भएकोमा सो साँचो कुरा व्यक्त नगरी प्रतिवादी दिपेन्द्र साहले दुवै पोका लागु औषध हिरोइन आफैँबाट बरामद भएको भनी लालबाबु साहलाई सफाइ दिलाउने दुराशय राखेको देखिएकोले निज दिपेन्द्र साहलाई लालबाबु साहलाई भन्दा २ वर्ष बढी कैद र २५ हजार रूपैयाँ बढी जरिवाना गर्ने

गरी पुनरावेदन अदालत, जनकपुरबाट सोही ऐनको उल्लिखित दफाबमोजिम १२ वर्ष कैद तथा रू. १,००,०००।– (एक लाख रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याई फैसला भएको देखिँदा सो पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः पुनरावेदन अदालत जनकपुरको मिति २०६८।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज १४ गते रोज १ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-१६००, ०७४-CR-००९२, अपहरण तथा शरीर बन्धक, जगत गुप्ता भुजुवा वि. नेपाल सरकार, रामवरण गुप्ता भुजुवा वि. नेपाल सरकार*

पीडित बालकले अनुसन्धानका क्रममा गरेको कागजमा लाला अंकल, जगत अंकलसमेत भई माछा पोखरीमा लगेको, अलि अगाडि जाउँ भनी लगेपछि जगत अंकल मोटरसाइकलबाट उत्रिए र लाला अंकल र अर्को एकजनाले घुम्न जाउँ भनी मलाई लगेका हुन् भनी घटनालाई जीवन्त, किसिमले वर्णन गरी पुनरावेदकहरूलाई पोल गरी कागज गरेका छन् भने सोहीबमोजिम बकपत्रसमेत गरेको अवस्था छ। घटना विवरण कागज गर्ने व्यक्तिहरूले किटानीसाथ पुनरावेदकहरूउपर पोल गरी कागज गरेको र अदालतसमक्ष बकपत्र गरेको देखिन्छ। पुनरावेदकहरूले अनुसन्धानका क्रममा बयान गर्दा अभियोग दाबीलाई पूर्णरूपमा स्वीकार गरी घटना क्रमलाई विस्तृत रूपमा लेखाएको र सो बेहोरा अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भइरहेको देखिने।

निशा भन्ने पुनम सुनारले अदालतमा गरेको बयानमा म उल्लिखित सम्पूर्ण प्रतिवादीहरूलाई चिन्दछु। उक्त मिति २०६८।०१।०७ मा मेरो निजहरू चारै जनासँग भेटघाट भएको हो। उक्त मिति मिति २०६८।०१।०७ मा म नेपालगन्ज नास्ता खाइरहेको अवस्थामा लाला भन्नेले मलाई फोन गरी तपाइँ रूपैडिहा आई दिनुपऱ्यो भनी भन्दा केही काम होला भनी म रूपैडियातर्फ जाँदा निज मलाई लिन चौलिकासम्म आएका थिए। त्यहाँ भेट भएपछि म निजसँग रूपेडिहा जाँदा निजले मलाई सोझै रेल स्टेसनमा पुऱ्याएर एउटा बच्चा जिम्मा लगाए। मैले को बच्चा हो भन्दा मेरो छोरा हो हृदय रोगको बिरामी छ। यसलाई औषधी गर्न लैजानुपर्ने हो भन्दा मैले यो बच्चा त पहाडीको जस्तो छ भन्दा मेरै बच्चा हो भने मैले यसको आमा खोई त भन्दा आमासँग झगडा परेको छ भनी बच्चा मलाई जिम्मा दिए म र जगत गुप्ता भई बहराइचमा लग्यौं र मज्जितमा राख्यौं। लाला भन्ने रामवरण गुप्ता रूपैडिहाबाट पैसा खोज्न जान्छु भोली आउँछु भनी फर्की नेपालगञ्ज आएका हुन्। बहराइचमा बच्चा लगेपछि जगत भुजवाले यो बच्चा हामीले अपहरण गरी ल्याएको बच्चा हो। फिरौती माग भनेर मलाई फोन दिँदै मैले म त्यस्तो काम गर्दैन भन्दा मेरो कपडासमेत च्याति दिएँ तँलाइसमेत मारी दिन्छौँ भन्यो। बच्चाको बाबुलाई फोन लगायौं। मैले निज बच्चाको बुबालाई १० लाख रूपैयाँ फिरौती दिनुपऱ्यो भनी फोन गरेकी हुँ भनी निशा भन्ने पुनम सुनारले अदालतमा गरेको बयानसमेतबाट प्रतिवादीहरूले कसुर गरेको प्रमाणित भएको देखिन्छ। पुनरावेदकहरूले अदालतसमक्ष इन्कारी बयान गरे पनि मिसिल संलग्न अन्य प्रमाण कागजहरूबाट निजहरूउपरको अभियोग पुष्टि भएको देखिने।

तसर्थ, प्रतिवादीहरू लाला भन्ने रामवरण गुप्ता (भुजुवा), जगत गुप्ता (भुजुवा), चाँद भन्ने मोहम्मद हुसेन शेष, भगवानदिन वर्मा र निशा भन्ने पुनम सुनारलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. बमोजिमको कसुरमा जनही १५ वर्ष कैद सजाय भई ऐजन महलको ७ र ९ नं.

बमोजिम जनही २।२ वर्ष थप कैद भई १९ वर्ष कैद र रू.५,०००।- पीडितलाई क्षतिपूर्ति दिनुपर्ने साथै ऐनको ३ नं. बमोजिम रू.५०,०००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला अन्यथा नदेखिने।

अतः पुनरावेदन अदालत नेपालगन्जबाट भएको मिति२०७१।८।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज १४ गते रोज शुभम्।

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-१०२१, कर्तव्य ज्यान, नरबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गर्दासमेत कसुरमा साबिती भई आफूलाई मृतक लिलानाथ गौतमले मादक पदार्थ सेवन गरी गाली गलौज गरी झगडा गरेकोले आफूले टेकेको लौरोले २ पटक प्रहार गरेको हो। मैले ज्यान मार्ने नै उद्देश्यले मृतकलाई प्रहार गरेको होइन। निजले गाली गलौज गरी मेरो गालामा ३ झापट हिर्काएकोले मृतकलाई लौरोले कुटपिट गरेको कुरामा साबित रही बयान गरेको देखिन्छ। मृतकको मृत्युको कारणमा Blunt force injury to the head भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ। प्रतिवादीले प्रहार गरेको लाठीसमेत बरामद भएको देखिँदा निज प्रतिवादीले मृतकलाई प्रहार गरेको लट्ठीको चोटका कारण मृत्यु भएको तथ्य स्थापित भएको देखिने।

आफ्नो मौकाको किटानी जाहेरीलाई समर्थन र पुष्टि गर्दै जाहेरवालाले अदालतमा बकपत्रसमेत गरेको र मौकामा कागज गर्ने पृथ्वी विलास गौतमले पनि यिनै प्रतिवादीको कुटपिटबाट मृतकको मृत्यु भएको भनी लेखाई दिएको तथ्यगत आधार प्रमाणबाट मृतकको मृत्यु प्रतिवादी नरबहादुर कार्कीको कर्तव्यबाट नै भएको तथ्यमा विवाद नरहने।

मृतक र प्रतिवादीको चिनजानसमेत नभएको, कुनै रिसइवी भई मार्नुपर्ने कारणसमेत नभएको जोखिमी हतियारसमेत प्रयोग नभएको तत्काल उठेको रिसले प्रतिवादीले आफूले बोकी रहेको लौरोले मृतकलाई हानेको अवस्थाको विद्यमानता र घटना घटेको देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्था हेर्दा **ज्यान मार्नाका मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यानमरेमा दस वर्ष कैद गर्नुपर्छ** भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। घटना मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कानूनी व्यवस्थाअनुरूप रहे भएको देखिँदा प्रतिवादी नरबहादुर कार्कीलाई कैद वर्ष १० (दस) हुने ठहराई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।३।३२ मा भएको फैसला सदर गर्ने गरी भएको मिति २०७१।१२।२४ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। आवेश प्रेरित हत्याका कसुरमा सजाय गर्ने गरी भएको फैसला सो हदसम्म बदर गरिपाउँ भन्ने प्रतिवादी नरबहादुर कार्कीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज १४ गते रोज शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-CR-०८७८, लागु औषध (चरेश), नेपाल सरकार वि. ललितकुमार अग्रवालसमेत*

लागु औषध बरामद हुँदाका अवस्थामा सो ट्रकमा यी प्रतिवादी हर्षबहादुर गोपाली पनि थिए भनी कुनै प्रतिवादीले भन्न लेखाउन सकेको देखिँदैन । बरामदी मुचुल्कामा समेत निज प्रतिवादीको नाम उल्लेख छैन । प्रतिवेदक प्र.स.नि.मेघराज घिमिरेले अदालतमा बकपत्र गर्दा हर्षबहादुर गोपाली भन्ने मैले चिन्दिन, सो बखत पक्राउ परेका प्रतिवादीहरूले सामान मेरै हो भनी भनेका थिए भनी बकपत्र गरिदिएको देखिने ।

ट्रकका चालक तथा सहचालकले उक्त लागु औषध गाडीमा लोड गर्ने क्रममा र सोको भाडाबापतको रकमका बारेमा यी प्रतिवादीसँग कुराकानी भएको थियो भनी भन्न लेखाउन सकेको देखिँदैन । "सहअभियुक्तको पोल मालाकार रूपमा प्रमाणित भई स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा त्यसलाई प्रमाणमा लिन नमिल्ने" भनी ने.का.प.२०६३ अङ्क ६, पृष्ठ ७५२ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निज प्रतिवादी हर्षबहादुर गोपालीले सोमबहादुर बलले लागु औषध चरेश ल्याएको र नपुग रू. २०,०००।- प्रतिवादी माइला बललाई लागु औषध कारोबार गर्न दिएको तथ्यमा साबिती भएको देखिन्छ । उक्त साबिती बयानलाई सहप्रतिवादी विरबहादुर बलको अनुसन्धान अधिकारीसमक्षको र अदालतमा भएको बयानसमेतबाट पुष्टि भएको देखिन्छ । यसबाट निज प्रतिवादीले नपुग रकम दिई उक्त आपराधिक कार्य गर्न दुरूत्साहन दिएको पाइने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा **अपराध गर्न षड्यन्त्र गर्ने, उद्योग गर्ने, दुरूत्साहन गर्ने र मतियार हुनेलाई सजाय**अन्तर्गत "***यस ऐनअन्तर्गत सजाय हुने, अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुने छ***" भन्ने उल्लेख गरेको पाइन्छ । उल्लिखित कानूनी आधार, प्रमाणहरू तथा प्रतिपादित नजिरसमेतबाट निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा उल्लिखित कसुर गरेको हुँदा यी प्रतिवादी हर्षबहादुर गोपालीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम १ वर्ष ६ महिना कैद र रू. २५०००।- जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।५।३ को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः निज प्रतिवादी हर्षबहादुर गोपालीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) को कसुर अपराधमा सोही ऐनको दफा १४ (१) (घ) (५) अनुसार सजाय गर्ने गरी भएको फैसला मिलेको नदेखिँदा सो हदसम्मको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७०।२।२८ को फैसला केही उल्टी भई प्रतिवादी हर्षबहादुर गोपालीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम १ वर्ष ६ महिना कैद र रू. २५,०००।- जरिवाना हुने तथा प्रतिवादी ललितकुमार अग्रवालको ट्रक जफत गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी भई सो ट्रक जफत नहुने तथा प्रतिवादी ललितकुमार अग्रवाललाई अभियोग दाबीबाट सफाइ दिने सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।५।३ को फैसला मिलेकै

देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-CI-०३१७, उत्प्रेषण / परमादेश, गभर्नर डा. युवराज खतिवडासमेत वि. लक्ष्मणकुमार यादवसमेत*

पुनरावेदक राजस्व अनुसन्धान विभागलाई राजस्व चुहावटसम्बन्धीका मुद्दामा अनुसन्धान गर्न पाउने अधिकार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले प्रदान गरेको कुरामा दुईमत छैन। उक्त ऐनको दफा ९ को व्यवस्था हेर्दा अनुसन्धान तथा तहकिकातसम्बन्धी विभागको अधिकार प्रयोग गरी राजस्व अनुसन्धान विभागलाई अनुसन्धानको दायरामा परेका व्यक्तिलाई अनुसन्धानको सिलसिलामा थुनामा राख्न सक्ने, धरौटी माग्न सक्ने, कागजपत्र पेस गर्न लगाउन सक्ने बयान लिन सक्नेलगायतको अनुसन्धानको क्रममा आवश्यक पर्ने सम्पूर्ण अधिकार प्रदान गरेको देखिन्छ। प्रत्यर्थी कम्पनीका तर्फबाट अनुसन्धानका लागि तोकिएको समय र स्थानमा उपस्थित भई माग भएका आवश्यक कागजात तथा विवरणहरू समयमै उपलब्ध गराइएको देखिँदा प्रस्तुत मुद्दामा अनुसन्धान गर्नमा प्रत्यर्थीबाट कहीँकतै बाधा व्यवधान भए गरेको अवस्थासमेत मिसिल कागजातहरूबाट नदेखिने।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ बमोजिमको म्यादभित्र अनुसन्धान सम्पन्न गर्न नसकेको भए तापनि राजस्व अनुसन्धान विभागलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ भन्सार ऐन, २०६४ तथा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ ले समेत अनुसन्धानको क्रममा कसैको बैंक खाता सम्पत्ति रोक्का राख्न पाउने अधिकार रहने भएको हुनाले राजस्व चुहावट ऐन, २०५२ लाई दृष्टिगत गरी गरेको निर्णय नमिलेको भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा पुनरावेदक राजस्व अनुसन्धान विभागले प्रत्यर्थी वर्ल्डलिङ्क कम्युनिकेसन्स प्रा.लि. र सोका सेयरवाला सञ्चालकहरूको खाता रोक्का गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई मिति २०६९।११।२१ मा लेखेको पत्रमा अन्य कुनै ऐनले दिएको अधिकारको उल्लेख नगरी राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को दफा ११ को खण्ड १ (छ) को मात्र उल्लेख गरिएको हुनाले खाता रोक्का गर्दा आधार लिइएको ऐनभन्दा पृथक अन्य ऐनको अधिकारसमेत प्रयोग गरी खाता रोक्काको कारबाही गरेको भन्ने कुरा न्यायोचित देखिएन। अनुसन्धानको सिलसिलामा खाता रोक्का राख्दा आधार लिइएको ऐनको आधारमा नै प्रत्यर्थी कम्पनी र सोका सञ्चालकहरूको खाता रोक्का गरिएको अवस्थामा पछि आएर अन्य ऐनको समेत आधारमा खाता रोक्का गर्न सकिने भन्ने जिकिर न्यायोचित नदेखिने।

यसरी कानूनद्वारा प्रदत्त अधिकारभित्र रही अनुसन्धान गरी ऐनले तोकेको म्यादभित्रै अनुसन्धान तहकिकात पूरा गरी कारबाही गरी सक्नुपर्नेमा पुनरावेदक राजस्व अनुसन्धान विभागबाट मिति २०६९।९।४ मा प्रत्यर्थी कम्पनीउपर राजस्व चुहावट सम्बन्धमा अनुसन्धान सुरू गरी निवेदन दायर हुँदासम्म पनि अनुसन्धान समाप्त गरेको भन्ने कुरा मिसिल प्रमाणबाट देखिन नआउने।

ऐनमा, अनुसन्धानसम्बन्धी समयावधि तोकिनुको केही विशेष प्रयोजन रहेको हुन्छ। राजस्व अनुसन्धान ऐनमा राजस्वको अनुसन्धान गर्ने निश्चित अवधि तोक्नुको पछाडि पनि व्यापारिक क्षेत्रको विवादको अनुसन्धान प्रक्रिया अनिश्चितकालसम्म जारी रहने नभई निश्चित समयावधिभित्र टुङ्गोमा पुऱ्याउनु पर्दछ भन्ने नै हो। व्यापारिक प्रयोजनका लागि खडा

भएको विपक्षी कम्पनीले व्याण्डवीथ विदेशी कम्पनीबाट खरिद गरी स्वदेशमा ल्याई बिक्री गर्ने प्रकृतिको व्यापार गर्ने गरेको देखिन्छ । उक्त कम्पनीले विदेशबाट व्याण्डवीथ खरिद गर्नका लागि समयसमयमा रकम भुक्तानी गर्नुपर्ने देखिन्छ । समयमै रकम भुक्तानी गर्न नसकेको अवस्थामा कम्पनीले प्रदान गर्ने सेवासमेत प्रभावित हुन जाने भन्ने कुरा Nepsin (AP) Pt. Ltd ले वर्ल्ड लिङ्क कम्युनिकेसन्स प्रा.लि. लाई समयमै रकम भुक्तानी नगरेको खण्डमा इन्टरनेट सेवा प्रभावित हुनसक्ने भन्ने बेहोरा उल्लेख गरी लेखेको मिसिल संलग्न पत्रबाट देखिन्छ । सर्वसाधारणलाई Internet सेवा प्रदान गर्ने कम्पनीको खाताबाट रकम झिक्न नमिल्ने गरी रोक्का राख्दा प्रत्यर्थी कम्पनीबाट सेवा लिइरहेका सर्वसाधारणलगायत Internet को सेवाबाट वञ्चित हुने अवस्थासमेत आउन सक्ने देखिन्छ । यस्तो संवेदनशील कार्य प्रकृति रहेको प्रत्यर्थी कम्पनीउपरको राजस्व चुहावटसम्बन्धी विवादको राजस्व चुहावट तथा नियन्त्रण ऐनले निर्धारण गरेको समयावधिभित्र अनुसन्धानको टुङ्गो लाग्नुपर्ने व्यवस्थाको पालन हुनुपर्ने ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ८ ले तोकेको अवधिभित्र अनुसन्धान गरी दफा २० को अवधिभित्र मुद्दा दायर गरी कारबाही चलाएको अवस्था विद्यमान नदेखिएको र अनुसन्धानको नाउँमा अनुसन्धानमा परेका व्यक्ति वा संस्थाको सम्पत्ति कारोबार नै बन्द हुने गरी अनिश्चित कालसम्म रोक्का राख्न कानूनसङ्गत नहुने हुँदा निवेदनमा उल्लिखित राजस्व अनुसन्धान विभागको च.नं. १९८५ मिति २०६९।११।२१ को पत्र र च.नं. १९८८ मिति २०६९।११।२१ को पत्र तथा च.नं. २००२ मिति २०६९।११।२२ को पत्र र नेपाल बैंकबाट जारी भएको मिति २०६९।११।२३ को प.सं. बै, वि.नि.वि आ.-प्र./ग. २२० को पत्र, मिति २०६९।११।२४ को प.सं. बै, वि.नि.वि. आ.प्र./ग./ २२१ पत्र, मिति २०६९।११।२३ को प.सं.वि.आ.प्र. १२/१७ को पत्र तथा राजस्व अनुसन्धान विभागले मिति २०६९।११।२२ च.नं. २००३ को नेपाल दूरसञ्चार प्राधिकरणलाई लेखेको पत्र र सोही पत्रको आधारमा नेपाल दूरसञ्चार प्राधिकरणले लेखेको मिति २०७०।२।१६ को च.नं. ४५५१ को पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदक कम्पनीको बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरूसमेत फुकुवा गरिदिनु भनी परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल मङ्सिर १० रोज २ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-०५२७, कर्तव्य ज्यान, रस्ताबहादुर राई वि. नेपाल सरकार*

मृतकका दाजु जीवन लिम्बूको जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादी र मृतकबिच वादविवाद भई प्रतिवादीले कुटपिट गरेको कारण निजकी श्रीमतीको मृत्यु भएको कुरा स्वीकार गरी निजले मौका तथा अदालतमा गरेको बयान बेहोरालाई भित्री अङ्गहरूमा लागेका चोटबाट रक्तस्राव भई मृत्यु भएको (Intraperitoneal hemorrhage due to blunt force injury of multiple visceral organs) भन्नेसमेत बेहोराको मृतक शान्ति राईको शव परीक्षण प्रतिवेदनबाट समर्थित भइरहेको देखिँदा मृतकको मृत्यु स्वाभाविक रूपमा नभई कर्तव्यबाट नै भएकोमा विवाद देखिएन । अब यी प्रतिवादीको उक्त घटना वारदातमा के कुन प्रकारको संलग्नता रहेको छ भन्ने सम्बन्धमा विचार गर्दा पुनरावेदक प्रतिवादी र मृतकबिच श्रीमान् श्रीमतीको नाता सम्बन्ध रहेको र निजहरूका बिच झगडा वादविवाद भएको र आफ्नो श्रीमती धमीनी

भएको र निजले आफूलाई कुटपिट गरेकोले रिस उठी आफूले पनि श्रीमतीलाई कुटपिट गरी मारेको कसुरमा प्रतिवादी मौका र अदालतमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादीकी छोरी रितु राईले गरेको घटना विवरण कागजमा आफ्नो बुबाले आमालाई कुटपिट गरी हिँडेको कुरा लेखाएको पाइन्छ भने जाहेरी, घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्का लेखाइदिने व्यक्तिहरूले प्रतिवादीका विरूद्ध स्पष्ट रूपमा किटानीका साथ घटनाबारे लेखाइदिएको देखिन्छ । मृतकको मृत्युको कारणमा कुटपिट भई शरीरका भित्री अङ्गहरूमा लागेको चोटबाट रक्तस्राव भई भएको भनी मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको बेहोरा प्रतिवादी स्वयंको बयानबाट पुष्टि भइरहेको अवस्थामा निजको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको देखिएको र उक्त कसुरको प्रकृति मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.मा उल्लिखित तरिकाअनुरूप नै भएको अवस्थामा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेकै देखिने ।

सुत्केरी भएको अवस्थामा सुत्केरीको स्याहार चाकर नपुगी सो अवस्थामा जथाभावी तवरले मृतक धेरै दिन काम्दा रक्तस्राव भई मृत्यु भएको हो वा मैले रिसको आवेग थाम्न नसकी सामान्य कुटपिट गर्दा नै निजको मृत्यु भएको हो सो स्पष्ट नभएकोले शंकाको सुविधा पाउनुपर्ने तथा नचिताएको घटना घटेको कारण १८८ नं. प्रयोग गरी कम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर रहेतर्फ हेर्दा मिति २०७२/०५/३१ गते बेलुकाको खाना खाएपछि तीनजना छोरीहरू भित्र सुतिरहेका थिए । म र मेरो श्रीमती शान्ती राई बाहिर सिकुवामा बसिरहेको अवस्थामा श्रीमती शान्ति राई काम्दै मलाई कुटपिट गर्न थालिन्, मैले पनि निजलाई कुट्दै थिएँ । एकै चोटी मलाई के सुर चढी निजलाई निर्घात कुटपिट गर्न थालेँ। मैले निजको घाँटी थिच्नुका साथै औंलाले निजको आँखा घोची योनिमा नारीसम्म हात छिराउँदा योनिबाट रगतको भल बगेको थियो भनी प्रतिवादी रस्ताबहादुर राईले गरेको बयान बेहोरा समर्थित हुने गरी घटनाकी प्रत्यक्षदर्शी मृतक र प्रतिवादीकी छोरी रितु राईले गरी दिएको घटना विवरण कागजसमेतबाट मृतकको मृत्यु सुत्केरी अवस्थामा धेरै कामेर भएको रक्तस्रावका कारण भएको नभई प्रतिवादीको कुटपिट तथा निजले मृतकको योनिमा नारीसम्म हात घुसाई रगतको भल बगेको कारण भएको तथ्य निर्विवाद पुष्टि भइरहेको अवस्थामा निजले गरेको कसुरको प्रकृति क्रूरतापूर्ण देखिँदा अ.बं. १८८ नं. प्रयोग गरी सजाय घटाई पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित तथ्य, आधार र कारणहरूसमेतबाट प्रतिवादी रस्ताबहादुर राईलाई ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. को कसुरमा ऐजनको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू धनकुटा जिल्ला अदालतको मिति २०७२।९।५ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत धनकुटाको मिति २०७३।३।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल श्रावण २७ गते रोज १ शुभम् ।

इजलास नं.६

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CR-०२७१, जालसाजी, कालध्वज लिम्बूसमेत वि. यामबहादुर राईसमेत*

प्रतिवादी शकुन्तला लिम्बूले आफ्नो नाममा दर्ता रहेका कि.नं.२४११, २४१३ र २४१५ का जग्गाहरू नयनमायासँगको अंश मुद्दाको रोहमा रोक्का

रहेकोमा नयनमायाको ९ भागको १ भाग अंशहक हुने हिस्सा रोक्का राखी बाँकी जग्गा घर व्यवहार चलाउन कठिनाइ उत्पन्न भएको कारण देखाई फुकुवाको लागि झापा जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशबमोजिम फुकुवा गराएको देखिन आएको छ । यसरी आफ्नोसमेत अंश हक भएको र आफ्नै नाममा दर्ता रहेको उक्त जग्गा प्रतिवादी शकुन्तला लिम्बूले प्रतिवादी गणेशकुमार श्रेष्ठलाई मिति २०६४।३।२६ को र.नं.३९७१(ख) बाट राजीनामा पास गरी हक हस्तान्तरण गरेको देखिन्छ । उक्त कार्य गर्ने सिलसिलामा प्रतिवादीहरूले कुनै नगरे नभएको झुट्टा कुरा भएको भनी वा कुनै मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाएकोले यो यसरी जालसाजीपूर्ण कार्य भएको छ भनी यी पुनरावेदकले प्रमाणबाट पुष्टि गर्न सकेको पाइएन । अदालतबाट नयनमायाको अंश हक ठहरे जति जग्गा अलग गरी रोक्का नै छाडिएको तथा बाँकी जग्गा घर व्यवहार गर्न कठिनाइ परेको आधार र कारण देखाई झापा जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशबाट फुकुवा गराई जग्गा रजिस्ट्रेसन पारित गर्ने साधिकार निकायमा गई हक हस्तान्तरण गरेको कार्य सम्पूर्ण रूपमा पारदर्शी र कानूनबमोजिमको प्रक्रिया पूरा गरी सम्पन्न भएको देखिने ।

विवादित सम्पत्तिहरू प्रत्यर्थी प्रतिवादी शकुन्तला लिम्बूका नाममा खरिद गरी निजका नाममा दर्ता कायम भएबाट निजको आफ्नो पालाको आर्जन देखिएको र निज घरको मूलीकै हैसियतले व्यवहार चलाई आएकोसमेत अवस्थामा अंशबन्डाको १९(१) नं. बमोजिम अरू अंशियारहरूको मन्जुरी नभए पनि निजले गरेको व्यवहार सदर कायम रहने हुँदा वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने गरी विस्तृत विवेचनासहित तत्कालीन पुनरावेदन अदालत इलामबाट भएको फैसला न्यायको रोहमा मनासिब नै देखिँदा प्रतिवादी शकुन्तला लिम्बूले आफ्नो हकै नपुग्ने सम्पत्ति बिक्री गरेको भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।४।७ मा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा उल्लेख गरेको बुँदासँग यस इजलास सहमत हुन नसकिने ।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।३।५ मा भएको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०६९।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CI-०३७६, लिखत दर्ता बदर दर्ता कायम चलन, कालध्वज लिम्बू वि. यामबहादुर राई भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CR-०२७२, जालसाजी, कालध्वज लिम्बूसमेत वि. वीरेन्द्रप्रसाद रिजालसमेत*

प्रतिवादी शकुन्तला लिम्बूले आफ्नो नाममा दर्ता रहेका कि.नं.१८५१ मा रहेको घर २०६० सालको दे.दा.नं. ७४४ को अंश मुद्दामा सुनसरी जिल्ला अदालतको २०६१।८।७ को फैसलाबमोजिम यी पुनरावेदकहरूसमेतको अंश भाग लाग्ने भन्ने देखिए पनि उक्त कि.नं.१८५१ को जग्गा भने प्रतिवादी शकुन्तला लिम्बूको निजी आर्जनको ठहर भएको अवस्था छ । प्रतिवादी शकुन्तला लिम्बूले घर व्यवहार चलाउन कठिनाइ उत्पन्न भएको कारण देखाई घर जग्गा फुकुवाका लागि झापा जिल्ला अदालतमा निवेदन दिई वादी नयनमायाका अंश भागमा परेको घरको हिस्साबापतमा हुन आउने रकम झापा जिल्ला

अदालतको २०६३।४।२१ को आदेशबमोजिम धरौटी राखी घर फुकुवा गराएको देखिन्छ । यसरी प्रतिवादी शकुन्तला लिम्बूले अदालतको फैसलाअनुसार आफ्नो निजी आर्जनको ठहर भएको कि.नं.१८५१ र सोमा बनेको घरसमेत प्रतिवादी मिनबहादुर के.सी. लाई र.नं. ४८२ बाट मिति २०६५।२।३० मा र प्रतिवादीहरूबिच मिति र.नं. ६२३०८ बाट २०६६।२।२८ मा र र.नं.१७३४(ख) बाट मिति २०६६।७।२६ मा गरी तहतह हक हस्तान्तरण गरी लिनु दिनु गरेको देखिन्छ । उक्त कार्य गर्ने सिलसिलामा प्रतिवादीहरूले कुनै नगरे नभएको झुठा कुरा भएको भनी वा कुनै मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाएकोले यो यसरी जालसाजीपूर्ण कार्य भएको छ भनी यी पुनरावेदकले प्रमाणबाट पुष्टि गर्न सकेको पाइएन । अदालतबाट नयनमायाको अंश हक ठहरे घरको हिस्साबापतको मूल्य रकम अदालतमा धरौटी राखी घर व्यवहार गर्न कठिनाइ परेको आधार र कारण देखाई झापा जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशबाट फुकुवा गराई जग्गा रजिस्ट्रेसन पारित गर्ने साधिकार निकायमा गई हक हस्तान्तरण गरेको कार्य सम्पूर्ण रूपमा पारदर्शी र कानूनबमोजिमको प्रक्रिया पूरा गरी सम्पन्न भएको देखिँदा यस्तो कार्यलाई प्रतिवादीहरूले अपराधिक मनसाय राखी जालसाजीपूर्वक गरेका रहेछन् भनी मान्न मिल्ने आधार पनि देखिँदैन । त्यसैले वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने गरी विस्तृत विवेचनासहित तत्कालीन पुनरावेदन अदालत इलामबाट भएको फैसला न्यायको रोहमा मनासिब नै देखिँदा पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट सुरू झापा जिल्ला अदालतबाट मिति २०६८।३।५ मा भएको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०६९।११।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CI-०३७७, लिखत दर्ता बदर दर्ता कायम चलन, कालध्वज लिम्बूसमेत वि. वीरेन्द्रप्रसाद रिजालसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-१८०६, कर्तव्य ज्यान, चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगर वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, जाहेरवालाले अदालतमा गरेको बकपत्र, प्रतिवादीले होलीको रङ लगाउने विषयमा झगडा भई मृतकलाई हात, मुक्का, लातले कुटपिट गरी गम्भिर घाइते बनाएको स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, मौकामा प्रहरीमा कागज गरी अदालतमा बकपत्र गर्ने साक्षीहरूको भनाइ, मृतकको टाउको तथा शरीरको विभिन्न भागमा निलडाम तथा घाउ चोट रहेको भन्ने लास जाँच मुचुल्का, धार नभएको वस्तुबाट टाउकोमा लागेको चोटको कारण मृतकको मृत्यु भएको हो भन्ने शव परीक्षण प्रतिवदेन र सोलाई समर्थन हुने गरी शव परीक्षण गर्ने चिकित्सकको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी र मृतकबिच होलीमा रङ हाल्ने विषयमा झगडा भई प्रतिवादी चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगरले मिति २०७३।११।२९ मा कुटपिट गरेकोले मृतक रूपबहादुर आले मगरको टाउकोमा गम्भीर चोट लाग्न गई सोही चोटको कारण निजको उपचारको क्रममा मिति २०७३।१२।०१ मा मृत्यु भएको पुष्टि हुने ।

विवेचित आधार प्रमाणहरूबाट होलीमा रङ लगाउने विषयमा झगडा भई प्रतिवादी चित्रबहादुर

भन्ने सन्दिप तुम्सिङ मगरले मृतक रूपबहादुर आले मगरलाई मिति २०७३।११।२९ मा कुटपिट गरेको र सोही चोट पिरको कारण ऐनको म्यादभित्र मिति २०७३।१२।०१ मा निजको मृत्यु भएको देखिएकोले प्रतिवादी चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगरलाई अभियोग मागदाबीबमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला कानूनसम्मत देखिँदा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अब प्रतिवादी चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगरलाई ठहर भएको जन्मकैदको सजाय चर्को पर्‍यो कि भनी विचार गर्दा, उच्च अदालत पाटनबाट समेत यी प्रतिवादीलाई जन्मकैदको सजाय ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्न राय व्यक्त गरेको पाइयो। सो सम्बन्धमा मुलुकी ऐन, अ.बं. १८८ नं. ले सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय ठहर भएको मुद्दामा भवितव्य हो कि भन्नेसम्मको शंकाले वा अपराध गर्दाको अवस्था विचार गर्दा कसुरदारलाई ठहरेबमोजिम सजाय गर्दा चर्को हुने भई घटी सजाय हुनुपर्ने भन्ने न्यायकर्ताको चित्तले देखेमा घटी सजाय गर्न सक्ने स्वविवेकीय अधिकार न्यायकर्तालाई दिएकै देखिने।

प्रतिवादीले अन्य फौजदारी मुद्दामा सजाय पाएकोसमेत नदेखिएको, प्रतिवादी र मृतकबिच पूर्वरिसइवी पनि नदेखिएको, मृतकलाई मार्नुपर्नेसम्मको कारण पनि नदेखिएको, प्रतिवादीको मृतकलाई मार्ने पूर्वयोजना तथा तयारीसमेत नदेखिएको, कुनै हतियारको प्रयोग भएकोसमेत नदेखिएको र होलीमा रङ हाल्ने विषयमा झगडा भई प्रतिवादीले मृतकलाई कुटपिट गर्दा मृतकको टाउकोमा समेत चोट लाग्न गई मृतकको मृत्यु भएकोसमेतका घटना हुँदाको अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिई निजलाई १० (दस) वर्ष कैद सजाय गर्दासमेत न्यायको मकसद पूरा हुने देखिँदा प्रतिवादी चित्रबहादुर भन्ने सन्दिप तुम्सिङ मगरलाई अभियोग मागदाबीबमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दस) वर्ष कैद सजाय गर्न राय व्यक्त गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७४।०४।२४ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल माघ ५ गते रोज १ शुभम्।

४

मा.न्या.श्री मीरा खडका, मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७५-CR-०५३९, खोटा चलन, नेपाल सरकार वि. माया तामाङ भन्ने देसीमाया तामाङ*

प्रतिवादी देसीमाया तामाङले कसुरमा पूर्णरूपले इन्कार रही अदालतमा बयान गरेको, सहप्रतिवादी श्रीकृष्ण श्रेष्ठले अदालतको बयानमा यी प्रतिवादीलाई आरोपित कसुर गरेकोमा पोल गर्न नसकेको अवस्था, यी प्रतिवादीबाट नक्कली नोटसहित कुनै दशी प्रमाण बरामद हुन नसकेको अवस्था तथा यी प्रतिवादी देसीमाया तामाङले बरामद भएको नक्कली नोट अर्का प्रतिवादी श्रीकृष्ण श्रेष्ठलाई दिएको प्रत्यक्ष देख्ने साक्षी (direct evidence) वादी नेपाल सरकार तर्फबाट पेस गर्न नसकेको अवस्था र प्रतिवादीका साक्षी सीता घलेले यी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई समर्थन हुने गरी गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट सहप्रतिवादी श्रीकृष्ण श्रेष्ठबाट बरामद भएको नक्कली नोट यी प्रतिवादी देसीमाया तामाङले बजारमा चलाउन निजलाई दिई आरोपित कसुर गरेकी हुन् भन्ने वादी दाबी पुष्टि हुन सकेको नदेखिँदा यी

प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी देसीमाया तामाङले आरोपित कसुर गरेका हुन् भनी वादी नेपाल सरकारको तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नेदेखिँदा बिना आधार प्रमाण यी प्रतिवादीलाई खोटा चलन जस्तो गम्भीर फौजदारी कसुरमा कसुरदार ठहर गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी देसीमाया तामाङलाई मुलुकी ऐन, खोटा चलनको महलको ४(१) नं. को कसुरमा सोही महलको ४(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०३।१३ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।०७।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला
कम्प्युटर: समी नेपाली
इति संवत् २०७६ साल माघ ५ गते रोज १ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-CR-२६२२, घुस / रिसवत लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. भुपेन्द्र कटुवाल*

प्रतिवादीले सेवाग्राहीसँग घुस / रिसवत माग गरेको भन्ने कुरा स्थापित हुन सकेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा, उजुरीकर्ताहरू दुवैजना सेवाग्राही भएको पाइएन । प्रतिवादीलाई घुस / रिसवतबापतको रकम दिएका भनिएका व्यक्ति ताराप्रसाद पोखरेल पनि सेवाग्राही नभएका र प्रतिवादीले गरिदिनुपर्ने कामसँग सरोकार र सम्बन्ध नभएका संदिग्ध व्यक्ति रहेको भन्ने कुरा पनि माथि नै विवेचना भइसकेको छ । प्रतिवादीको जिम्मेवारी लेखातर्फको मात्र भएको र सवारी चालक अनुमति पत्रको लागि आवेदन लिने र अनुमतिपत्र प्रदान गर्ने कार्य निज प्रतिवादीको नभएको भन्ने कुरा पनि माथि नै विवेचना भइसकेको छ। उजुरी निवेदकहरूको कामसँग कुनै सरोकार नभएका व्यक्तिले अरू कर्मचारीसँगको मिलेमतोबिना निजहरूसँग घुस / रिसवत माग गरे होलान् भन्ने कुरा विश्वासलायक देखिँदैन । प्रतिवादी भूपेन्द्र कटुवालले ताराप्रसाद पोखरेलसँग गरेको भनिएको वार्तालापको लिपिबद्ध गरिएको बेहोरामा पनि यो प्रयोजनको लागि यति रकम लिने दिने स्पष्ट बेहोरा उल्लेख भएको पाइएन। श्रव्यदृष्यको लिपिबद्ध बेहोरामा "मलाई ताराप्रसाद पोखरेलले जबरजस्ती पैसा गोजीमा हालिदिई फसाएको हो" भन्ने बेहोरा रहेको हुँदा प्रतिवादीले घुस / रिसवत माग गरेको र स्वेच्छाले रकम लिएको भन्ने कुरा स्थापित हुन सकेको पाइएन । पहिलेदेखि नै साथीको रूपमा व्यवहार गर्दै आएका ताराप्रसाद पोखरेलसँग कुनै काम विशेषबापत यति रकम लिने भन्ने नभई सामान्य रूपमा व्यक्त भएको विषयलाई लिएर प्रतिवादीको साथबाट बरामद भएको रकम घुस / रिसवत माग गरेको भन्ने अर्थ गर्न मिल्ने नदेखिने।

प्रतिवादीले आरोप दाबीबमोजिमको कसुर गरेको ठहर्छ वा ठहर्दैन भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादी आरोपित कसुरमा इन्कार रहेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट ल्याइएको रकम ताराप्रसाद पोखरेलले जबरजस्ती आफ्नो पकेटमा राखिदिएको भन्ने बेहोरा लेखाएको पाइन्छ । उजुरकर्ताहरू र ताराप्रसाद पोखरेल प्रतिवादीले गर्नुपर्ने कामसँग सरोकार भएका सेवाग्राही नभएका र निजहरूसँग प्रतिवादीले रकम माग गरेको भन्ने कुरा पनि स्थापित हुन नसकेको अवस्था र ताराप्रसाद पोखरेल र प्रतिवादीका बिचमा लामो समयदेखि साथीभाइको रूपमा सम्पर्क रहेको तथ्यलाई दृष्टिगत

गर्दा निज ताराप्रसाद पोखरेलले प्रतिवादीले भनेकै रोह रीतसँग निज प्रतिवादीको सहमतिबिना निजको पकेटमा रकम राखिदिन सक्ने वास्तविकतालाई नकार्न सकिने अवस्था छैन । निजहरू साथी साथी रहेका व्यक्तिहरूको बिचमा के विषयमा कुरा मिलेन भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट खुल्दैन तर पनि प्रतिवादीलाई फसाइदिने विचार ताराप्रसाद पोखरेलमा सोची बुझीकन उब्जिएको देखिन्छ । उजुरी निवेदनमा उल्लेख गरेजस्तो निज उजुरीकर्ताहरूसँग प्रतिवादीले घुस / रिसवत माग गरेर स्वेच्छाले लिएको भन्ने कुरा स्थापित हुन सकेको पाइएन । पीडितहरू आफैँ सेवाग्राही पनि नभएको र प्रतिवादीले गरे भनेको कार्य निजको आफ्नो फाँटभित्रको कार्य पनि नदेखिएको र शंकारहित तवरबाट ठोस तथ्ययुक्त आधारसहित प्रतिवादीले नै सो कसुर गरेको भन्ने कुरा विवादरहित तवरबाट प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि प्रमाणित हुन आएको नदेखिने ।

तसर्थ, विवेचना गरिएजस्तो प्रतिवादी भूपेन्द्र कटुवालले सेवाग्राहीसँग घुस / रिसवतबापतको रकम माग गरेको नदेखिएको, निज प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइएको, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, कोशी सुनसरीका सेवाग्राही हुँ भनेर दिपक थापा र भूपेन्द्र कटुवालले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा निवेदन दिएका तर प्रतिवादीलाई घुस / रिसवतबापतको रकम भनी ताराप्रसाद पोखरेलले दिएको देखिएको र निज ताराप्रसाद पोखरेल उजुरी निवेदकहरूको कामसँग सरोकार भएका व्यक्ति नदेखिएको, दुवैजना उजुरकर्ताहरूले यस अदालतसमक्ष बकपत्र गर्दा आफूहरूलाई ताराप्रसाद पोखरेलले उक्साएर उजुरी निवेदनमा सहीछाप गर्न लगाएका हुन् भनी आफ्नो उजुरी निवेदनमा उल्लेख भएको बेहोरालाई खण्डन गरेर बकपत्र गरेको अवस्थामा प्रतिवादीले आरोप दाबीबमोजिमको कसुर गरेको भन्ने कुरा स्थापित हुन नसकेको हुँदा आरोप दाबी पुग्न सक्तैन । प्रतिवादी भूपेन्द्र कटुवालले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी विशेष अदालतबाट मिति २०७५।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ ७ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७४-RB-०१३४, सुन चोरी पैठारी, *मनालाल वर्मा वि. नेपाल सरकार*

कानूनले दिएको अख्तियारी प्रत्यायोजित अधिकारबमोजिम भन्सार अधिकृत वा भन्सार जाँचपास अधिकारी वा राजस्व अनुसन्धान अधिकारीमध्ये कुनै एकले भन्सार चोरी पैठारीको कसुरलाई नियमन र कारबाही तथा आवश्यकताअनुसार सजायसमेत गर्न सक्ने नै देखियो । यस सन्दर्भमा प्रतिवादीको साथबाट अवैध सुन तथा सुनका गरगहना बरामद भएको, सो सुन र सुनका गरगहना आफ्नो भएको भनी प्रतिवादीले स्वीकार गरी बयान गरेको र बरामद मालवस्तुको कानूनबमोजिम लाग्ने भन्सार महसुल बुझाएको रसिद वा खरिद गरेको बिलबिजकसमेत पेस भएको देखिँदैन । यस्तो अवस्थामा **अवैध सामानहरू बरामद हुनु नै भन्सार चोरीमा कारबाहीको लागि पर्याप्त मानिन्छ । आफ्नो साथबाट बरामद भएका समानहरूको नियमानुसार भन्सार तिरेको बिलबिजक नभएपछि ती सामानहरू चोरी पैठारी गरी ल्याएको मान्नुपर्ने** भन्ने ने.का.प. २०६७, अङ्क १०, नि.नं. ८५१४ मा सिद्धान्तसमेत प्रतिपादित भएको देखिन्छ । यस्तो अवस्थामा भन्सार तिर्नुपर्ने भन्ने कुरा आफूलाई थाहा नभएको भन्ने जिकिर निजले सफाइ पाउने आधार बन्न सक्ने नदेखिने ।

अब पुनरावेदकले उठाएको स्वच्छ सुनुवाइको सिद्धान्त अवलम्बन नगरी कारबाही गरिएको भन्ने

जिकिरका सम्बन्धमा विचार गर्दा स्वच्छ सुनुवाइको आधारभूत मान्यता एवं फौजदारी मुद्दामा अवलम्बन गरिने कार्यविधिका चरणहरूमा केन्द्रित हुनुपर्ने हुन्छ । कुनै फौजदारी कसुरको आरोप लागेको व्यक्तिले आफूउपर लागेको आरोपको जानकारी, त्यसको उचित प्रतिरक्षा गर्ने अवसर, सक्षम अदालत वा न्यायिक निकायबाट सुनुवाइ र कारणसहितको निर्णयलाई स्वच्छ सुनुवाइको आधारभूत मान्यताको रूपमा लिइने ।

मूलतः राजस्व र भन्सारसम्बन्धी विषयका मुद्दामा कारबाही र किनारा गर्ने अख्तियारी अर्धन्यायिक प्रकृतिको क्षेत्राधिकार हो । यसमा आरोपीको सूचनाको हकको सम्मान, प्रतिवादीको उचित अवसर, आधार र कारणसहितको निर्णय भए नभएको विषय नै प्रमुख रूपमा हेर्नुपर्ने हुन्छ । अर्धन्यायिक निकायको निर्णयमा आधारभूत कार्यविधिको पालना र न्यायका आधारभूत मान्यतालाई अवलम्बन गरे नगरेको भन्ने विषय नै प्रमुख रूपमा हेर्नुपर्ने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा स्वच्छ सुनुवाइको मान्यतालाई आत्मसाथ गरे नगरेकोतर्फ विचार गर्दा पुनरावेदक प्रतिवादी काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गर्दा पक्राउ परेको, पक्राउपछि खानतलासी तथा बरामदसम्बन्धी कार्य गरेको, थुनुवा पुर्जी दिइएको, सवाल जवाफ गरी बयान लिइएको अवस्था देखिन्छ । बयान गराउँदा प्रतिवादीले दोभाषे सुविधाको माग गरेको नदेखिएको र भाषागत अनभिज्ञता प्रकट नगरेको अवस्थामा पुनरावेदनको रोहमा दोभाषेको नियुक्ति नगरी सुनुवाइ गरेको भन्ने जिकिर लिँदैमा स्वच्छ सुनवाइको मान्यताको विपरीत भएको मानी कानूनबमोजिम स्थापित अर्धन्यायिक निकायले स्वच्छ सुनुवाइका मापदण्डको पालना गरी भएका काम कारबाहीलाई बदर गर्नुपर्ने अवस्था नदेखिने ।

अतः प्रतिवादी मनालाल वर्मा सुन तथा सुनका गरगहनासहित पक्राउ परेको, सोको बरामदी मुचुल्का रहेको, उक्त बरामद सुन तथा सुनका गहना आफ्नै हो भनी साबिती बयान गरेको, बरामद सुनको बिल बिजक वा वैधानिक स्रोत खुलाउन नसकेको, बरामद सुनको मूल्य निर्धारण गर्दा सुनचाँदी व्यवसायीबाट प्राप्त मूल्य कायम भएको, बयान गराउँदा दोभाषे सुविधा माग गरेको नदेखिएको अवस्थालाई मध्यनजर गरी प्रतिवादी मनालाल वर्मालाई २ वर्ष कैद बिगोबमोजिम रू.२८,२८४६७।– जरिवाना गर्ने गरी गरेको राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालयको मिति २०७३।७।२९ को फैसला सदर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७३।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तीर्थराज भट्टराई

इति संवत् २०७५ साल चैत्र ११ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७५-WO-०६३७, उत्प्रेषण / परमादेश, परमानन्द यादव वि. उच्च अदालत जनकपुरसमेत*

यसै विवादसँग सम्बन्धित रोक्का जग्गा फुकुवा गराई पाउँ भनी परेको शैल झाको रिट निवेदन (नं. ०७०-WO-०३९०) मा मिति २०७३।५।६ मा जग्गा फुक्का गर्ने गरी आदेश भएको तथा पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।५।२५ मा जारी परमादेशको आदेश उल्टी भई निवेदन खारेज गर्ने गरी मिति २०७५।०२।०९ मा भएको आदेशसमेतको परिप्रेक्ष्यमा जग्गा रोक्का राखी राख्न नमिल्ने भई जग्गा फुकुवा गर्ने गरी तहसिलदारबाट भएको आदेश बदर गरिदिएको सर्लाही जिल्ला अदालतको मिति २०७३।११।६ को आदेश बदर गरिदिई सम्मानित सर्वोच्च अदालतको आदेशअनुसार गर्नुहोला भनी तथा पुनरावेदन अदालतबाट जारी भएको परमादेशको निवेदन नै खारेज गरी सर्वोच्च अदालतबाट २०७५।२।९ मा फैसला भइसकेको देखिँदा निवेदन

मागबमोजिम कुनै आदेश जारी गर्नु परेन भनी उच्च अदालत जनकपुरबाट मिति २०७५।९।१९ मा भएको आदेश सर्वोच्च अदालतका उल्लिखित फैसलाहरू कार्यान्वयन गर्ने आफ्नो संवैधानिक तथा कानूनी दायित्वअनुरूप नै भएको हुँदा उक्त आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिएन।

सर्वोच्च अदालतबाट ०७०-CI-१०१५ मा २०७५।२।९ मा भएको फैसला र ०७०-WO-०३९० मा मिति २०७३।५।६ मा भएका फैसलाउपर यी निवेदकले दायर गरेको पुनरावलोकन निवेदन नं. ०७५-RV-०२५३ र नं. ०७३-RV-०१२१ मा अनुमति नहुने गरी २०७६।४।३० मा पूर्ण इजलासबाट आदेश भई अन्तिम भएर रहेको छ । निवेदकले ऋण रकम बुझाउन पाउने म्याद थप हुने गरी भएको पुनरावेदन अदालतको आदेश सर्वोच्च अदालतबाट त्रुटिपूर्ण ठहर गरी निवेदन खारेज गरिदिइसकेको परिप्रेक्ष्यमा सोही माग राखी पर्न आएको प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिने।

सर्वोच्च अदालतबाट भएका आदेश पालना गर्नु सबैको लागि बाध्यकारी हुन्छ । अझ यसको प्रभावकारी कार्यान्वयनमा मातहत अदालत मात्र नभई मुद्दाका सरोकारवाला पक्षहरू सबैले अग्रसरता लिनुपर्दछ तब मात्र मुलुकमा न्यायिक सुशासन कायम गर्ने आम लक्ष्य प्राप्तिमा सघाउ पुग्दछ। सर्लाही जिल्ला अदालतको तहसिलदारबाट रोक्का जग्गा फुकुवा गर्ने गरी मिति २०७३।०९।२५ मा भएको आदेशमा *रोक्का रहेको जग्गा फुक्का गरिदिएको सर्वोच्च अदालतको २०७३।५।६ को आदेशलाई गोप्य राखी पुनरावेदन अदालतको फैसलाको प्रतिलिपि मात्र पेस गरी पुन: रोक्काको माग गरी गराएको* भन्नेसमेत उल्लेख भएको देखिँदा यी निवेदकले आफ्नो प्रतिकूल भएका अदालतको आदेश कार्यान्वयनमा अनदेखा र असहयोग गर्ने मनसाय राखेको देखिने।

अत: सर्वोच्च अदालतबाट यी निवेदकले ऋण चुक्ता गर्नको लागि अनन्तकालसम्म समय नपाउने भनी ०७०-CI-१०१५ मा तथा मुद्दा चल्दाको अवस्थामा रोक्का रहेकोमा अब मुद्दा अन्तिम भई कार्यान्वयन हुन नसकेको हुँदा फैसलाबमोजिम नगर्ने पक्षको हकमा रोक्का राखिरहन मिल्ने देखिएन भनी ०७०-WO-०३९० मा फैसला भइसकेको र पूर्ण इजलासबाट पुनरावलोकनको अनुमति नहुने भनी अन्तिम भएको देखिँदा अब यी निवेदकको रकम बुझी मुद्दासँग सम्बन्धित उल्लिखित जग्गाहरू निवेदकको नाममा दा.खा. दर्ता नामसारी गरिपाउँ भन्ने निवेदन जिकिरअनुरूप हुन सक्ने अवस्था देखिन नआउने।

तसर्थ, माथि विवेचना गरिएका मिसिल संलग्न कागज, प्रमाणसमेतका आधारमा रिट निवेदनमा बदर माग गरिएको उच्च अदालत जनकपुरको मिति २०७५।०९।१९ को आदेश अन्तिम भएर रहेका सर्वोच्च अदालतको आदेश / फैसलाहरूको कार्यान्वयन गर्ने गराउने संवैधानिक तथा कानूनी कर्तव्य एवं दायित्वको परिपालनातर्फ नै लक्षित हुँदा कानूनसम्मत नै भएको देखिन्छ। निवेदकले ऋण चुक्ता गर्ने निर्विवाद दायित्व समयमा पूरा नगरेको र अन्तिम भएर रहेका अदालतका आदेशहरूको कार्यान्वयन नगरी लामो समयसम्म निष्क्रिय रहने र विपक्षीहरूले प्राप्त गरिसकेको हक अधिकारको प्रचलनमा समेत बाधा व्यवधान खडा गर्ने गरी सोही प्रकृतिको अर्को निवेदन लिई पुन: अदालत प्रवेश गर्ने गरेबाट विपक्षीहरूलाई हैरानी मात्र दिन खोजेकोसमेत देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। रिट खारेज हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल भदौ २९ गते रोज १ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CR-०५२६, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. रामबहादुर तामाङसमेत*

प्रस्तुत मुद्दाका प्रतिवादी रामबहादुर तामाङको अदालतको बयान तथा प्रतिवेदकलगायतका व्यक्तिले गरेको समर्थित बकपत्र र प्रतिवादी रामबहादुर तामाङको अदालतको बयानमा कागजहरूमध्ये ब्लुबुक तथा सवारी दर्ता किताबसमेत आफूले बनाएको नभई रूपैयाँ दिई उनाउ व्यक्तिमार्फत बनाउन लगाएको भनेको देखिन्छ । प्रतिवादी राजकुमार लामाले बरामदी ब्लुबुक रामबहादुर तामाङको प्रयोगको लागि भीम सापकोटामार्फत बनाउन लगाएको भनी कसुरमा अप्रत्यक्ष संलग्नता स्वीकार गरेको पाइन्छ । बरामदी सवारी चालक अनुमतिपत्रको नम्बरमा अर्को व्यक्ति सौरभ मुल्मीको नाममा जारी भएको र बा.२७.प. ७४७३ नं. को सवारी साधनको फाइल फेला नपरेको भनी यातायात व्यवस्था कार्यालयबाट लेखी आएकोले ती कागजातहरू किर्ते भएकोमा विवाद देखिएन ।

मिसिल संलग्न सवारी दर्ता किताब तथा सवारी चालक अनुमतिपत्र बरामद भएको भन्ने बरामदी मुचुल्का, प्रतिवादी रामबहादुर तामाङको अदालतको बयान तथा प्रतिवेदकलगायतका व्यक्तिले गरेको समर्थित बकपत्र र प्रतिवादी रामबहादुर तामाङको अदालतको बयान हेर्दा ती कागजातहरू किर्ते भएको देखिए तापनि ती कागजहरू प्रतिवादी रामबहादुर तामाङ स्वयंले दस्तखतसमेत गरी किर्ते तयार गरेको भन्ने देखिने प्रमाण वादी पक्षबाट पेस हुन आएको पाइएन । यी प्रतिवादीले पैसा अर्जुन भन्ने व्यक्तिलाई दिई उक्त कागजात बनाउन लगाएकोले किर्ते तयार गर्नमा अन्य व्यक्तिलाई सहयोग गरी मतियारसम्मको कसुर गरेको भन्नेसम्म देखिन आउँछ । किर्ते कागज बनाउन लगाउने व्यक्तिलाई पनि किर्ते कागजको १२ नं. बमोजिम सजाय हुने भनी भन्न न्यायको रोहबाट मिल्ने नदेखिने । मुलुकी ऐन किर्ते कागजको महलको ११ नं. ले **"ज्यान लिनाका मतलबले बाहेक अरू कुरामा किर्ते गर्ने गर्न लगाउनेलाई किर्ते गर्ने ठहरेका मानिसलाई हुनेबमोजिम र अरू मतियारलाई त्यसैको आधी सजाय गर्नुपर्छ"** भन्ने व्यवस्था गरेको ।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट प्रस्तुत मुद्दाका प्रतिवादी रामबहादुर तामाङ साथबाट नक्कली सरकारी छाप र दस्तखत लागेको सवारी चालक अनुमतिपत्रसमेतका कागजात बरामद भएको भए पनि पुनरावेदक वादी नेपाल सरकारबाट उक्त किर्ते सरकारी छाप र दस्तखतसमेत लागेको अनुमतिपत्रसमेतका कागजात प्रस्तुत मुद्दाका प्रतिवादीहरूले नै बनाएको हो भन्ने जिकिर पुष्टि हुने कुनै वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको देखिँदैन । वस्तुनिष्ठ प्रमाणको अभावमा आरोप लगाइएको आधारमा मात्र कसैलाई फौजदारी कसुरको कसुरदार मान्न मिल्दैन । कुनै अपराधमा आरोपित व्यक्तिको संलग्नता प्रमाणले जुन तहसम्म पुष्टि गर्दछ सोही तहसम्मको कानूनले तोकेको सजाय कसुरदारले भोग्नुपर्ने हुन्छ । किर्ते कागज बनाउन लगाउने र बनाउनेलाई एकै कसुर मान्न मिल्दैन । प्रतिवादीहरू स्वयंले किर्ते कागज नबनाई रूपैयाँ दिई किर्ते कागज तयार गर्नमा अन्य व्यक्तिलाई सहयोग गरी मतियारसम्मको कसुर गरेको देखिँदा किर्ते कागजको महलको ९, १२ नं. बमोजिम हुने सजायलाई आधार मानी ऐ.को ११ नं. बमोजिम आधा अर्थात् जरिवाना रू.२५।- (पच्चिस) तथा थप कैद महिना ६ समेत जनही सजाय हुने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WH-००४६, बन्दीप्रत्यक्षीकरण, जन्मदेव जैसी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

अभद्र व्यवहारको आवरणमा अन्य कुनै कारणबाट पक्राउ गरेको हो भनी सहजै अनुमान गर्न

सकिने देखिन्छ । यसरी Extraneous Ground (अन्य कुनै कारणबाट) व्यक्तिलाई पक्राउ गर्ने तर अर्को कुनै कानूनको आधारमा मुद्दा चलाउनका लागि कसुरको सिर्जना गर्ने कार्यलाई कानूनको सही रूपमा प्रयोग भएको भन्ने मान्न सकिँदैन । कानूनी राजमा यस्ता कार्य स्वीकार्य हुँदैन । यस्ता कार्यलाई अदालतले कानूनअनुरूपको कार्यको संज्ञा दिन नसक्ने ।

कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन । संविधानले कानूनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनीरूपमा शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ । वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ । कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन । राज्यका हरेक निकायका काम कारबाही संविधान, कानून एवम् न्यायिक मूल्य मान्यता अनुकूल हुनु पर्दछ । राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्नु हुँदैन । लोकतान्त्रिक मूल्य मान्यता, न्यायिक अवधारणा, कानूनको शासन तथा संविधान एवम् कानूनद्वारा प्रत्याभूत हक अधिकारको संरक्षण गर्नेसमेत कुनै दृष्टिले हेर्दा पनि प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न सकिँदैन । कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्ने ।

नेपालको संविधानको धारा १७ ले कानूनबमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी मौलिक हक प्रदान गरेको देखिन्छ । मानिसका आधारभूत हक अधिकार हरहालतमा संरक्षण हुनु पर्दछ भन्ने मान्यतालाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत आत्मसात् गरेका छन् । मानव अधिकारको विभिन्न अन्तरवस्तुमध्ये वैयक्तिक स्वतन्त्रता (personal liberty) को विषय सर्वाधिक महत्त्वको विषय हो । यो ज्यादै संवेदनशील विषयसमेत हो । नागरिकको मौलिक हकको हनन भएमा नेपालको संविधानको धारा १३३(२) (३) बमोजिम सर्वोच्च अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपयुक्त आदेश जारी गरी नागरिकको मौलिक हकको प्रचलन गराउनु पर्दछ । कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन । अपराध नियन्त्रण गरी समाजमा शान्ति, व्यवस्था र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो । यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ । तर यसरी न्यायिक प्रक्रिया सञ्चालन गर्दा भने कानूनबमोजिमको उचित प्रक्रियाको समुचित अनुशरण गर्नु अनिवार्य हुन्छ । कुनै कसुरजन्य कार्य भएको छ भन्दैमा कानूनी प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखी कसैलाई बन्दी बनाउन नमिल्ने ।

अतः विपक्षी प्रत्यर्थीको यी निवेदकलाई पक्राउ गरी अनुसन्धानका लागि हिरासतमा राख्नुपर्ने कार्य औचित्यपूर्ण आधारमा पुष्टि भएको नदेखिएबाट थुना कानूनी रहेको भन्न मिल्ने देखिन आएन । यी निवेदकउपर भएको अनुसन्धान र लगाएको आरोपको आधार र कारण विश्वासिलो र भरपर्दो नदेखिएको कारणबाट निवेदकलाई ने.क.पा. (विप्लव) समूहको कार्यकर्ता भएको कारणले थुनामा राख्ने प्रवृत्त भावना राखी निवेदकलाई थुनामा राख्ने कार्य गरेको मान्नुपर्ने देखियो । यस प्रकारको थुनालाई कानूनसम्मत मान्न

मिल्ने नदेखिँदा नेपालको संविधानको धारा १३३(२) एवं सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक खेमराज थपलियालाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम्।

६

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७६-RC-००५७, कर्तव्य ज्यान, नेपाल सरकार वि. तारा घर्ती*

मिसिल संलग्न मृतकको आफ्नै छोरा उमेश घर्तीको किटानी जाहेरी, घटनास्थल मुचुल्का, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष मेरा पति मृतक खड्‌कबहादुर घर्तीले बाहिरबाट अत्यधिक मादक पदार्थ सेवन गरी घरमा आई कराउँदै घरभित्र पसी मलाई एक्कासी टाउकोमा समाती झ्याकली कपाल तानी कुईयाई पछाडिबाट लात्ताले मेरो कोखामा हानेकोले मैले रिस थाम्न नसकी यस्लाई नमारी छाड्दिन भन्दै नजिकै रहेको (बेल्चा) साबेलले ४ (चार) पटकसम्म पति खड्‌कबहादुर घर्तीको निधार, आँखा, च्यापु, नाक, अनुहारसमेतको भागमा प्रहार गरी कर्तव्य गरी मारेको हुँ भनी गरेको साबिती बयान कागज तथा अदालतसमक्ष बयान गर्दासमेत उक्त बयानलाई समर्थित हुने गरी गरेको साबिती बयान कागज, मौकामा घटना विवरण कागज गर्ने मृतककै छोरी दुर्गा घर्ती र वस्तुस्थिति मुचुल्काका सुरेश फगामीको भनाइ, मिसिल संलग्न रहेको घटनास्थल लासजाँच मुचुल्का, Cause of death is blunt force injury to head and face भन्ने बेहोराको शव परीक्षण प्रतिवेदन, रगत लागेको फलामको बेल्चा (साबेल) समेत प्रहरीले बरामद गरी लगेको भन्नेसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी तारा घर्तीले रिस थाम्न नसकी (बेल्चा) साबेलले पति खड्‌कबहादुर घर्तीलाई प्रहार गरी कर्तव्य गरी ज्यान मार्ने कसुर अपराध गरेको पुष्टि हुन आएको देखिने।

प्रस्तुत मुद्दाका प्रतिवादी र मृतक पति पत्नी नाता सम्बन्धका व्यक्तिहरू भएको, मार्नेसम्मको मनसाय राखी लिई पूर्वयोजना बनाई हत्या गरेको नदेखिएको, अदालत तथा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दासमेत आफ्नो पतिको आफ्नो कर्तव्यबाट मृत्यु भएको भनी स्वीकार गरी बयान गरेको, मृतक पतिले मादक पदार्थ सेवन गरी वारदातअघिसमेत पटकपटक झगडा गर्ने गरेका तथा वारदातको दिनसमेत अत्यधिक मात्रामा रक्सी सेवन गरी घरमा आई प्रतिवादीको टाउकोमा समाती झ्याकली, कपाल तानी कुइयाई, पछाडिबाट लात्ताले प्रतिवादीको कोखमा हानेको कारण उत्पीडित महिला मानसिकता (Battered Women Syndrome) ले पनि आफूलाई उठेको रिस थाम्न नसकेर घटनास्थलमै भएको साबेल (बेल्चा) ले प्रहार गरेको देखिएको तथा मृतकको उत्तेजित व्यवहारको कारण नै पतिलाई कर्तव्य गरी मारेको देखिन आयो। यसरी प्रतिवादीले आफ्नो लोग्नेलाई मार्ने पर्ने कारण पनि देखिन नआएको, मार्नका लागि मनसाय एवं योजना पनि देखिन नआएको, केवल घटनाका समयमा मृतकले प्रतिवादीउपर गरेको दुर्व्यवहार सहन नसकी तत्काल उठेको रिसको आवेगमा आफूनजिक रहेको फलामको (बेल्चा) साबेलले मृतकको टाउको निधार अनुहारसमेतमा प्रहार गरी मारेको देखिन आएको र निजले अपराधको अनुसन्धान कार्यमा सहयोगसमेत गरी आएको देखिँदा निज प्रतिवादी तारा घर्तीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को हुने भनी सुरू म्याग्दी जिल्ला अदालतबाट साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार १०(दस) वर्ष कैद सजाय हुन व्यक्त गरेको राय मनासिब देखिने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत पोखरा, बागलुङ इजलासबाट

मिति २०७५।१०।२७ मा भएको फैसला मिलेकै देखिएकोले अन्यथा भन्न नसकिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी तारा घर्तीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी म्याग्दी जिल्ला अदालतबाट मिति २०७५।१।१९।४ मा भएको फैसला मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४०(२) नं. बमोजिम केही उल्टी भई प्रतिवादीलाई जन्मकैद हुने ठहर्छ र मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १०(दस) वर्ष कैद सजाय गर्न उपयुक्त हुने भनी व्यक्त गरेको राय मनासिब देखिने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।१०।२७ मा भएको फैसला साधकको रोहबाट जाँच गर्दा मिलेकै देखिएकोले साधक सदर हुने ठहर्ने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल आषाढ ७ गते रोज १ शुभम्।

७

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CR-०१४३, अप्राकृतिक मैथुन, नेपाल सरकार वि. परिवर्तित नाम सङ्केत नं.६६ सानोश्री टिसन ग*

पीडित नाम परिवर्तित संकेत नं.६६ सानोश्री टिसन "ख" ले अनुसन्धान अधिकृतसमक्ष गरेको घटना विवरण कागज हेर्दा बुबाले मलाई बोलाई मेरो खुट्टा र योनिमा तेल लगाई दिएका हुन् त्यसपछि म खेल्न भनी निस्की गएकी हुँ, मेरो बुबाले मेरो पिसाब फेर्ने ठाउँमा तेल लगाई सुत्न खोज्नु भएको भनी बेहोरा लेखाएको देखिन्छ। पीडित उमेर जम्मा ६ वर्षको मात्र देखिन्छ। निजको बेहोराबाट बुबाले आफ्नै छोरीलाई खुट्टा तथा योनिसमेतमा तेल लगाई दिई खेल्न पठाई आफूचाहिँ सुत्न खोजेको हो कि भन्नेसमेत अर्थ दिने खालको बेहोरा देखिन्छ। बालबालिकालाई तेल घसी दिने सामाजिक प्रचलन भएको र त्यसरी तेल लगाउँदा गुप्ताङ्गमा समेत तेल लगाइदिने गरिने भएकाले सो बेहोरा अन्य प्रमाणहरूबाट समर्थित नभएसम्म प्रतिवादीका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिँदैन। निज पीडित सङ्केत नं.६६ सानोश्री टिसन "ख" ले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा मेरो बुबाले मेरो शरीरको संवेदनशील अङ्गमा केही पनि गरेको होइन, प्रहरीमा के-के बेहोरा लेखेर मलाई सहीछाप गर्न लगाए, मैले छापसम्म लगाई दिएको हो बेहोरा मेरो होइन भनी बकपत्र गरी दिएको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा **Child not Cooperative. No any Genital Examination done.** भन्ने उल्लेख भएको देखिन्छ। अन्य शारीरिक अवस्थाहरू सामान्य रहेको भन्ने देखिएबाट समेत निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान विश्वासप्रद देखिन नआउने।

पीडित बालिकालाई यौनाङ्गमा कुनै प्रकारको असहजता भएको भए उपचारमा असहयोग गर्नुपर्ने अवस्था नहुने र बालिकाले सहयोग नगरे पनि बालिकाको यौनाङ्गलगायतको कुनै भागमा घाउ चोट वा अन्य केही असहजता भए उपचार गर्नु गराउनुपर्नेमा नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पतालमा पीडितको जाँच गराउँदा **No Bruises, Erosion, Swelling Discharge** भन्ने उल्लेख भई अन्य सबै शारीरिक अवस्था सामान्य रहेको भन्ने मिसिल संलग्न रहेको **Patient Record Book** बाट देखिन्छ। उपर्युक्तबमोजिमको पीडितको बकपत्र एवं स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडित विरूद्ध जबरजस्ती करणीको कार्य भए गरेको भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ। अनुसन्धान अधिकृतसमक्ष निजले गरेको बयान बेहोरामा उल्लिखित कार्यहरू भए

गरेको हो भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको अदालतसमक्ष भएको बकपत्र जाहेरवालीको बकपत्रसमेतबाट पुष्टि हुन आएको देखिएन । मिसिल संलग्न अन्य कुनै प्रमाणहरूले पुष्टि नगरेको निजको मौकाको बेहोरा प्रमाणमा लिन मिल्ने देखिएन । वारदातको तत्कालै पीडितलाई वारदातबारे सोधखोज गर्ने व्यक्ति को हो ? कसलाई पीडितले के भनेको हो ? र कसले जाहेरवालीलाई वारदातको बारेमा बताएकोले जाहेरवालीलाई थाहा हुन आएको हो ? पीडितले भन्दा सुन्ने व्यक्ति को हुन् ? भन्नेसमेत अनुसन्धानबाट खुल्न नआएको हुँदा त्यस्तो हल्ला शंका अनुमानको आधारमा प्रतिवादीले आरोपित कसुर गरेका हुन् भनी मान्न नमिल्ने ।

उपर्युक्त विवेचित आधार, प्रमाण र कारण एवं मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन आएको नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा कसुदार ठहऱ्याउन मिल्ने देखिँदैन । यसर्थ, परिवर्तित नाम सङ्केत ६६ सानोश्री टिसन "ग" उपरको अभियोग दाबी पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) बमोजिम १०(दस) वर्ष कैद, ऐ. महलको ९(क) नं. बमोजिम थप १(एक) वर्ष कैद र ऐ. हाडनाता करणीको महलको १ नं. बमोजिम १०(दस) वर्षसमेत गरी जम्मा २१ (एक्काइस) वर्ष कैदको सजायसमेत हुने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७२/०८/१४ मा भएको फैसला नमिलेको भनी उल्टी गरिदिई निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।३।५ मा भएको फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम् ।

इजलास नं.८

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-WO-०८५४, परमादेश, शिवभक्त प्रधानाङ्ग वि. कृष्णगोपाल बखुन्छे*

विवादित भक्तपुर जिल्ला, कटुञ्जे गाउँ विकास समिति वडा नं. ८(ख) कि.नं. १३१ को क्षे.फ. २-०-२-० जग्गा आफ्नो र विपक्षीहरूको संयुक्त नाउँ दर्तामा रहेको हकभोग चलन गरी आएको तथ्यलाई यी निवेदकले आफ्नो निवेदनमा स्वीकार गरेको पाइयो । उक्त जग्गा भक्तपुर जिल्लाअन्तर्गत रहेको र निवेदक र विपक्षीहरू भक्तपुर जिल्लाअन्तर्गतकै भएकोले उक्त दर्ता फारी मुद्दासमेत मुलुकी ऐन, अ.बं. २९ नं. ले सुरू भक्तपुर जिल्ला अदालतमै लाग्ने र सोही अदालतले कारबाही किनारा गर्न पाउने अवस्थाको देखिने ।

शिरमा श्री भक्तपुर जिल्ला अदालत हुनुपर्नेमा फिराद लेखाइमा कम्प्युटर टाइपको सामान्य त्रुटि भई काठमाडौं जिल्ला अदालत उल्लेख हुन गई जिल्ला फरक परेकोले सो त्रुटि संशोधन गरिपाउँ भनी परेको निवेदनमा सुरू अदालतले कानूनबमोजिम संशोधन गरेको र सो संशोधन बेरितको भनी दिएको निवेदनमा तत्कालीन पुनरावेदन अदालत पाटनले उक्त आदेश बेरित नभएको भनी आदेश गरिसकेको अवस्था देखिने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ५२ र १७ दुवै संशोधन गर्ने कार्यको लागि प्रयुक्त हुने कानूनी व्यवस्था रहेको छ । सुरू जिल्ला अदालतबाट फिराद संशोधन गरिपाउँ भनी परेको निवेदनअनुसार संशोधन आदेश गर्दा नियम १७ बमोजिम संशोधन गरिदिएको छ भन्नुपर्नेमा भुलवश नियम ५२ लेखिन पुगेकोसम्म देखिएको र आदेशबाट

निवेदकको मौलिक हकमा कुनै प्रकारको अवरोध पुगेको नदेखिने।

दर्ता फारीसम्बन्धी विचाराधीन मुद्दाबाट नै कानूनबमोजिम निकासा हुने नै हुँदा नियमको नम्बर भुलवश लेखिन गएको कार्यलाई अब गैरकानूनी भनी बदर गर्नुको प्रयोजनसमेत नभएकोबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७३-WO-०४७२, परमादेश, शिवभक्त प्रधानाङ्ग वि. कृष्णगोपाल बखुन्छे भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CR-१६२७, हातहतियार खरखजाना, नेपाल सरकार वि. अर्जुन बस्नेतसमेत*

प्रतिवादीमध्येका अर्जुन बस्नेतबाट एक थान कटुवा पेस्तोल बरामद भएको भन्ने कुरा बरामदी मुचुल्काबाट देखिएको छ। सो तथ्यलाई प्रतिवादीहरूले अदालतसमक्ष समेत स्वीकार गरी बकपत्र गरेका छन्। प्रतिवादी अर्जुन बस्नेतबाट बरामद भएको सो पेस्तोल आफूले राख्न, बोक्न इजाजत वा अनुमति लिएको भन्ने प्रतिवादीको भनाइ छैन । निज प्रतिवादीहरूले कुनै आपराधिक कार्यमा प्रयोग गर्ने प्रयोजनका लागि सो पेस्तोल बोकेको भन्ने तथ्य खुलेको देखिँदैन । उक्त कटुवा पेस्तोलमा गोली लोड नगरिएको अवस्था देखिएबाट भारतबाट सामान किनी फर्कने क्रममा रात पर्न सक्ने भई सुरक्षाको लागि पेस्तोल बोकेको भन्ने निज प्रतिवादी अर्जुन बस्नेतको मौकाको भनाइ छ । यसरी प्रतिवादी अर्जुन बस्नेतले लाइसेन्स नलिई बरामद भएको कटुवा पेस्तोल आफ्नो साथमा राखी हिँडेको हदसम्मको कसुर गरेको।

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम सजाय गरिपाउँ भन्ने दाबी छ। मिति २०७२/११/२३ मा प्रमाणीकरण भएको केही नेपाल संशोधन गर्ने ऐन, २०७२ ले उक्त ऐनलाई संशोधन गरी दफा २०(२) मा साबिकको सजाय "३ वर्षदेखि ५ वर्षसम्म" को ठाउँमा "६ महिनादेखि १ वर्षसम्म" भनी सजाय कायम गरेको छ । यसरी सो संशोधित कानूनी व्यवस्था हेर्दा उक्त ऐनको दफा २०(२) बमोजिम कैदको हकमा ६ महिनादेखि १ वर्षसम्म सजाय हुने देखियो । प्रतिवादी अर्जुन बस्नेत थुनामा परेको मिति २०७०।५।३ देखिन्छ । निज पुनरावेदन अदालतको फैसलाबाट मिति २०७१।११।१३ मा थुनाबाट मुक्त भएको देखिँदा १ वर्षभन्दा बढी निज प्रतिवादी अर्जुन थुनामा रहेको पाइयो । उक्त कानूनी व्यवस्थाले कैद वा जरिवानामध्ये कसुरको मात्राअनुसार सजाय गर्न सक्ने तजबिजी अधिकार न्यायकर्तालाई सुम्पेको छ। वादीले दाबी गरेको कसुर ठहरिरहेको र कानूनले अधिकतम सजाय हुने कैदभन्दा बढी अवधि निज प्रतिवादी अर्जुन बस्नेत थुनामा बसिसकेको स्थितिमा अब बढी सजाय हुन सक्ने अवस्था रहेन । अतः निज प्रतिवादीलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५ को कसुरमा निजको कसुरको मात्राअनुसार ८०,०००/- जरिवाना गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिने।

अर्का प्रतिवादी दिनेश विश्वकर्माको हकमा विचार गर्दा निज प्रतिवादी स.१प. ३६५४ नं. को मोटरसाइकलका चालक रहेको भए तापनि निजको साथबाट नभई सो मोटरसाइकलको पछाडि बसेका प्रतिवादी अर्जुन बस्नेतको साथबाट पेस्तोल बरामद भएको अवस्था देखिन्छ । अर्जुन बस्नेतको साथमा उक्त पेस्तोल रहेको भन्ने कुराको जानकारी यी प्रतिवादी दिनेश विश्वकर्मालाई भएको भन्ने देखिँदैन। कुनै आपराधिक कार्य गर्नको लागि प्रतिवादी दिनेश विश्वकर्मासमेत साथै गएको भन्ने तथ्य खुल्न

आएको छैन । निज प्रतिवादीले दाबीको कसुर गरेको पुष्टि हुने प्रमाण छैन । अतः निज प्रतिवादी दिनेश बस्नेतलाई अभियोग दाबीको कसुरदार ठहर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू अर्जुन बस्नेत र दिनेश विश्वकर्मालाई हातहतियार खरखजाना ऐन, २०१९को दफा ३(२), ५ को कसुर अपराधमा ऐ.को २०(२) बमोजिम अर्जुन बस्नेतलाई ४ वर्ष ६ महिना कैद र रू. ८०,०००।- जरिवाना हुने र प्रतिवादी दिनेश विश्वकर्मालाई ३ वर्ष ६ महिना कैद र रू.६५,०००।- जरिवाना हुने ठहर गरेको सुरू जिल्ला प्रशासन कार्यालय सप्तरीको फैसला केही उल्टी गरी प्रतिवादी अर्जुन बस्नेतलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम रू.८०,०००।- जरिवाना हुने र प्रतिवादी दिनेश विश्वकर्माले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार १७ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-०७८४, राष्ट्रिय वनको वन पैदावर (साल जातको रूख काटी हटाएको), नेपाल सरकार वि. कालीराम बस्नेतसमेत*

वन कार्यालयले टाँचा लगाइदिएको भन्ने अभियोजन पक्षको भनाइ देखिँदैन । यसरी वन प्राविधिकले वैज्ञानिक नाप जाँचबाट रूख छुट्याई दिएको भन्ने नदेखिएको र वन सामुदायिक उपभोक्ता समितिले अनुमानित रूपमा रूख छुट्याई दिएको आधारमा बरामद भएको रूख काटिएको रहेछ भन्ने देखिन्छ। यो यस कारणले प्रतिवादीहरूले आफ्नो निजी लाभका लागि अनुमतिभन्दा बढी रूख काटेका हुन् भन्ने अभियोजन पक्षको भनाइ देखिँदैन। रूख काट्न खटाइएका प्रतिवादीहरू भीमबहादुर चौधरीसमेतको भनाइबाट रूख काट्न अह्राउने प्रतिवादी टेकबहादुर वलीले यो यसरी अनुमतिभन्दा बढी काठ काट्न प्रेरित गरेको अर्थात् प्रलोभन देखाएको थियो भन्ने देखिँदैन। एकभन्दा बढी रूख काटेको भन्ने देखिँदैन भने त्यस्तो गर्ने मनसाय यी प्रतिवादीहरूको थियो भन्ने अभियोजन पक्षले उल्लेख गरेकै पाइँदैन । उक्त रूख काट्न छुट्याइदिने मानिस रूखको नाप जोखसम्बन्धी प्राविधिक ज्ञान भएका मानिसहरू हुन् भन्ने भनाइ पनि अभियोजन पक्षको देखिँदैन । यसस्थितिमा प्रतिवादीहरूले मिलेमतो गरी गैरकानूनी तवरले गैरकानूनी लाभ लिने नियतवश अनुमतिभन्दा बढी क्यु.फिट आउने रूख काट्न लगाएको र काटेको भन्ने तथ्यतः पुष्टि हुन आएको देखिँदैन । अनुमति दिइएकोभन्दा बढी काठ आउने रूख काटेको देखिएको भन्ने आधारमा नै अभियोग दाबी मुताबिक प्रतिवादीहरूले प्रचलित कानूनविपरीत वन क्षेत्रबाट वन पैदावर हटाएको भनी मान्न मिल्ने देखिन नआउने ।

फौजदारी मुद्दामा केवल अभियोजन गरेर मात्र हुँदैन। कानूनद्वारा निर्दिष्ट प्रक्रिया अवलम्बन गरी आफूले लगाएको अभियोजनलाई प्रमाणित गराउने प्रत्यक्ष तथा वस्तुनिष्ठ प्रमाणसमेत पेस गरी अभियोग दाबी पुष्टि गराउनु पर्दछ । साथै अभियोग दाबी पुष्टि गराउने भारसमेत अभियोजन लगाउने पक्षको नै हो । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्थासमेत भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मिलेमतोबाट नै कानूनी प्रक्रिया नै पूरा नगरी अनुमति लिएकोभन्दा बढी काठ काटी राष्ट्रिय वनबाट वन पैदावर हटाउने, ओसारपसार तथा बिक्री वितरण गर्ने कार्य गरेको भन्ने कुराको ठोस प्रमाण वादी पक्षले पेस गरी पुष्टि गराउन सकेको नपाइएकाले

प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार नै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब मान्न नसकिने।

अब, बरामदी काठ तथा औजारहरू जफत हुनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ एवं अभियोग दाबी सम्बन्धमा हेर्दा माथि उल्लेख भएअनुसार वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहरेको भए पनि जिल्ला वन कार्यालयले शिवपुर सामुदायिक वन उपभोक्ता समिति हापुर-६ वगाले दाङलाई लेखेको च.नं.२६१९ मिति २०६९।१२।०८ को पत्रमा आगलागी पीडितलाई २० क्यु.फिट काठ उपलब्ध गराउने भनिएकोमा सुरू मिसिल संलग्न मिति २०७०।२।२ को बरामदी मुचुल्काबाट ५९.१४ क्यु. फिट काठ बरामद भएको देखियो जसबाट ३९.१४ क्यु.फिट काठ इजाजतभन्दा बढी काठ कटान गरेको पाइएकाले सो इजाजतभन्दा बढी कटान गरिएको काठ कानूनतः बरामद हुने नै देखिएकाले घटनास्थलबाट बरामद भएको काठ दाङ नारायणपुर रेन्जपोष्टका वन रक्षक यमलाल पाण्डेले मिति २०७०।२।५ मा बुझी लिई भरपाई गरिदिएको र सो बरामदित काठ वन कार्यालयले जिम्मा लिइसकेको देखियो । सो काठ लिलाम गरी राजस्वमा दाखिला गर्नुपर्ने देखिएको हुँदा सो प्रयोजनको लागि जफत गरिनुपर्ने देखियो । र इजाजतभन्दा बढी कटान गरेको काठ जफत हुने र प्रतिवादीहरूले कसुरबाट सफाइ पाउने ठहरेकाले काठ कटानमा प्रयोग भएका हतियार निजहरूले फिर्ता पाउने।

अतः विवेचित आधार कारणसमेतबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको सुरू फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।८।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

इति संवत् २०७६ साल भाद्र २० गते रोज ६ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-१३३६, उत्प्रेषण / परमादेश, रविकान्त अग्रवाल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

बिगो भरिभराउने कारबाहीको क्रममा के कस्तो अवस्थामा आसामीलाई थुनामा राख्न सकिने भन्ने सम्बन्धमा दण्ड सजायको ४२ नं. मा जायजातबाट पूरा बिगो पुगेन भने नपुग जतिमा लेनदेन व्यवहारको महलको १९ नं. बमोजिम कैद गराउन पाउनेमा कैद गराइपाउँ भनी कैदमा बसुन्ज्याल खानलाई कैदी थुनुवाले पाउनेसरहको सिधा खर्चसमेत दाखिला गरी अघि जायजातबाट भरी पाएको सात दिनभित्र दरखास्त दिनुपर्छ र त्यस्तो दरखास्त गर्न आयो भने सो कुराको पर्चा खडा गरी कैद गरी दिनुपर्छ भन्नेसमेतको व्यवस्था रहेको पाइन्छ। त्यस्तै लेनदेन व्यवहारको महलको १९ (२) नं. मा जायजात गरी भराउँदा नपुग भए जतिमा कैदमा राखी पाउँ भनी साहुले दण्ड सजायको ४२ नं. बमोजिम दरखास्त दियो भने एकदिनको पच्चिस रूपैयाँको दरले बढीमा एक वर्षसम्म कैद गरी दिनुपर्छ भन्ने उल्लेख भएको पाइन्छ । यो कानूनी व्यवस्थाअनुसार सर्वप्रथम आसामी वा ऋणीको जायजेथाबाट बिगो भराउनुपर्ने र यसरी भराउँदा नपुग भए नपुग जतिमा मात्र कैदमा राख्न पाउने व्यवस्था रहेको पाइने।

विपक्षी बलबहादुर पुनबाट यी निवेदक हिमालयन हेलिकप्टर प्रा.लि. ले करार मुद्दामा अदालतबाट ठहरेबमोजिमको बिगो भराई लिन पाउने कुरामा विवाद छैन । आफूले वादीलाई बुझाउनुपर्ने बिगो आफ्नो नाममा रहेको जायजेथाबाट बिगो असुलउपर गरिपाउँ भनी बिगोको कारबाहीको क्रममा प्रतिवादी आफैँले निवेदन दिएकोसमेत देखियो। करार मुद्दामा सर्वोच्च अदालतबाट अन्तिम फैसला नहुँदैको अवस्थामा प्रतिवादीको नाउँमा रहेको सम्पत्ति सोबखत

अन्य मुद्दाको कारण रोक्का रहेकोले बिगो असुलउपर हुन सक्ने स्थिति नदेखिई प्रतिवादीलाई थुनामा राख्ने आदेश भएको देखिने।

फैसला कार्यान्वयन कारबाहीयुक्त अवस्थामा रहेकै अवस्थामा कि.नं. १३२९ (साबिक १०२१) र कि.नं. १७४ जग्गाहरू जिल्ला प्रशासन कार्यालय बागलुङको च.नं. २७५४ मिति २०७३।११।०१ को पत्रले फुकुवा भई आएको भन्ने मालपोत कार्यालय बागलुङबाट प्राप्त पत्र एवं उक्त जग्गाको जग्गाधनी स्रेस्तापुर्जाबाट खुलेको छ। विपक्षी प्रतिवादीले समेत बिगो असुलउपर हुने जेथा देखाई बिगोको कारबाही गरिपाउँ भनी निवेदन दिएको देखिन्छ। यसरी सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदा बिगो भरिभराउ गर्नुपर्ने जेथाको विषयमा परिवर्तन हुन गएको देखिने।

विपक्षीको नाउँमा साबिकजस्तै कुनै जेथा नभएको अवस्था भए निजलाई थुनामा राख्ने गरी भएको आदेश क्रियाशील हुन जाने अवस्था रहन्थ्यो। तर अवस्थामा परिवर्तन हुन आई वादीको बिगो प्रतिवादीको जायजेथाबाट भरिभराउन सकिने अवस्था रहेकोले मुलुकी ऐन, दण्ड सजायको ४२ नं. अनुसार बिगो भरिभराउको कारबाही प्रारम्भ हुन जाने नै हुन्छ। यसअघि प्रतिवादीको नाउँमा रहेका पैतृक जग्गाहरू अन्य मुद्दाको कारण रोक्का रहेको र प्रस्तुत मुद्दाको बिगो असुलउपर हुन नसक्ने अवस्था रहेको कारण निज प्रतिवादीलाई थुनामा राख्नेसमेतको आदेश भएको थियो। तर अब प्रतिवादीको नाउँका उक्त जायजेथा फुकुवा भएको देखियो। प्रस्तुत मुद्दाको बिगोको कारबाही चलिसकेपछि उक्त जग्गाहरू खरिद गरेको भन्ने पनि देखिएन। त्यसैले जेथा नै नभएको स्थितिमा थुनामा राख्ने गरी प्रारम्भ भएको कारबाही अब आकर्षित हुने देखिएन। सो जेथाबाट बिगो असुलउपरसम्बन्धी कारबाही प्रारम्भ गरी सो जेथाबाट बिगो भराउने क्रममा पूरा बिगो भराउनु, नपुगेको अवस्थामा नपुग जतिमा थुनामा राख्ने गरी पूर्वमितिमा भएको आदेश सक्रिय भई विपक्षी प्रतिवादीलाई थुनामा राख्ने कारबाही स्वतः प्रारम्भ हुने भएकोले निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने औचित्य नदेखिने।

अतः माथि उल्लिखित आधार कारणबाट विपक्षीले तिर्नुपर्ने बिगोको हकमा अन्तिम फैसला भएपछि विपक्षीले अहिले देखाएको जेथाबाट असुलउपर गर्नको लागि दण्ड सजायको ४२ नं. को प्रक्रिया प्रारम्भ नै नगरी मुद्दाको अन्तिम किनारा नहुँदै थुनामा राख्ने गरी भएको पूर्वआदेशानुसार प्रतिवादीलाई थुनामा राख्ने गरी भएको जिल्ला अदालत काठमाडौंको मिति २०७३।०९।०८ मा भएको बदर गरी पेस भएको जेथाबाट वादीको बिगो असुल गर्ने कारबाही सुरू गर्नु भनी उच्च अदालत पाटनबाट मिति २०७४।०२।२५ मा भएको आदेश गैरकानूनी देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल साउन २७ गते रोज १ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७१-CI-०९१५, दा.खा.नामसारी दर्ता बदर हक कायम, कृष्णबहादुर सिंह राठौरसमेत वि. अरूण प्रकाश सिंह राठौर*

जिल्ला प्रशासन कार्यालय बर्दियाको प.सं.०५१/५२ मिति २०५१।१०।२६ को नाता प्रमाणितसम्बन्धी विषयको पत्रबाट दलबहादुर सिंह राठौरको श्रीमती दिलकुमारी सिंह राठौर र छोराहरूमा भक्त प्रकाश सिंह राठौर र अरूण प्रकाश सिंह राठौर भएको भनी नाता प्रमाणित गरिएको बेहोरा उल्लेख भएको पाइन्छ। अ.बं.८० नं. बमोजिम पुनरावेदन अदालत नेपालगन्जमा वादी अरूण प्रकाश सिंहले गरेको नातातर्फको बयानमा वादी अरूण प्रकाश सिंह स्व.दलबहादुरको छोरा नाताको भन्ने देखिन्छ। प्रतिवादी गजेन्द्र भन्ने निर्मलबहादुरले गरेको बयानमा

समेत वादी अरूण प्रकाश सिंह स्व. दलबहादुरको छोरा भनी स्वीकार गरेको पाइन्छ। साथै निज गजेन्द्रले आफ्नो बाजे चक्रबहादुर सिंह हो र पिता कृष्णबहादुर सिंह राठौर हो भनी खुलाई बयान गरेको देखिन्छ । सो बयानबाट निज गजेन्द्र चक्रबहादुरको नाति भन्ने देखिएकाले स्व. दलबहादुरको आफ्नै नाती हो भन्ने देखिँदैन । तसर्थ, वादीहरू दिलकुमारी र अरूण प्रकाश सिंह राठौर दलबहादुर सिंह राठौरको श्रीमती तथा छोरा रहेको देखिएको हुँदा निज स्व. दलबहादुर सिंहको सबैभन्दा निजकको हकवाला रहेको भन्ने पुष्टि हुन आउने।

प्रतिवादीहरूले गलत तथ्य राखी पेस गरेको सिफारिसका आधारमा भएको विवादित जग्गाको नामसारी दा.खा. का सम्बन्धमा वादीहरूको जानकारी एवम् मन्जुरी वा स्वीकृति रहेको पुष्टि हुने कुनै प्रमाण मिसिल सामेल रहेको देखिँदैन । वस्तुत: विवादित नामसारी दर्ताको निर्णय गर्दा वादीहरूले सुनुवाइको अवसर नै प्राप्त गरेको देखिँदैन। वास्तविक हकवालालाई सूचना जानकारी नगराई बिचबिचैमा अरू व्यक्तिले गुपचुप परिपञ्च मिलाई गरेको दर्ता दूषित दर्ता हुन्छ । यस्तो दूषित दर्ताबाट हकवालाको विवादित सम्पत्तिमा हक अधिकार जान सक्दैन । प्राकृतिक न्यायको सिद्धान्तअनुसार सुनुवाइको अवसर नै प्राप्त नभई भएको निर्णयले कानूनी मान्यता पाउनसमेत नसक्ने।

मूलत: स्व. दलबहादुरका नजिकको हकदार भएकाले वादीहरूलाई निजको नाउँ दर्ताको जग्गा नामसारी दा.खा. गराउन पाउने कानूनी व्यवस्था रहेको पाइन्छ र कुनै निश्चित हदम्याद तोकी नामसारी दा.खा. गराउन नपाउने भनी कानूनले रोक लगाएकोसमेत देखिँदैन । यस स्थितिमा वादीहरूले दा.खा. नामसारी नगराएको भन्ने आधारमा मात्र उक्त सम्पत्तिमा निजहरूले अधिकारको त्याग (Waiver) गरेको मान्नु कानूनविपरीत हुने देखिन्छ। हकवालाले कानूनबमोजिम तोकिएको प्रक्रिया अवलम्बन गरी कुनै सम्पत्तिमा स्वामित्व स्थापित गर्न गराउन सक्ने अवस्था हुँदाहुँदै अधिकार त्याग गरेको व्याख्या गर्न मिल्दैन। विवादित जग्गा प्रतिवादीको नाउँमा दा.खा. नामसारी गर्दा साबिक दर्तावाला दलबहादुरको नजिकका हकवाला श्रीमती तथा छोराहरू रहे भएको तथ्यलाई लुकाई निवेदन दिएको देखिन आएको छ । सोही आधारमा स्व. दलबहादुरको हकवाला श्रीमती तथा छोराहरू हुँदाहुँदै बिना आधार प्रमाण आफू हकवाला भएको भनी पुनरावेदक प्रतिवादीले मिति २०३८।३।१७ मा नाउँसारी गरी दर्ता गराएको पाइन्छ। जग्गाको स्वामित्व हकवाला व्यक्तिमा स्वत: सर्दै जाने वा रीतपूर्वक हक हस्तान्तरणको माध्यमबाट स्वामित्व Transfer हुने हाम्रो कानूनी व्यवस्था रहेको पाइन्छ। विवादित जग्गाबाट रितपूर्वक वादीहरूको हक टुटाई प्रतिवादीले लिएको भन्ने वा स्व. दलबहादुरको हकवाला भएको भन्ने तथ्य पुष्टि हुने कुनै प्रमाण प्रतिवादी गजेन्द्रबहादुरले पेस गर्न सकेको पनि नपाइने।

यसरी हकवाला नै नभएको व्यक्तिले हकवाला हुँ भनी नाउँसारी गराए तापनि सो नामसारी निर्णयलगायतका कार्य दूषित परिणामबाट नै हुने हुँदा हदम्याद आकर्षित हुँदैन । सर्वोच्च अदालतबाट ने.का.प. २०६६, अङ्क ७, नि.नं. ८१९० मा प्रकाशित न्यायिक सिद्धान्तमा न्यायिक व्याख्या भएको पाइन्छ। उक्त न्यायिक सिद्धान्तसमेतबाट दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने हुँदा वादीलाई फिराद गरी दाबीबमोजिम दर्ता बदर गराउन हदम्याद बाधक रहेको भनी मान्न मिल्दैन । तसर्थ प्रतिवादीहरूले स्व. दलबहादुरको वास्तविक हकवाला श्रीमती तथा छोरा छँदाछँदै निज दलबहादुरको सबैभन्दा नजिकको हकदार गजेन्द्रबहादुर रहेको भन्ने गलत बेहोराले दा.खा. नामसारी गराई लिएको निर्णय प्रथमदृष्टिमा नै दूषित देखिएकाले चारजना संयुक्त दर्तावालामध्येका

प्रतिवादी निर्मलबहादुर सिंह राठौरले गराएको दूषित नाउँसारी दर्ता बदर भई चार भागको एक भागमा वादीको हक कायम हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला अन्यथा नदेखिने।

अत: विवेचित आधार, कारण र न्यायिक सिद्धान्तसमेतबाट हदम्याद नभएको भन्ने आधारमा फिराद खारेज हुने अवस्थाको भई वादी दाबी नपुग्ने भनी सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी चारजना संयुक्त दर्तावालामध्येका प्रतिवादी निर्मलबहादुर सिंह राठौरले गराएको दूषित नाउँसारी दर्ता बदर भई चार भागको एक भागमा वादीको हक कायम हुने ठहर गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७०।१२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल जेठ १५ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०६८-CI-१४९८, अंश, रामावती सोनार वि. कृष्णावती सोनारसमेत*

कि.नं. २४६ को ०-७-४ जग्गा प्रतिवादीका पति पिता सहजरामको नाउँमा दर्ता रहेको र सो जग्गा बिक्री गरी अंशबापत भनी रूपैयाँ एक लाख पाँच हजार (रू.१,०५,०००/-) नगदे वादीका पति जगदेवले बुझी कागज गरिदिएको देखिन्छ। साथै सो लिखतमा अब सहजरामसँग केही जग्गा लिन बाँकी छैन भन्ने पनि बेहोरा उल्लेख भएको पाइन्छ। वादी र प्रतिवादीहरूको मूल पुर्खा भारतीय रहेको र निजहरूको पैतृक सम्पत्ति नेपालमा नरहेको भन्ने देखिन आएको स्थितिमा उक्त मिति २०५७।०२।११ को लिखतको बेहोरालाई वादीले अन्यथा भन्न नसकेको स्थितिमा अंशबापत नै उक्त रकम बुझेको देखिने।

सहजराम सोनारले भुल्लु सोनारको छोरा भैरवप्रसाद सोनारलाई पनि कि.नं. २४७ को ०-१४-१८ मध्ये कित्ताकाट गरी दक्षिणतर्फको कि.नं. २७६ को ०-१-२१/४ जग्गा मिति २०६१।११।३० मा राजीनामा गरी दिएको देखिन्छ। साथै, निज भैरवप्रसाद सोनारले सोही कि. नं. २७६ को ०-१-२१/४ जग्गा मिति २०६४।१०।९ मा प्रतिवादी सहजराम सोनारका छोरा किशोरबाबु सोनारलाई राजीनामा पारित गरी बिक्री गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट समेत देखिँदा यी वादी प्रतिवादीहरूको हाँगामा एक-अर्काका साथ जग्गा खरिद-बिक्री गरी लेनदेन व्यवहार गरेको देखिन्छ । एकासगोलमा बसेको भए यसरी एक अर्कोलाई जग्गा खरिद बिक्री गर्नुपर्ने अवस्था रहँदैन । साथै भुल्लु सोनारको हाँगाका भैरवप्रसाद सोनारले आफ्नै दाजु वादी रामावती सोनारका पति जगदेव सोनारलाई र स्वयं आफूलाई सम्पत्तिबाट वञ्चित हुने गरी पिताकै पालामा छुट्टी भिन्न भएको भनी प्रतिउत्तर दिनुपर्ने कुनै कारणसमेत देखिन नआउने।

७२ वर्षकी रामावती सोनारले हालसम्म अंशबन्डा नभएको भनी अलग-अलग हाँगाका व्यक्तिहरूलाई प्रस्तुत मुद्दा दिएको देखिन्छ । पति जीवित छँदै अंश सम्बन्धमा दाबी लिन सकेको पनि छैन । व्यवहार प्रमाणबाट लामो अवधिदेखि नै अलग-अलग छुट्टीभिन्न भई आ-आफ्नो खति उपती गर्दै आएको भन्ने वादीकै साक्षीको बकपत्रबाट देखिन्छ। पैतृक सम्पत्तिमा सबै अंशियारहरूको समान हक हुने हुन्छ। पैतृक सम्पत्ति नभए तापनि एकैसाथ सगोलमा बसी वा अलग-अलग स्थानमा बसेपनि क्षमताअनुसारको लगानी मेहनत गरी सम्पत्ति सगोलमा आर्जन भएको स्थितिमा सगोलको सम्पत्तिमा सबैको अंश हक हुने हुन्छ। पैतृक सम्पत्ति नभएको र लामो अवधि ३०/४० वर्षदेखि आ-आफ्नो खति उपती गरी अलग-अलग बसी व्यवहार गरी आएकोमा कुनै अंशियारले आफ्नो छुट्टै व्यवसाय परिश्रमबाट आर्जन

गरेको सम्पत्तिलाई न त पैतृक सम्पत्ति मान्न मिल्दछ न त सगोलकै लगानी परिश्रम मिहेनतबाट आर्जन गरेको भनी मान्न मिल्ने हुन्छ। वादीका पति जगदेवका पिता भुल्लु सोनारकै पालामा संयुक्त लगानी, प्रयास, मेहनत, व्यवसायबाट यो-यस्तो सम्पत्ति आर्जन भएको र प्रतिवादीको नाउँमा दर्ता हुन गएको भन्ने प्रमाण वादीले पेस दाखिल गर्न सकेको छैन। पैतृक सम्पत्ति वा पैतृक सम्पत्तिको लगानीबाट आर्जन भएको सम्पत्ति तथा सगोलको आर्जनबाट प्राप्त सम्पत्तिबाट नै अंशियारहरूले अंश पाउने अंशबन्डाको महलको भावना हो। वादीका पतिले केही जग्गाबाट अंश पाइसकेको र बाँकी यो-यस्तो सगोलको सम्पत्तिबाट अंश पाउनुपर्ने बाँकी रहेको छ भनी सबुद प्रमाणबाट वादीले पुष्टि गर्न सकेको नदेखिने।

प्रस्तुत मुद्दामा स्वयं वादी रामावती सोनारका साक्षी रामखेलावान गोडियाले बकपत्र गर्दा वादी र प्रतिवादीहरूको पुर्ख्यौली सम्पत्ति नभएको र निजहरू ३५/४० वर्ष पहिला नै अलग भिन्न भएको भनी बकपत्रको सवाल जवाफ १३ नं. मा उल्लेख गरेकोसमेतबाट यी वादी प्रतिवादीहरू निजहरूको पति पिताको अघिल्लो हाँगामा छुट्टाछुट्टै बसी अलग-अलग व्यवहार गरी आएको पुष्टि हुन्छ। मुलुकी ऐन सातौं संशोधनभन्दा पहिला नै घर व्यवहारबाट भिन्न बसी आएकोमा बन्डापत्र पारित नभए पनि बन्डा भएको मान्नुपर्ने कानूनी व्यवस्था रहेको देखिने।

प्रस्तुत मुद्दामा पनि सहजराम सोनारले कि.नं. २७६ को ०-१-२$^{१}/_{४}$ जग्गा राजीनामा गरी भैरवप्रसाद सोनारलाई बिक्री गरेको देखिन्छ। निज भैरवप्रसाद सोनारले सोही कि.नं. २७६ को जग्गा प्रतिवादी सहजराम सोनारका छोरा किशोरबाबु सोनारलाई राजीनामा पारित गरी बिक्री गरेको देखिँदा निजहरूबिच व्यावहारिक रूपमा अंशबन्डा भएको पुष्टि हुने।

विवेचित तथ्य, प्रमाण, कानूनी व्यवस्था र न्यायिक सिद्धान्तसमेतको आधार कारणबाट पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीहरूको पैतृक सम्पत्ति नभएको, वादीका पतिले प्रतिवादीका पति पितासँग अंशबापत नगदे रकम बुझिलिएको र अब लिन बाँकी जग्गा छैन भनी कागजसमेत गरी विभिन्न समयमा एक आपसमा जग्गा खरिद बिक्री तथा लेनदेन व्यवहार हुँदै आएको देखिँदा निजहरूबिच अघिल्लै पुस्तामा अंशबन्डा भई आ-आफ्नो खति उपति गरी अलग अलग बसेको पुष्टि हुन्छ। यसरी वादी प्रतिवादीहरूबिचको व्यवहार प्रमाणबाट निजहरूको बिचमा यसअघि नै बन्डा भई अलग-अलग भएको र वादीको अंशहक बिक्री गरी नगदै बुझी लिएको देखिँदा अब वादीले प्रतिवादीहरूबाट पुनः अंश पाउँ भन्ने दाबी मनासिब देखिन नआउने।

अतः सम्पूर्ण सम्पत्तिलाई दुई भाग गरी त्यसमध्येको एक भागलाई दुई भाग गरी त्यसमध्येको एक भागलाई तीन भाग गरी त्यसमध्येको एक भाग वादी रामावती सोनारले अंश पाउने ठहर्छ भनी भएको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरी फिराद दाबी पुग्न नसक्ने ठहराई भएको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल कार्तिक १८ गते रोज २ शुभम्।

इजलास नं.९

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६९-WO-०९५७, उत्प्रेषण / परमादेश, तिलक कुँवर वि. शिक्षा विभाग सानोठिमी भक्तपुरसमेत*

नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागले Kathmandu University, School of Education को २००९ शैक्षिक वर्षका लागि NOMA program अन्तर्गत Norwegian University of

Life Sciences, Oslo University College तथा The University of Dhaka को सहकार्यमा सञ्चालन गरेको M.Ed. in Environment Education and Sustainable Development कार्यक्रममा छात्रवृत्तिका लागि छनौट भई निवेदक तिलक कुँवर मिति २०६६/०४/१५ देखि मिति २०६८/०४/१४ सम्म जम्मा दुई वर्षको लागि अध्ययन बिदा स्वीकृत गराई अध्ययन गर्न गएको तथ्यमा कुनै विवाद देखिँदैन । विपक्षी जिल्ला शिक्षा कार्यलय, अछामको च.नं. ५३१ मिति २०६७/९/८ को पत्रबाट समेत सो तथ्य समर्थित भएको देखिन्छ । निवेदकलाई अध्ययन विदामा बसेको २ वर्षको अवधिमध्ये ८ महिनाको मात्र तलब भत्ता भुक्तानी गरिएको र बाँकी १ वर्ष ४ महिनाको तलब भत्ता भुक्तानी गर्न विपक्षीहरूले इन्कार गरेको कुरामा समेत कुनै विवाद नदेखिने ।

शिक्षा नियमावली, २०५९ को नियम १०६ मा शिक्षकले पाउने बिदाका सम्बन्धमा व्यवस्था गरेको छ । नियम १०६(१) को देहाय (छ) अनुसार अध्ययन बिदा नोकरीको तमाम अवधिमा एकै पटक वा पटकपटक गरी बढीमा तीन वर्षसम्म पाउन सक्ने देखिन्छ । सोही नियमावलीको नियम १०६ को उपनियम (१०) मा अध्ययन बिदामा बस्ने शिक्षकले पूरा तलब पाउने प्रस्ट र किटानी प्रावधान रहेको देखिन्छ । यसरी नियमावलीमा नै किटानी प्रावधान रहेको अवस्थामा सो कुरालाई अन्देखा गरेर छात्रवृत्ति प्राप्त गरेको भन्ने जस्ता असङ्गत तर्क गरेर शिक्षकले पाउने कानूनबमोजिमको सुविधा प्रदान गर्न इन्कार गर्नु उचित र विवेकपूर्ण हुँदैन । रीतपूर्वक अध्ययन बिदा स्वीकृत गराई छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेका शिक्षकलाई अध्ययन बिदा अवधिको तलब, भत्ता भुक्तानी दिनु नै पर्दछ । यस प्रकारका विषयमा कानूनी प्रावधान प्रतिकूल व्यावहारिकताको आडमा गरिएका तर्क वा जिकिर स्वीकार्य नहुने ।

अतः शिक्षा नियमावली, २०६९ को नियम १०६ को उपनियम (१०) मा अध्ययन बिदामा बस्ने शिक्षकले पूरा तलब पाउने व्यवस्था रहेको हुँदा निवेदक तिलक कुँवरले अध्ययन बिदामा रहेको अवधिको तलब भत्ता भुक्तानी पाउने नै देखियो । तलब भत्ता भुक्तानी नगर्ने गरी भएको शिक्षा विभागको मिति २०६६/८/२९ को निर्णय, सो सम्बन्धमा भए गरिएका अन्य काम कारबाही, पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुन्छ । निवेदक तिलक कुँवरलाई अध्ययन बिदामा रहेको अवधिको भुक्तानी गर्न बाँकी तलब, भत्ताको रकम भुक्तानी दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल असार १६ गते रोज ३ शुभम् ।

- यसै लगाउको *०६९-WO-०९५८, उत्प्रेषण / परमादेश, केशवराज घिमिरेसमेत वि. शिक्षा विभाग सानोठिमी भक्तपुरसमेत* मुद्दामा यसै प्रकारको फैसला भएको छ ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.श्री पुरुषोत्तम भण्डारी, *०७१-CR-०८५५, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. विजय मोहन साहसमेत*

प्रतिवादीहरू समिर साह, गोकुल कँडेल, रामचन्द्र घिमिरे र सरोज फुयाललाई सफाइ दिएउपर चित्त नबुझाई नेपाल सरकारको पुनरावेदन परेको पाइयो । नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा जाहेरवालाहरूले सुरूमा वैदेशिक रोजगार विभागमा मिति २०६८।३।८ मा दिएको जाहेरी दरखास्तमा प्रतिवादी विजयमोहन साह र धनराज तितुङउपर मात्र जाहेरी परेको, तर नेपाल सरकारको पुनरावेदन जिकिरमा उल्लिखित समिर साह, गोकुल कँडेल, रामचन्द्र घिमिरे र सरोज फुयालउपर सुरू जाहेरी दरखास्त परेको देखिँदैन । प्रतिवादीहरू

धनराज तितुङ र विजयमोहन साहले अनुसन्धान अधिकृतसमक्ष गरेको पोलको आधारमा मात्र यी प्रतिवादीहरूउपर अभियोजन भएको पाइयो । प्रस्तुत पुनरावेदन जिकिरमा उल्लिखित प्रतिवादीहरूउपर यो यो प्रतिवादीहरूले यो यसरी रकम लिनु खानु गरेका हुन् भनी कोही कसैको उजुर नपरेको र यी प्रतिवादीहरू उक्त वारदातमा संलग्न भई अपराध जनित कार्य गरेको कुरालाई प्रमाणित हुने गरी कुनै स्वतन्त्र वस्तुनिष्ठ प्रमाणहरूबाट प्रमाणित हुन आएको देखिँदैन । यी प्रतिवादीहरू गोकुल कंडेल, रामचन्द्र घिमिरे, समिर साह र सरोज फुयाल अनुसन्धानको समयमा पक्राउ परेकोसमेत देखिँदैन भने वैदेशिक रोजगार न्यायाधिकरणमा समेत उपस्थित भई बयान गरेको अवस्थासमेत नदेखिने ।

सहअभियुक्तको पोलको आधारमा मात्र निजहरूउपर अभियोजन भएको देखिन्छ । यसमा रामशरण महतसमेत विरूद्ध नेपाल सरकार भएको (ने.का.प. २०६३, अङ्क ८, नि.नं. ७७४९ को कर्तव्य ज्यान मुद्दामा "मतियार साक्षीको रूपमा लिन सहअभियुक्तलाई सजायबाट छुट दिई वा अभियोग नलगाई सरकारी पक्षको गवाह (Approver) को रूपमा प्रस्तुत गरिएको हुनुपर्ने देखिन्छ । अन्यथा एकसाथ अभियोग लगाइएको सहअभियुक्तलाई सक्षम साक्षीको रूपमा राख्न र प्रमाणमा लिन नसकिने हुन्छ । सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो त केवल न्याय निक्र्यौल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अझ बल प्रदान गर्ने एउटा थप आधार मात्र हो । सहअभियुक्तको परीक्षण नगर्दैमा न्याय निष्पादनमा सारभूत रूपमा फरक नपर्ने हुनाले पनि प्रमाण कानूनसम्बन्धी सिद्धान्त र व्यवहारमा यसले अन्यौल सिर्जना गर्ने भन्ने देखिन आउँदैन र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तको प्रतिकूल मान्न पनि नमिल्ने हुन्छ । सहअभियुक्तको पोललाई प्रमाणमा लिने सम्बन्धमा किटानी कानूनी व्यवस्थाको अभाव रहे पनि हाम्रो न्याय प्रणालीले मिसिल कागजातबाट खुल्न आएका तथ्य र बेहोरालाई कुनै न कुनै रूमपा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी आएको परिप्रेक्ष्यमा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने मान्यतालाई स्वीकार गरिएको पाइन्छ । वस्तुतः न्यायलाई बढी निश्चितता र वस्तुगत धरातलमा उभ्याई भरपर्दो र विश्वसनीय बनाउन मिसिल कागजातबाट देखिन आएका र उपलब्ध भएका कुनै पनि सबुद प्रमाण जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धेरथोर विवाद सुनिश्चित गर्न प्रकाश पार्दछ ती सबैको सार (निचोड) बाट नै न्यायिक निष्कर्ष निकाल्नु वाञ्छनीय हुन्छ र त्यो वस्तुपरक पनि हुन्छ । कुनै पनि कुराले न्यायलाई सुनिश्चित प्रदान गर्न मद्दत वा बल प्रदान गर्छ भने त्यसलाई उल्लेख नगरी थप आधार नलिनु उपयुक्त नहुने । सहअभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा निम्नबमोजिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी विचार गर्नु उपयुक्त एवं वाञ्छनीय देखिने ।

- एकैसाथ सहअभियुक्तहरू मुद्दामा पुर्पक्ष गरिएको अवस्था हुनुपर्ने, (A statement made by one of two co–accused should not be used against the other, where later on their cases are trialed separately.)
- कसुरमा साबित भई अरूलाई सोही कसुरमा पोल गरेको हुनुपर्ने, (The expression as same offence" means the identical offence and not an offence of the same kind. It means offences falling within the same definition and arising out of the same transaction.)
- एउटा कसुरमा साबित हुनेले अर्को कसुरमा अरूलाई पोल गरेको नमिल्ने,
- आफू कसुरमा इन्कार भई एक अर्कालाई

पोल गरेको हुन नहुने,

- पोल गर्ने सहअभियुक्तको मृत्यु भएकोमा पनि निजको भनाइलाई विचार गर्न सकिने,
- सहअभियुक्तको पोललाई आधारभूत एवं सारभूत (Substantive) प्रमाणको रूपमा लिन नमिल्ने, मुद्दाको जग (Foundation) अर्थात् यसकै आडमा कसुर प्रमाणित भएको मान्न नमिल्ने,
- अन्य आधारभूत स्वतन्त्र प्रमाणहरूबाट वारदात वा कसुर कायम हुन सक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ,
- एउटा सहअभियुक्तको पोलले अर्को सहअभियुक्तको पोललाई समर्थन (Corroborate) गरेको मान्न नमिल्ने,
- कसुर वा वारदात कायम गर्दा सहअभियुक्तको पोललाई अन्य प्रमाणले समर्थन गरेको भन्ने आधारमा हैन कि अन्य निश्चयात्मक प्रमाणको आधारमा वारदात वा कसुर कायम हुन सक्ने अवस्था भए मात्र सहअभियुक्तको पोललाई विचार गरिने,
- सहअभियुक्तको पोललाई समर्थनको (Supportive) रूपमा मात्र लिनुपर्ने,
- अर्कालाई पोल गर्ने सहअभियुक्तको गैरन्यायिक (प्रहरीमा भएको) साबितीलाई निजका विरूद्ध प्रमाणमा लिए नलिएको आधारमा मात्रै निजको पोललाई विचार गर्नुपर्ने,
- गैरन्यायिक साबिती र न्यायिक निकायसमक्ष भएको साबितीको पोललाई सोही अनुपातमा प्रामाणिक मूल्यलाई फरक राखी हेर्नुपर्ने" भनी यस अदालतबाट व्याख्यासमेत भएको पाइने।

प्रस्तुत मुद्दामा अनुसन्धान अधिकारीसमक्ष मात्र पोल गरेको र सो पोललाई समर्थित हुने कुनै प्रमाण पेस हुनसमेत नआएको, पोल गरिएका प्रतिवादीहरू न्यायिक प्रक्रियामा उपस्थित भई अनुसन्धानको क्रममा भएको पोललाई समर्थनसमेत नगरेको हुँदा अनुसन्धानको क्रममा भएको पोललाई मात्र प्रमाणको रूपमा ग्रहण गरी कसुरदार ठहर गर्नु उपयुक्त हुने नदेखिने।

अत: प्रतिवादीहरू गोकुल कँडेल, समिर साह, रामचन्द्र घिमिरे र सरोज फुयाल अनुसन्धानको क्रममा र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बयान गरेको नदेखिएको, यी प्रतिवादीहरूउपर जाहेरी दरखास्त नपरेको, सहअभियुक्तको अनुसन्धानको क्रममा गरेको पोलको आधारमा मात्र अभियोजन भएको, सो पोललाई समर्थित हुने कुनै ठोस तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि प्रमाणित हुन आएको नदेखिँदा नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवाला रामहरी सुवेदीले दिएको जाहेरीअनुसारको कसुरको सम्बन्धमा न्यायाधिकरणले सफाइ दिएउपरको नेपाल सरकारको पुनरावेदनतर्फ विचार गर्दा, प्रतिवादी विजय मोहन साहले जाहेरवालाका ज्वाई डाकुरनाथ अधिकारीलाई वैदेशिक रोजगारमा जर्जिया पठाएको होइन। अध्ययनको लागि पठाएको हो भनी बयान गरेको पाइन्छ। निज प्रतिवादीले डाकुरनाथ अधिकारीलाई गरिदिएको कागजमा वैदेशिक रोजगारको लागि भन्ने बेहोरा उल्लेख नभई जर्जिया अध्ययनका लागि पठाएबापत भनी उल्लेख गरेको पाइयो। जाहेरवालाहरूलाई रोजगारीका लागि नभई अध्ययनका लागि विदेश पठाएको भन्ने कुरा जाहेरवाला रामहरी सुवेदी र भूपेन्द्र लिम्बूसमेतको जाहेरी बेहोरा र प्रतिवादीहरू विजयमोहन साह र धनराज तितुङको बयान र जाहेरवाला रामहरी सुवेदी र पीडित भनिएका जाहेरवालाका ज्वाई डाकुरनाथ

अधिकारीसमेतको बकपत्रबाट देखियो । तसर्थ, जाहेरवाला रामहरी सुवेदीका ज्वाइँ डाकुरनाथ अधिकारीलाई प्रतिवादीले वैदेशिक रोजगारका लागि जर्जिया पठाएको नभई अध्ययनको लागि पठाएको भन्ने देखिन्छ । तर वैदेशिक रोजगारीको लागि पठाएको कुरा तथ्यगत प्रमाणहरूबाट समर्थित हुन आएको नदेखिँदा अध्ययनको लागि पठाएको कुरालाई वैदेशिक रोजगार ऐनअनुसारको कसुरको परिभाषाभित्र पर्न सक्ने देखिन आएन । अत: अध्ययनको लागि विदेश पठाएको कुरालाई वैदेशिक रोजगारको कसुर गरेको भनी भन्न सकिने अवस्था देखिन आएन । अध्ययनको लागि पठाइएको भन्ने डाकुरनाथ अधिकारीलाई प्रतिवादी विजय मोहन साहले गरिदिएको कागजसमेतबाट देखिन आएकोले प्रतिवादीले वैदेशिक रोजगार कसुर गरेको भन्ने प्रमाण वादीले पेस गरी प्रमाणित गर्नसमेत सकेको नपाइएको र वैदेशिक रोजगार न्यायाधिकरणबाट जाहेरवाला रामहरी सुवेदीले दिएको जाहेरीसमेतको अभियोगको हकमा भएको फैसला मनासिबै देखिँदा नेपाल सरकारले लिएको पुनरावेदन जिकरसँग सहमत हुन नसकिने ।

मेरो जाहेरवालालाई ठगी गर्ने उद्देश्य नभएको र ठगी गर्ने उद्देश्यले रकम लिएको नभई लेनदेन कारोबारको क्रममा रकम लिएको र सो रकम मेरो श्रीमतीले जाहेरवालालाई फिर्ता बुझाइसकेको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी धनराज तितुङको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, धनराज तितुङको श्रीमती कल्पना ब्लोन तितुङले श्रीमान्ले वैदेशिक रोजगारको लागि मौरिसस पठाउने सर्तमा सुरज ताम्राकार, मनिकुमार तामाङ, भूपेन्द्र लिम्बूसँग लिएको रकममध्ये जनही रू.१,००,०००।- का दरले रू.३,००,०००।- बुझिलिई बाँकी रू.३,००,०००।- ४५ दिनभित्र बुझाउने सर्तमा मिति २०६८।३।३१ मा कागजसमेत गरिदिएको देखिने ।

पीडित भनिएका जाहेरवाला मनिकुमार तामाङ, सुरज ताम्राकार, भूपेन्द्र लिम्बूले दर्ता नं. ३८ मा तथा रामहरी सुवेदीले दर्ता नं. ३९ र मिति २०६८।४।१ मा वैदेशिक रोजगार विभागमा उजुरी फिर्ता लिन मन्जुर गरी निवेदन दर्ता गरेको र सो निवेदनमा सनाखतसमेत गरेको देखिने ।

जाहेरवालाहरूलाई रोजगारीका लागि नभई अध्ययनका लागि विदेश पठाएको भन्ने कुरा जाहेरवाला रामहरी सुवेदी र भूपेन्द्र लिम्बूसमेतको जाहेरी बेहोरा र प्रतिवादीहरू विजयमोहन साह र धनराज तितुङको बयान र जाहेरवाला रामहरी सुवेदी र पीडित भनिएका जाहेरवालाका ज्वाइँ डाकुरनाथ अधिकारीसमेतको बकपत्रबाट देखिने ।

प्रतिवादी विजयमोहन साहले जाहेरवालाको ज्वाइँ डाकुरनाथ अधिकारीलाई जर्जियामा सुरूमा अध्ययनको लागि त्यसपश्चात् काममा लगाइदिने भनी १९ नोभेम्बर २०१० मा रू.१,१६,०००।- (अक्षरूपी एक लाख सोह्र हजार) बुझेको र पछि २५०० डलर कलेजमा बुझाउने भनी रकम बुझी सम्पर्कविहीन भएको हुँदा प्रतिवादी विजय मोहन साहलाई कारबाही गरिपाउँ भनी जाहेरवाला रामहरी सुवेदीले विजयमोहन साहउपरसम्म उजुरी गरेको पाइयो । यी पुनरावेदक धनराज तितुङउपर उजुरीसमेत गरेको नदेखिएको हुँदा निजलाई दोषी ठहर गर्नु मनासिब हुने नदेखिने ।

जाहेरवाला रामहरी सुवेदी र पीडित डाकुरनाथ अधिकारीले सुरू न्यायाधिकरणमा बकपत्र गर्दा विजयमोहन साहले जाहेरवालाको ज्वाइँ डाकुरनाथ अधिकारीलाई विदेश (जर्जिया) सुरूमा अध्ययनका लागि र त्यसपछि काममा लगाइदिने भनी एकपटक रू.१,१६,०००।- (एक लाख सोह्र हजार) र पछि कलेजमा बुझाउने भनी २५०० डलर बुझिलिई सम्पर्कविहीन भएको भनी सुरूको रामहरी सुवेदीको जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र

गरिदिएको पाइयो । सो बकपत्र गर्दा यी पुनरावेदक धनराज तितुङको नाम उल्लेख गरी पोल गरेकोसमेत देखिएन । प्रस्तुत वैदेशिक रोजगार ठगीको सम्पूर्ण काम विजयमोहन साहले गरेको हो भनी उल्लेख गरेको पाइयो । अन्य जाहेरवालाहरू भूपेन्द्र लिम्बू, सुरज ताम्राकार र मनिकुमार तामाङले सुरू न्यायाधिकरणमा उपस्थित भई बकपत्रसमेत गरी जाहेरी बेहोरालाई प्रमाणित गराउन सकेको पाइएन । तसर्थ जाहेरवाला रामहरी सुवेदी र पीडित डाकुरनाथ अधिकारीको बकपत्रसमेतबाट प्रतिवादी धनराज तितुङको कसुरमा संलग्नता रहेको कुरा विवादरहित स्वतन्त्र प्रमाणहरूबाट पुष्टि प्रमाणित हुन आएको नदेखिने ।

अत: जाहेरवालाहरूले २०६८।४।१ मा उजुरी फिर्ता लिन मन्जुर गरेको निवेदन वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता गरेको र सो निवेदनमा सनाखतसमेत गरिदिएको, जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि नभई अध्ययनका लागि विदेश पठाएको देखिएको, जाहेरवाला रामहरी सुवेदी र पीडित डाकुरनाथ अधिकारीले विजयमोहन साहउपर पोल गरी किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरालाई समर्थित हुने गरी बकपत्रसमेत गरिदिएको, अन्य जाहेरवाला बकपत्रको लागि उपस्थित नभएको र वादी नेपाल सरकारले प्रतिवादी धनराज तितुङको कसुरमा संलग्नता रहेको पुष्टि हुने भरपर्दो प्रमाण पेस गर्नसमेत नसकेबाट पुनरावेदक प्रतिवादी धनराज तितुङलाई कसुरदार ठहर गर्नु न्यायोचित हुने नदखिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी धनराज तितुङको हकमा सम्म सबुत प्रमाणको अभावमा निजले कसुर गरेको नदेखिँदा सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।२।२० को फैसला मिलेको नदेखिँदा निजको हकमा २०७२।२।२० को फैसला उल्टी भई निज प्रतिवादी धनराज तितुङले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरू गोकुल कँडेल, रामचन्द्र घिमिरे, समिर साह, सरोज फुयालउपरको अभियोग दाबी पुग्न नसक्ने र प्रतिवादी विजयमोहन साहको हकमा निजले अभियोग दाबीअनुसार कसुर गरेको ठहरी निजलाई ३ (तीन वर्ष) कैद र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई बिगोको हकमा जाहेरवालाहरूको हर्जानासहित जम्मा बिगो रू.१४,८५,०००।- (चौध लाख पचासी हजार रूपैयाँ) प्रतिवादीबाट जाहेरवालाहरूले भरी पाउने ठहऱ्याई गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।२।२० को फैसला सोहदसम्म मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल

इति संवत् २०७६ साल पौष १७ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७६-WH-०२१८, बन्दीप्रत्यक्षीकरण, गणेश राई वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकलाई पक्राउ गरी मुद्दा हेर्ने अधिकारीका आदेशले धरौट तथा तारखेमा छाड्ने र थुनामुक्त हुनासाथ पक्राउ गरी निवेदकलाई थुनामा राख्ने कार्य पटकपटक गरेको देखियो । जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा पक्राउ गरी अभद्र व्यवहार मुद्दा चली मुद्दा हेर्ने अधिकारीबाट भएको फैसलाबमोजिमको सजाय मिति २०७६।८।४ मा भुक्तान गरेको भन्ने देखियो । सो दिन थुनामुक्त भएका निवेदकलाई छुट्नासाथ तत्स्थानबाटै पक्राउ गरी रामेछाप पुऱ्याएको कुरा थुनामुक्त भएकै दिन रामेछाप मन्थलीमा प्रहरीलाई अभद्र व्यवहार गरेको भनी पक्राउ गरिएको भन्ने जिल्ला प्रशासन कार्यालय रामेछापमा पेस भएको अभियोगपत्रबाट देखियो । मिति २०७६।८।२९ मा जिल्ला प्रशासन कार्यालय रामेछापको आदेशबमोजिम साधारण तारेखमा छुटेका

निवेदकलाई तत्कालै पक्राउ गरी सोही दिन दोलखा पुर्‍याई थुनामा राखेको, मिति २०७६।९।२३ मा जिल्ला प्रशासन कार्यालय दोलखाबाट साधारण तारेखमा छुटेपछि तत्काल पक्राउ गरी सिन्धुपाल्चोक पुर्‍याएको देखिएको छ । यसरी निवेदकलाई जिल्ला सार गर्दै एकपछि अर्को जिल्लामा निरन्तर थुनेको देखिएबाट सिन्धुपाल्चोक, साँगाचोकगढीमा प्रहरीमाथि अभद्र व्यवहार गरेको हुँदा पक्राउ गरेको भन्ने विपक्षीको भनाइ प्रथमदृष्टिमै पूर्वाग्रहपूर्ण देखिने ।

कानूनबमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरण गर्न पाइँदैन । मनोमानी ढङ्गबाट पक्राउ पुर्जी जारी गर्ने, म्याद थप्ने र निरन्तर थुनामा राख्ने प्रवृत्ति लोकतन्त्रको खिलाप हुन जान्छ । नागरिक हक कुन्ठित हुने गरी नियतवश स्वसिर्जित बहानाको आधारमा मानिस पक्राउ गर्नु लोकतान्त्रिक राज्य व्यवस्थाका लागि अशोभनीय प्रवृत्ति हो । निवेदकलाई पक्राउ गर्दा जरूरी पक्राउ पुर्जी जारी गरिएको भनिएकोमा सोको औचित्य देखिँदैन । पक्राउ गर्नुपर्नेसम्मको उचित आधार र कारण नदेखिएको अवस्था हुँदा अभद्र व्यवहार गरेको भनी प्रक्रियागत प्रावधानको अनुशरण गरे जस्तो गरी प्रवृत्त धारणा राखी निरन्तर थुनामा राख्ने प्रवृत्ति देखिन आउने ।

निवेदकलाई मिति २०७६।२।१० मा सिन्धुलीबाट पक्राउ गरेपछि अभद्र व्यवहार सम्बन्धमा मुद्दा चलाएकोमा सो मुद्दाबाट मुद्दा हेर्ने अधिकारीको आदेश तथा फैसलाले थुनामुक्त भएपछि एकपछि अर्को पटक पक्राउ गरी रामेछाप, दोलखा र सिन्धुपाल्चोकमा सोही प्रकृतिको आरोप लगाई जे जसरी हुन्छ थुनामा राख्ने किसिमको प्रवृत्त धारणा राखी बन्दी बनाएको देखियो । यस प्रकार कुनै व्यक्तिलाई बन्दी बनाउने कार्य कानूनअनुकूल हुँदैन । तसर्थ, प्रवृत्त धारणा राखी निवेदकलाई थुनामा राखेको देखिँदा यस अदालतका रजिस्ट्रारको रोहबरमा निज तीर्थबहादुर राईलाई तत्काल थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल माघ १४ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०६७-CI-१०२५, हक कायम, विश्वराम लेहला वि. कान्छाकाजी लोहलासमेत

विवादित कित्ताहरूको नापी नक्सा, अदालतबाट भएको नक्सा मुचुल्का, वादी प्रतिवादीले भोगचलन गरेको अवस्था र विवादित घरको अवस्थितिसमेतको आधारमा विवादको निरूपण गर्नुपर्ने हुन्छ । सो सन्दर्भमा हेर्दा, वादीको विवादित कि.नं. ५४० र प्रतिवादीको कि.नं.५४२ का घर जग्गा यी वादी प्रतिवादीहरूका पुर्खाको बिचमा बन्डा भई प्राप्त गरेका घरजग्गा रहेकोमा विवाद देखिँदैन । नापी नक्साको ट्रेस र वादी प्रतिवादीको भोगचलनमा रहेको घर जग्गाको अवस्थिति र अदालतबाट भई आएको मिति २०६२।७।७ को नक्सा मुचुल्कासमेतबाट वादीको झ्याल प्रतिवादीको कि.नं.५४२ को बाटोतर्फ खुल्ने गरेको देखिन्छ । घरको प्रत्येक तलामा विवादित किलासमा रहेको दराजमा वादीको निर्विवाद भोग रहेको भन्ने देखिन्छ । सो किलासमा रहेको दराज वादीको तर्फ फर्केको र सोमा वादीकै भोगचलन रहेको पाइन्छ । नापी नक्साको आकृति प्रकृति हेर्दा वादीको कि.नं.५४० को पूर्व तथा उत्तरतर्फ समानान्तर रेखा रहेको देखिएको छ । न.नं.२३ को ढोका वादीको रहेको भन्ने देखिन्छ । न.नं.२० को जग्गा वादीको निर्विवाद जग्गा भन्ने देखिन्छ । सोही नक्साको समानान्तर रहेको न.नं.२१, २२ को जग्गा वादीको जग्गा हो भन्ने कुरा स्वाभाविक रूपमा देखिन आउँछ । उल्लिखित नक्सा सर्भे नापीको नक्साअनुकूल नै देखिन्छ । प्रतिवादीको कि.नं. ५४२ को जग्गाको क्षेत्रफल नापी नक्सा र दर्ता स्रेस्ताअनुकूल नै देखिएको छ । वादीको कि.नं.५४०

को न.नं.११क को जग्गामा नयाँ पक्की घरसमेत निर्माण भइसकेको भन्ने नक्सा मुचुल्काबाट देखिने।

वादीले कि.नं.५४० को जग्गामा घर बनाउन नक्सा पासको लागि नगरपालिकामा दरखास्त दिएपछि प्रतिवादीले प्रतिक्रिया स्वरूप आफ्नो जग्गा खिचोला हुने गरी नक्सा दरखास्त दिएको भनी उजुर गरेपछि नगरपालिकाबाट हक कायम गरी ल्याउन दुवै पक्षलाई सुनाएकोमा वादी कान्छाकाजी लोहलासमेतका तर्फबाट मात्र फिराद परेको देखिन्छ । विश्वराम लोहला तथा लहरमाया लोहलाको फिराद नपरी प्रतिउत्तर मात्र फिराएको अवस्था देखिन्छ । आफ्नो जग्गा खिचोला भएको अवस्था भएमा फिराद दाबी गर्नुपर्ने अवस्था हुन्छ । सो अवस्था रहेको देखिँदैन । सो समयमा प्रतिदाबीको कानूनी व्यवस्था विद्यमान रहेको पनि पाइँदैन । वादीको किलासमा प्रतिवादीको घरको निदाल तथा दलिन अड्याएको भएमा सो कायम रहेसम्म साबिकबमोजिम भोगचलन गर्न पाउने भनी सुरू र पुनरावेदन तहको फैसलामा उल्लेख भएको देखिन्छ। वादीको किलासमा प्रतिवादीको दलिनसम्म अडिए पनि किलासमा वादीको भोग रहेको अवस्था हुँदा प्रतिवादीको घरको दलिन अडिएकै कारण सो किलास प्रतिवादीको हो भन्न मिल्ने नदेखिने।

अतः वादी दाबीबमोजिम हक कायम हुने ठहऱ्याई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।१०।१० को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी विश्वराम लोहलाको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

इजलास अधिकृत : ढाकाराम पौडेल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर ३० गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CI-१०२६, हक कायम, लहरमायाँ लोहला वि. कान्छाकाजी लोहलासमेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

इजलास नं.१०

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CR-०४७६, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. अनुष तामाङसमेत*

प्रतिवादीहरूबाट बरामद भएको निजहरूले प्रयोग गरी आएको सवारी चालक अनुमति पत्र आधिकारिक कार्यालय यातायात व्यवस्था विभागबाट निजहरूका नाममा जारी भएको नदेखिएबाट सो अनुमति पत्र किर्ते भएकोमा यहाँ विवाद रहेको देखिएन । यातायात व्यवस्था कार्यालयको पत्रबाट प्रतिवादी अनुष तामाङबाट बरामद गरिएको ०६-०२५८२४ नं. को सवारी चालक अनुमति पत्र दिनेश थापा मगरको नाममा र प्रतिवादी रमेशप्रसाद चौलागाईबाट बरामद गरिएको ०६०-१८५३८० नं. को अनुमति पत्र समन के.सी. को नाममा जारी भएको भन्ने यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, बागमती, एकान्तकुना, ललितपुरको च.नं.८५ मिति २०६६।५।१५ को पत्रबाट देखिने।

प्रतिवादीमध्येका अनुष तामाङले आफू तीन वर्षदेखि सवारी साधन चलाउँदै आएको र ठुलो गाडी चलाउनको लागि नाम ठेगाना थाहा नभएको व्यक्तिसँग सम्पर्क गर्दा निजले सम्पूर्ण कार्य गरिदिने गरी रू.१६,५००।- लिई सवारी चालक अनुमति पत्र बनाई ल्याई दिएकोमा प्रहरीको चेकजाँचमा मात्र नक्कली भएको थाहा पाएको भनी मौकामा र मौकाको बयान ठिकै हो, अभियोगबमोजिम कसुर नगरेको हुँदा सजाय हुनुपर्ने होइन भनी अदालतमा बयान गरेको देखियो । त्यसैगरी अर्का प्रतिवादी रमेशप्रसाद

चौलागाईले सिंहदरबारमा ट्रायल र परीक्षा दिई सवारी चालक अनुमति पत्र लिएको हो, नाम थर थाहा नभएको व्यक्तिले सम्पूर्ण काम गरिदिने भनी रू.८,०००।- लिई सवारी चालक अनुमति पत्र बनाई दिएका हुन्, चेक जाँच गर्दा मात्र उक्त अनुमति पत्र नक्कली भन्ने थाहा पाएको भनी मौकामा बयान गरेका र मौकाको बयान ठिकै हो, लाइसेन्स बनाउने काम आफूले प्रत्यक्ष नगरेको हुँदा सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखियो। नक्कली सवारी चालक अनुमति पत्र प्रतिवादीहरूबाट बरामद गरेको र निजहरूले कसरी नक्कली सवारी चालक अनुमति पत्र बनाए थाहा भएन भनी घटना विवरण कागज गरिदिने मानिसहरूले आफ्नो बेहोरा लेखाएको देखिने।

प्रतिवादीहरू अनुष तामाङ र रमेशप्रसाद चौलागाईले आफूहरूले नाम ठेगाना थाहा नभएको मानिसलाई केही रकम दिई आफ्नो नाममा सवारी अनुमति पत्र बनाउन लगाएकोसम्ममा स्वीकार गरेको तर प्रत्यक्षरूपमा जानी-जानी सरकारी छाप दस्तखत प्रयोग गरी किर्ते सवारी चालक अनुमति पत्र तयार गर्ने कार्य नगरेको भनी मौका तथा अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेका छन् भने वादी नेपाल सरकारले प्रतिवादीहरूको उक्त कार्यमा प्रत्यक्ष संलग्नता रहेको भनी कुनै पनि ठोस शंकारहित सबुद प्रमाण पेस गर्न सकेको अवस्थासमेत नदेखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, किर्ते कागजको महलको ११ नं. बमोजिम मतियारसम्मको कसुर गरेको ठहराई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू अनुष तामाङ र रमेशप्रसाद चौलागाई किर्ते सवारी चालक अनुमति पत्र तयार गर्ने कार्यको मतियारसम्म देखिई मुलुकी ऐन, किर्ते कागजको महलको ९ र ११ नं. बमोजिम आधा सजाय हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।१०।१८ को फैसला सदर हुने ठहराएको मिति २०७०।१२।३ को पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल आषाढ ७ गते रोज १ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-CR-००६८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. नन्दलाल तामाङसमेत*

हामी जाहेरवालालगायत १२ जनालाई वैदेशिक रोजगारको लागि न्युजिल्यान्ड पठाइदिने भनी झुक्याई भारतको नयाँ दिल्लीमा लगी नयाँ दिल्लीको विभिन्न होटलमा राखी हामीबाट पटक पटक गरी रू.७८,००,०००।– (अठहत्तर लाख) रकम लिई हामीलाई अलपत्र पारी भनेबमोजिम वैदेशिक रोजगारमा पठाउन नसकेको र लिएको रकमसमेत फिर्ता नगरेको हुँदा प्रतिवादी नन्दलाल तामाङसमेतलाई वैदेशिक रोजगार ऐनबमोजिम सजाय गरी हामीहरूबाट लिएको रकम दिलाई क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्ने विनोद लामा र जितेन्द्रदास कथवनियाँको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको पाइयो । सोही जाहेरीको आधारमा यी प्रतिवादीहरूउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिए खाएको बिगो र हर्जानासमेत दिलाई भराई पाउँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणले यी प्रतिवादी नन्दलाल तामाङ र आसकुमार तामाङले आरोपित कसुर गरेको ठहर गर्दै प्रतिवादीहरूमध्येका नन्दलाल तामाङको मृत्यु भइसकेकोले निजलाई मुलुकी ऐन, दण्ड सजायको ३ नं. अनुसार केही सजाय नगरी अर्का

प्रतिवादी आसकुमार तामाङलाई ऐ. ऐनको दफा ४३ बमोजिम रू.२,००,०००।- (दुई लाख) जरिवाना र २-०-० (दुई वर्ष) कैद सजाय हुने र बिगोको हकमा मृतकसमेतको हकमा निजका हकवाला छोरा प्रतिवादी आसकुमार तामाङबाट अभियोग मागदाबीबमोजिम हर्जानासमेतको बिगो जाहेरवालाहरूले पाउने गरी फैसला गरेको देखिने।

प्रतिवादी आसकुमार तामाङको पुनरावेदन परेको अवस्था नभई प्रतिवादीहरूलाई अभियोग मागदाबीभन्दा कम सजाय गर्नुको साथै सफाइसमेत दिएको भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको पाइयो। सोतर्फ दृष्टिगत गर्दा, वैदेशिक रोजगार न्यायाधिकरण ऐन, २०६४ को दफा ४३ मा भएको कानूनी व्यवस्था भएकोमा वादी नेपाल सरकारले आफ्नो पुनरावेदनमा जाहेरवालाको बिगो र हर्जाना सम्बन्धमा कुनै जिकिर नलिएको हुँदा प्रतिवादीहरूलाई भएको जरिवाना र कैदको सम्बन्धमा मात्र सीमित रही प्रस्तुत मुद्दाको निरूपण हुनुपर्ने देखियो। मिसिल संलग्न प्रतिवादी नन्दलाल तामाङले आसकुमार तामाङको हकमा समेत आर्थिक दायित्व हुने गरी जाहेरवालालगायत १२ जना व्यक्तिसँग जम्मा रू.७८,००,०००।- (अठहत्तर लाख) रकम लिई गरिदिएको लिखत कागजको बेहोरा हेर्दा जाहेरवालालगायतका व्यक्तिहरूलाई रोजगारीको लागि न्युजिल्यान्ड लैजाने सर्त रहेको देखिन्छ। प्रस्तुत मुद्दाको जाहेरी एवं अभियोग दाबीमा पनि प्रतिवादीहरूले सर्तबमोजिम वैदेशिक रोजगारीको लागि न्युजिल्यान्ड पठाउन सकेको भन्ने नदेखिने।

प्रतिवादीहरूले इजाजतपत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारमा लगाइदिने उद्देश्यले जाहेरवालासँग लिए खाएको रकम र सोको पचास प्रतिशतले हुने हर्जाना रकमसमेत कानूनबमोजिम जाहेरवालालाई भराइदिने गरी निर्णय भइरहेको अवस्थामा जाहेरवालाहरूको भारतको नयाँ दिल्लीमा भएको खर्चसम्म नभराएको अवस्था देखियो। प्रस्तुत मुद्दाको अभियोग मागदाबीमै यी प्रतिवादीहरूले सर्तबमोजिम जाहेरवालालाई विदेश न्युजिल्यान्ड पठाउन नसकी भारतको नयाँ दिल्लीसम्म मात्र पुऱ्याएको भन्ने देखिँदा जाहेरवालालाई गन्तव्य मुलुकमा पठाई नसकेको अवस्था देखियो। उपर्युक्त कानूनी प्रावधानबमोजिम गन्तव्य मुलुकमा पठाई नसकेको अवस्थामा तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजायको आधा सजाय हुने देखिन्छ र प्रस्तुत मुद्दामा प्रतिवादी आसकुमार तामाङलाई रू.२,००,०००।- (दुई लाख) जरिवाना र दुई वर्ष कैद सजाय हुने ठहर भएको देखिँदा अभियोग मागदाबीभन्दा कम जरिवाना तथा सजाय गरेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी नन्दलाल तामाङलाई सफाइ दिएको भन्ने जिकिरतर्फ हेर्दा निज प्रतिवादी नन्दलाल तामाङको मिति २०७२।०७।०६ मा मत्यु भएको कुरा मृत्यु दर्ता प्रमाण पत्रबाट देखिएको भन्ने आधारमा निजलाई मुलुकी ऐन, दण्ड सजायको ३ नं. अनुसार केही सजाय गर्नु परेन भनी वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा उल्लेख भएको देखिने।

अपराधीसँगै अपराधको मृत्यु हुन्छ भन्ने फौजदारी कानूनको मान्य सिद्धान्त रहेको र मुलुकी ऐन, अदालती बन्दोबस्तीको महलको १७६ नं. ले पनि सोही किसिमको कानूनी व्यवस्था गरेको र दण्ड सजायको महलको ३ नं. मा पनि सजाय भइसकेको तर असुलउपर नहुँदै प्रतिवादीको मृत्यु भएको अवस्थामा सजाय माफ हुने कुरा उल्लेख भएको देखियो। सोअनुसार मृत्यु भइसकेको व्यक्तिले फौजदारी कसुर गरेको प्रमाणित भई निजलाई जरिवाना, कैद वा बिशौंद लागेमा त्यसबाट माफी पाउने अर्थात् मृत्यु भइसकेका व्यक्तिले फौजदारी दायित्वबाट उन्मुक्ति पाउने हुन्छ। मृत्यु भइसकेको व्यक्तिलाई लागेको कैद तथा जरिवाना

निजको हकवालाबाट असुल गराउन मिल्दैन । देवानी दायित्वको हकमा भने मृत्यु भइसकेको व्यक्तिले लिए खाएको देखिएको वा निजले तिर्नु बुझाउनुपर्ने रकम वा निजबाट भराउनुपर्ने बिगो निजको अपुताली खाने हकवालाले तिर्नु बुझाउनुपर्ने कानूनी व्यवस्था रहेको पाइयो । सोही कानूनी व्यवस्थाअनुरूप निज प्रतिवादी नन्दलाल तामाङले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गर्दै निज प्रतिवादीले जाहेरवालालाई तिर्नु बुझाउनुपर्ने बिगोको हकमा निजको हक खाने छोरा प्रतिवादी आसकुमार तामाङबाट हर्जानासहितको रकम भराई पाउने र जरिवाना र कैदको हकमा केही गरिरहनु नपर्ने भनी फैसला भएको देखिएको स्थितिमा निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेत कानूनसम्मत नदेखिने ।

तसर्थ, उल्लिखित विभिन्न आधार कारणसमेतबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३/४/३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७७ साल जेठ २० गते रोज ३ शुभम् ।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WO-०३७९, उत्प्रेषण / परमादेश, रामप्रसाद मुखिया वि. उच्च अदालत विराटनगरसमेत*

निवेदक र विपक्षी अर्जुन मुखियाबिच मोरङ जिल्ला अदालतमा दे.मि.नं. २२६० को लेनदेन मुद्दा परी उक्त मुद्दामा यी निवेदक रामप्रसाद मुखियाले विपक्षी अर्जुन मुखियाबाट सावाँ र ब्याजसमेत भरी पाउने ठहरी मिति २०७४।०५।०७ मा फैसला भएको देखिन्छ । उक्त फैसला अन्तिम भएपश्चात् फैसला कार्यान्वयनका क्रममा निवेदकले फैसला कार्यान्वयनका लागि निवेदन दिई बिगो नं.२७३ को निवेदनमा बिगो भरी भराउको कामकारबाही अगाडि बढेको दखिन्छ । सोही क्रममा विपक्षीको नाउँमा जारी भएको ३५ दिने म्यादमा निजले बिगो बुझाउन नसकी आफ्नो नाउँ दर्तामा रहेको मोरङ जितुवा वडा नं.१ (क) कि.नं.६८५२ को जग्गाबाट बिगो असुलउपरका क्रममा मिति २०७५।१२।२८ मा जायजात मुचुल्का भएको देखिन्छ । उक्त मिति २०७५।१२।२८ मा भएको जायजात मुचुल्का हेर्दा उक्त मुद्दाका वादी यी निवेदक रामप्रसाद मुखिया रोहवरमा बसी सहीछापसमेत गरेको देखिन्छ । मोरङ जिल्ला अदालतका तहसिलदारबाट मिति २०७६।०१।२३ मा पञ्चकृते मूल्याङ्कन गर्दा जायजात मुचुल्का र रजिस्ट्रेन प्रयोजनको लागि मालपोत कार्यालय मोरङबाट भएको मूल्याङ्कनसमेतलाई दृष्टिगत गरी उक्त जग्गाको पञ्चकृते मूल्याङ्कन गरिएको भन्ने उल्लेख भएको पाइन्छ । उक्त पञ्चकृते मूल्याङ्कनउपर यी निवेदकले चित्त नबुझाई मोरङ जिल्ला अदालतका न्यायाधीशसमक्ष उजुरी गरेकोमा उक्त अदालतबाट उक्त मूल्याङ्कन सदर भएको र उक्त सदर भएको आदेशउपर उच्च अदालत विराटनगरमा समेत निवेदन दिई उक्त उच्च अदालत विराटनगरबाट समेत उक्त आदेश सदर भएको देखिन्छ । यसरी पञ्चकृते मूल्याङ्कन तहतहबाट सदर भई प्रक्रिया टुङ्गिएको देखिन्छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२(६) मा बिगो बुझाउने पक्ष अदालतमा हाजिर नभएमा वा उपस्थित भए पनि उपदफा ३ बमोजिमको समयभित्र बिगोबापत रकम नबुझाएमा उपदफा (५) बमोजिम सम्पत्ति नदेखाएमा वा त्यसरी देखाएको सम्पत्तिबाट बिगो भराउन सम्भव नभई बिगो भराई पाउनेले मन्जुर नगरेमा निज बिगो भरी पाउने पक्षले बिगो बुझाउने पक्षको अन्य सम्पत्ति देखाई त्यस्तो सम्पत्तिबाट बिगो भरी पाउन अदालतसमक्ष निवेदन दिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । यी निवेदकको बिगो उल्लिखित जग्गाबाट असुलउपर हुन नसक्ने कारण देखाई विपक्षीको अर्को

जग्गाबाट असुलउपर गरिपाउँ भनी यी निवेदकले सुरू अदालतमा निवेदन दिएको देखिँदैन । बिगोको कारबाहीमा सहभागिता जनाई निश्चित प्रक्रिया सम्पन्न भएपछि पञ्चकृते मूल्याङ्कनलाई चुनौती दिएको देखिन्छ । विपक्षीले बिगो असुलउपरको लागि देखाएको उक्त कि.नं.६८५२ बाट बिगोको कारबाही हुन नसक्ने भनी सुरूमा कुनै विमति जनाएको नपाइने ।

निवेदकको बिगो बुझाउनका लागि विपक्षी अर्जुन मुखियालाई तोकिएको मितिमा नगद बुझाउन नसक्ने जनाई आफ्नो नाउँको कि.नं.६८५२ को कित्ता जग्गाबाट बिगो भराई पाउँ भनी निवेदन दिएकोसमेत देखिन्छ । विपक्षीले उक्त निवेदन दिई सोही कित्ता जग्गाबाट बिगो असुलउपरका लागि भएको जातजात मुचुल्कासमेतमा यी निवेदकले सहमति जनाएको मिसिल अध्ययनबाट देखिन्छ । उक्त मुद्दाका वादी यी निवेदक रामप्रसाद मुखियाको बिगो उल्लिखित जग्गाबाट असुलउपर हुन नसकेको अवस्थामा विपक्षीको अर्को जग्गाबाट पनि असुलउपर हुन सक्ने कानूनी व्यवस्था रहे भएको अवस्थामा उक्त कि.नं.६८५२ बाट निवेदकको बिगो असुल हुन नसकेको अवस्थामा प्रतिवादी विपक्षीको अर्को जग्गाबाट असुल हुन सक्दछ । सोका लागि निवेदकले निवेदन दिन सक्ने स्पष्ट कानूनी व्यवस्था रहे भएको देखिन्छ । यस्तो अवस्थामा सोतर्फ नलागी यी निवेदक रिटको बाटोबाट अदालत प्रवेश गरेको देखिन्छ । सामान्यत: निवेदकको बिगो असुलउपर नहुँदासम्म रोक्का रहेको विपक्षीको अन्य जग्गा फुकुवा गर्न मिल्दैन । अदालतले निवेदकको बिगो असुलउपर गर्नेतर्फ विशेष दृष्टि दिने नै हुन्छ । प्रस्तुत निवेदनको विषय निवेदकको बिगो असुलउपरसँग सम्बन्धित हुँदा निवेदकको बिगो असुलउपर गराउनेतर्फ सुरू अदालतले पहल गर्नेछ भन्ने स्वाभाविक अपेक्षा रहने ।

तसर्थ, मालपोत कार्यालयको मूल्याङ्कनलाई समेत दृष्टिगत गरी भएको पञ्चकृते मूल्याङ्कनलाई मोरङ जिल्ला अदालत र उच्च अदालत विराटनगरबाट समेत हेरिएको हुँदा रिट क्षेत्रबाट हस्तक्षेप गर्न उचित र आवश्यक देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम् ।

इजलास नं.११

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-WO-०४४१, उत्प्रेषण / परमादेश, अनन्त आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदक अनन्त आचार्यलाई उमेर हदका कारण अवकाश हुन करिब ८ महिना बाँकी हुँदा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत सडक विभागमा कार्यरत रहेको अवस्थामा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीस्तरको मिति २०७५।६।९को निर्णयबमोजिम सोही मितिको पत्रबाट भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. २ मा कामकाज गर्न खटाइएको र मिति २०७५।७।८मा रमाना पत्रसमेत तयार भएकोमा यस अदालतको मिति २०७५।७।२६ को अन्तरिम आदेशले उक्त निर्णय एवम् पत्रको कार्यान्वयन रोकिएको रहेछ । निज निवेदक साबिककै कार्यालयमा कार्यरत रहेको अवस्थामा उमेर हदका कारण मिति २०७६।३।१६ देखि अनिवार्य अवकाश भएको देखिन्छ । सो कुरा निजको रिट निवेदनमा उल्लेख भएको देखिएको र निजका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता र विपक्षीहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताले समेत निज उक्त मितिदेखि अवकाश भइसक्नुभएको भनी बहसको क्रममा इजलाससमक्ष जानकारी गराउनु

भएकोले निज रिट निवेदक उमेर हदको कारण अवकाश भइसक्नु भएकोमा विवाद देखिएन । रिट निवेदकको अवकाशसँगै निजले रिट निवेदनमा उठाएका विषयवस्तुको औचित्यसमेत समाप्त भइसकेको देखिएकोले निवेदन मागबमोजिमका विषयवस्तुभित्र प्रवेश गरिरहनुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-WO-०४७०, उत्प्रेषण / परमादेश / प्रतिषेध, आशाकुमारी भुडेर वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारसमेत*

निवेदिका आशाकुमारी भुडेरले निजको काज सरूवा भएकै विषयमा मुद्दा नं. ०७५-WO-०१८४ को उत्प्रेषण, परमादेश, निषेधाज्ञाको निवेदन मिति २०७५।७।१३ मा र मुद्दा नं.०७५-WO-०१९१ को निषेधाज्ञा मुद्दा मिति २०७५।७।१५ मा उच्च अदालत जनकपुर, राजविराज इजलासमा दायर गरेको भनी विपक्षी नगर कार्यपालिकाको कार्यालय, मिर्चैयासमेतको लिखित जवाफ बेहोराबाट देखिएको छ । कम्प्युटरबाट उक्त अदालतको मुद्दाको प्रक्रियागत विवरणमा उक्त मुद्दाहरू हेर्दा उल्लिखित मितिमा नै दर्ता भएको देखिएको साथै मुद्दा नं. ०७५-WO-०१८४ को उत्प्रेषण, परमादेश, निषेधाज्ञा निवेदनमा मिति २०७५।७।१४ को पेसीको स्थिति (Status) मा र मुद्दा नं. ०७५-WO-०१९१ को निषेधाज्ञा निवेदनमा २०७५।७।१६ को पेसीको स्थिति (Status) मा ***"कारण देखाउ आदेश र अन्तरिम आदेश जारी नहुने"*** भनी जनाएको देखिएको र उक्त दुवै निवेदनहरू मिति २०७५।८।२८ मा पेसीमा रहेको देखियो । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० मा निवेदन दिँदा निवेदनमा खुलाउनुपर्ने कुराहरूका बारेमा उल्लेख गरिएको छ । उक्त खुलाउनुपर्ने कुराहरूमध्ये नियम ४०(२)(ग) मा ***"निवेदकले उठाएको विषय यसअघि अदालतबाट निरूपण नभएको वा सो विषय अदालतमा विचाराधीन नरहेको कुरा"*** समेत निवेदनमा खुलाउनुपर्ने भन्ने उल्लेख भएको देखिने ।

निवेदिकाले आफूलाई मार्का परेको विषयमा उच्च अदालत जनकपुर, राजविराज इजलासमा निवेदन दिएकी र सो अदालतबाट आफूले माग गरेको कुरा अन्तरिम आदेशबाट नपाएपछि मात्र यस अदालतमा प्रवेश गरेको अवस्था देखियो । रिट निवेदन दर्ता गर्दा निवेदनमा खुलाउनुपर्ने कुराहरू कानूनले निश्चित गरेको अवस्थामा ती कुराहरू अनिवार्य रूपमा खुलाउनु पर्दछ । यी निवेदिकाले जानीजानी उल्लिखित नियम ४०(२)(ग) का तथ्यलाई लुकाएर यस अदालतमा निवेदन दिएको अवस्था छ । एउटै पक्ष र एउटै विवादित विषय भएको विवादमा एक अदालतमा निवेदन दर्ता गराई विचाराधीन रहिरहेको अवस्थामा सोबारे यस अदालतलाई झुक्यानमा पारी निवेदन दर्ता गरी आफ्नोअनुकूल आदेश गराउन खोज्ने प्रवृत्तिलाई प्राङ्गन्यायको सिद्धान्तले तथा अदालत प्रवेश गर्दा सफाहात लिई प्रस्तुत हुनुपर्ने भन्ने मान्यताका आधारमा समेत स्वीकार गर्दैन । यी निवेदिकाले तथ्य लुकाई गम्भीर कानूनी त्रुटि गरी रिट निवेदन दर्ता गराएको देखियो । निवेदन नै कानूनको गम्भीर त्रुटि गरी दर्ता भएको छ भने त्यस्तो निवेदनबाट माग गरेको उपचार पाउन सकिने भन्ने हुँदैन । विद्याको मन्दिर मानिएको र साना-साना बालबालिकाहरूलाई समेत असल एवम् सचेत नागरिक बनाउने जिम्मेवारी बोकी अध्यापन गरी आएकी यी निवेदिकाको यस प्रकृतिको आचरण र व्यवहारबाट निजले विद्यार्थीलाई देशको न्याय व्यवस्थाउपरको आस्था र विश्वास तथा नागरिकको न्यायमा पहुँचको विषयमा कस्तो सन्देश पुऱ्याउँछ भन्ने गम्भीर विषयमा समेत यस इजलासको

ध्यानाकर्षण भएको छ। अध्यापन पेसामा संलग्न कसैले पनि देशको संविधान, कानून तथा न्यायपालिकासँग छलकपट गर्नु हुँदैन भन्नेबारे सचेत रहनु आवश्यक छ। अब यी निवेदिकाले आफूले काम गरेको अवधिको पारिश्रमिक नपाएको भन्नेसमेत जिकिर लिएकोतर्फ पनि यस इजलासको ध्यानाकर्षण भएको छ । अदालतको आदेश वा अन्य कुनै कानूनसङ्गतको कारबाही वा आदेशबाट यी निवेदिकाको सरूवा रोकिएको कारण निजले कार्यस्थलमा उपस्थित भई गरेको श्रमबापत पारिश्रमिक नपाउने भन्ने हुँदैन । सम्बन्धित निकायबाट काम गरेबापतको पारिश्रमिक सम्बन्धमा संवैधानिक एवम् कानूनी व्यवस्थाहरूको उपहास गरी कर्मचारीलाई हाजिर रही काम गरेको तलब नै दिँदैन भनी विश्वास गरिहाल्नुपर्ने कारण पनि देखिँदैन । कुनै कारणवश यी निवेदिकाले आफू कार्यरत रहेको अवधिको कानूनबमोजिम पाउनुपर्ने पारिश्रमिक नपाएमा छुट्टै कारबाही चाल्न सक्ने नै हुँदा उपर्युक्त अवस्था देखिएको प्रस्तुत रिट निवेदनबाटै सो सम्बन्धमा केही बोल्न मिल्ने अवस्था नदेखिने।

अतः उल्लिखित विवेचित आधार कारणबाट निवेदिकाले माग गरेको उपचार उच्च अदालत जनकपुर, राजविराज इजलासमा दर्ता गराएका निवेदनहरूबाटै हुने र एकै विषयमा तथ्य लुकाई यस अदालतमा समानान्तर रूपमा पर्न आएको प्रस्तुत निवेदन कानूनसम्मत देखिन नआई निवेदन मागअनुसार उपचार प्रदान गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदनको विषयवस्तुभित्र प्रवेश गरिरहनपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम्।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी, *०७२-WO-००५१, उत्प्रेषण, श्यामबाबु गुप्ता वि. भूमि सुधार तथा व्यवस्था विभागसमेत*

रिट निवेदक श्यामबाबु गुप्ताले भोगचलन गरेको भनी दाबी गरेको कि.नं. १४४१ को जग्गाको सम्बन्धमा पिपरा सिमरा गा.वि.स.ले सर्वपक्षीय बैठक गरी ऐ. स्थित वडा नं. २ को कि.नं. १४४१ को जग्गा इलाका प्रहरी कार्यालय सिमराको प्रयोजनको लागि पहल गर्ने भनी निर्णय भएको उक्त बैठकको निर्णयसहित निर्णय कार्यान्वयनको लागि पिपरा सिमरा गा.वि.स.ले मिति २०७०।४।२४ मा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेकोमा सरकारी जग्गाको भोगाधिकारसम्बन्धी कार्यनीति, २०६२ बमोजिम प्र. जि.अ. को अध्यक्षतामा बसेको स्थानीय सिफारिस समितिको मिति २०७०।१२।२३ को बैठकले उक्त जग्गा इलाका प्रहरी कार्यालय सिमराको नाउँमा भवन स्थापनाको लागि जग्गाधनी महलमा नेपाल सरकार जनाई इलाका प्रहरी कार्यालय सिमराको नाम उल्लेख गरी दर्ता गरिदिन मा.पो.का. बारामा सिफारिस गरी पठाउने निर्णय भएको र सोही निर्णयअनुसार मा.पो. का. बाराले मिति २०७१।१।८ मा उक्त जग्गा इलाका प्रहरी कार्यालय सिमराको नाउँमा दर्ता गरेको देखिने।

निजले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको स्थानीय सिफारिस समितिको निर्णय के कति कारणले कानूनसम्मत छैन भनी यथेष्ट प्रमाण पेस गर्न सकेको देखिँदैन । साथै उक्त कि.नं. १४४१ को जग्गा खरिद गरेको वा कुन स्रोतबाट प्राप्त गरेको भनी प्रमाणित गर्न पनि सकेको देखिँदैन, केवल भोगचलन गरेको र आफ्नो कि.नं.१७२ को नरबढी जग्गा हो भनी जिकिर लिएको देखिन्छ । निवेदक श्यामबाबु गुप्ताका दाजु पंकजकुमार गुप्ताले कित्ता नं. १४४१ को सार्वजनिक जग्गामा मैले माटो पुर्ने काम तथा भवन निर्माणको कार्य गर्दा भएको खर्च सार्वजनिक जग्गा व्यवस्थापन समितिको निर्णयअनुसार सो जग्गामा संरचना बनाउँदाका बखत लागेको खर्च रू. ५,००,०००।– (रू. पाँच

लाख मात्र) मिति २०६८।५।६ मा बुझी लिएँ भनी भरपाई गरिदिएको देखिन्छ। यसबाट पनि निवेदकका दाजुले उक्त कि.नं. १४४१ को जग्गा सार्वजनिक ऐलानी जग्गा हो भनी समर्थन गरेको देखिन्छ। यसै मागदाबीको सम्बन्धमा निज निवेदक श्यामबाबु गुप्ताले नै इलाका प्रहरी कार्यालय सिमरा बारासमेत विपक्षी भएको रिट नं. ०७१-WO-००६० को निषेधाज्ञा मुद्दा बारा जिल्ला अदालतमा मिति २०७२।१।२७ मा दर्ता गरेको र उक्त निवेदन मागबमोजिम सबुत प्रमाण पेस गरी दाबी प्रमाणित गर्न असमर्थ रहेकोले प्रस्तुत निवेदन फिर्ता गरिपाउँ भनी मिति २०७२।३।३१ मा अदालतमा निवेदन पेस गरेकोमा सोही मितिमै बारा जिल्ला अदालतबाट रू.१०।– जरिवाना गरी प्रस्तुत मुद्दा फिर्ता गरिदिएको छ भनी मुद्दा फिर्ता आदेश भएको देखिन्छ। यो सम्पत्तिमा निवेदकको निर्विवाद हक नरहेको बेहोरा यिनै व्यवहारहरूबाट समेत प्रस्ट भएको छ। यसबाट निजले आफ्नो दाबीबमोजिम सबुत प्रमाण पेस गरी दाबी प्रमाणित गर्न नसक्ने भनी अदालतमा समर्पण गरिसकेको देखिन्छ। यसरी आफूले दाबी गरेको मागको सम्बन्धमा दाबी प्रमाणित गर्न नसकेको तथा एउटै विषयमा जिल्ला अदालतमा मुद्दा दर्ता गरी दाबी प्रमाणित गर्न नसक्ने भनी मुद्दा फिर्ता लिएको, ती बिगतका आफ्नै काम कारबाहीहरूका सम्बन्धमा यस अदालतमा प्रवेश गर्दा तथ्य लुकाई अदालतलाई झुक्याई आफ्नो स्वार्थ सिद्ध गर्न खोजेको र एकपटक टुङ्गो लागिसकेको विषयलाई लिएर यस अदालतमा मुद्दा दायर भएको देखिँदा निवेदकको माग दाबी र बहस जिकिरसँग सहमत हुन सकिएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

फैसला तयार गर्न सहयोग गर्नेः गायत्री बाह्रकोटी

इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम्।

इजलास नं.१२

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CR-२१४१, जबरजस्ती करणी, भुपेन्द्रप्रसाद पटेल वि. नेपाल सरकार

मौकामा भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडितको दुवै हातमा खोस्रिएको घाउका खतहरू देखिएको भन्ने उल्लेख भएको पाइन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा देखिएका घा खतहरू अन्य कुनै कारणले भएको भन्ने देखिएको छैन। यस अवस्थामा सो घाउका खतहरू वारदात हुँदाको अवस्थामा पीडितले प्रतिकार गर्दा लाग्न गएको मान्नुपर्ने देखिन्छ। साथै मौकामा बरामद भएको पीडितको पेटिकोट परीक्षण गर्न पठाएकोमा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको च.नं.२८३ मिति २०७१।४।१८ को पत्रबाट सो पेटिकोटमा Human semen फेला परेको भनी परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ। पेटिकोटमा मानव वीर्य भेटिएको प्रतिवेदन र दुवै हातमा प्रतिकार गर्दा लागेको खोस्रिएको घा खतहरूको विद्यमानताबाट पीडितउपर जबरजस्ती करणीको कसुर भएको प्रमाणित भएको।

प्रतिवादीले अदालतमा बयान गर्दा आफूले जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन, मौकाको बयान इच्छाविपरीतको हो भनी कसुरमा इन्कार रही बयान गरे तापनि निज प्रतिवादीलाई के कसरी डर त्रास दिई इच्छाविपरीत बयान गराएको हो सो कुरा उल्लेख गरी सोको पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिँदैन। साथै मिसिल संलग्न प्रमाणहरूबाट जाहेरवालीले हुँदै नभएको कुराको आरोप लगाउनुपर्नेसम्मको प्रतिवादीसँग कुनै रिसइवी रहे भएकोसमेत देखिँदैन।

जाहेरवालीलगायत घटना विवरण कागज गर्ने र वस्तुस्थिति मुचुल्काका मानिस भोजेन्द्र महतोसमेतले आफूले मौकामा उल्लेख गरेको बेहोराविपरीत प्रतिकूल साक्षी भई बकपत्र गरेको देखिए तापनि जाहेरवालीलगायत घटना विवरण र वस्तुस्थिति मुचुल्काका उल्लिखित व्यक्तिहरूलाई प्रहरीले हुँदै नभएको बेहोरा त्यसै लेखाउनुपर्नेसम्मको कुनै कारण देखिँदैन। यी मानिसहरूले मौकामा कागज गर्दा प्रहरीले लेखी राखेको कागजमा त्यसै सही गरेको भन्ने भनाइ विश्वासलायक देखिँदैन । साथै एउटी विवाहित महिलाले आफ्नै भविष्यलाई जोखिममा पर्ने गरी जबरजस्ती करणी गरेको भनी आरोप लगाउने कुरालाई स्वाभाविक मान्न सकिँदैन। प्रतिकूल बकपत्र गर्ने भन्ने कुरा विभिन्न दबाब, डर, धाकधम्की र अनुचित प्रभावको कारणले पनि हुन सक्छ । यसरी मौकामा कागज गर्ने सबै व्यक्तिहरूको भनाइ वारदात घटेको हो भन्ने भएकोमा अदालतमा एकाएक सबै व्यक्तिहरूले सुरूको भनाइ तथा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिने तथ्यका विपरीत बकपत्र गरेको कुरा विश्वसनीय देखिन नआउने।

यसप्रकार पीडितले आफूलाई जबरजस्ती करणी गर्ने यी प्रतिवादी हुन् भनी किटानी जाहेरी दिएको, निज प्रतिवादी वारदातस्थलमै पक्राउ परेको, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष जाहेरवालीलाई जबरजस्ती करणी गरेको हो भनी साबिती बयान गरेको तथा बुझिएका अन्य व्यक्तिहरूले कागज गर्दा पनि पीडितलाई यी प्रतिवादीले जबरजस्ती करणी गरेको हो भनी कागज गरेको देखिएबाट निज पीडितलाई जबरजस्ती करणी गर्ने कसुरदार यी प्रतिवादी नै भएको कुरा प्रमाणित भइरहेको अवस्था छ। यो स्थितिमा सुरू रौतहट जिल्ला अदालतबाट यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई नमिलेको मान्न नमिल्ने।

अतः प्रतिवादी भुपेन्द्रप्रसाद पटेलले जाहेरवालीलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी भुपेन्द्रप्रसाद पटेललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहाय (४) बमोजिम ५ वर्ष कैदको सजाय तथा पीडितलाई पर्न गएको क्षति र प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम निज प्रतिवादीबाट जाहेरवालीलाई रू.३०,०००।– क्षतिपूर्ति भराइदिनेसमेत ठहर गरी सुरू रौतहट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल जेठ २ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६८-CI-०६६५, लिखित दर्ता बदर दर्ता, निलम देवी केशरी वि. नन्दलाल साह तेलीसमेत

राजीनामाको लिखतमा घर खर्चबापत बेहोरा जनाई थैलीसमेत उल्लेख गरेको र सो थैलीमा उल्लेख भएको रकम प्रतिवादी नमी साहले व्यवहारमा नलगाई खाई मासेको भन्ने वादी दाबी देखिँदैन। घरको मुली प्रतिवादी नमी साहले अचलमा आधाभन्दा कम जग्गा थैली राखी बिक्री गरेको र निजले उक्त थैलीको रकम खाई मासेको भन्नेसमेत नदेखिएको अवस्थामा उक्त थैलीको रकम व्यवहारमा प्रयोग नभएको भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, अंशबन्डाको १९ नं. को देहाय

(२) मा **आफ्ना पालामा आर्जेको चल अचल सबै एक स्वास्नी वा एक स्वास्नीपट्टिका छोरा अविवाहित छोरी मात्र भएकाले वा अरू छोरा अविवाहित छोरी स्वास्नी मरी त्यस्तो अवस्था हुन आएकाले पनि आफ्नो खुस गर्न पाउँछ । एकदेखि बढ्ता स्वास्नी वा एक स्वास्नीदेखि बढ्ता स्वास्नीपट्टिको छोरा अविवाहित छोरी वा एउटा स्वास्नी र अर्को स्वास्नीपट्टिका छोरा अविवाहित छोरी भएकाले सो भएका अवस्थामा भने मन परेका स्वास्नी छोरा अविवाहिता छोरीलाई दिनबाहेक आफ्नो खुसी गर्न पाउँछ । मन परेका कोही स्वास्नी छोरा अविवाहित छोरीलाई मात्र बकससमेत केही बेहोरा गरिदिन भने हुँदैन । सबै स्वास्नी छोरा अविवाहित छोरीलाई ऐनले पाउने भागबमोजिम दिएको भए मात्र सदर हुन्छ** भन्ने पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाले आफ्नो पालामा आर्जेको सम्पत्ति मन परेका स्वास्नी छोरा अविवाहिता छोरीलाई दिन बाहेक आफ्नो खुसी गर्न पाउने भन्ने देखिन्छ । यस अदालतको पूर्ण इजलासबाट मिनबहादुर बस्नेत विरूद्ध वेदकुमारी बस्नेतसमेत भएको बकसपत्र बदर मुद्दामा प्रतिवादी तेजबहादुरले यज्ञप्रसाद गौतमसँग २०४१।२।२९ मा राजीनामाबाट खरिद गरेको जग्गा बिक्री गर्दै कित्ताकाट हुँदै बाँकी कि.नं. ३५५ र ३८६ को जग्गा मिनबहादुरलाई बकसपत्र गरी दिएकोमा सोउपर सगोलका अंशियार पत्नी तथा छोराहरूले हाम्रो मन्जुरीबेगर दिएको बकसपत्र बदर गरिपाउँ भनी दिएको मुद्दामा **दान बकसको १ नं. मा प्रयुक्त आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ । आफ्नो खुस गर्न पाउनेबाहेक अरूमा अंशियार र हक हुनेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरी दिन हुँदैन भन्ने शब्दावलीले अंशबन्डाको महलको १८ नं. ले बन्डा गर्न कर नलाग्ने र १९ नं. को देहाय २ ले आफ्नो पालामा आर्जित सम्पत्ति आफूखुस गर्न पाउने नै देखिने** (ने.का.प.२०५९ अङ्क ५/६ निर्णय नं.७०८७) भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादी नमी साहले भवानीकुमारी कोइरिनसँग राजीनामाको लिखतबाट खरिद गरी श्रीमती तथा छोराहरूको मन्जुरी नलिई प्रतिवादी निलमदेवीलाई बिक्री गरेकोउपर पत्नी तथा छोराहरूले आफ्नो हक जति बदर गरी पाउन फिराद दायर गरेको देखिन्छ । प्रस्तुत मुद्दा र उल्लिखित मिनबहादुरसमेत भएको बकसपत्र बदर मुद्दामा आफ्नो पालामा खरिद गरेको जग्गा हक हस्तान्तरण गरी अन्य व्यक्तिलाई दिएको देखिएकोले दुवै मुद्दाको प्रकृति उस्तै प्रकारको देखिन्छ । उक्त मुद्दामा मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. को देहाय २ ले आफ्नो पालामा आर्जित सम्पत्ति आफूखुस गर्न पाउने भनी बकसपत्र बदर भएको नदेखिएको अवस्थामा सो मुद्दामा प्रतिपादन भएको उल्लिखित कानूनी सिद्धान्त प्रस्तुत मुद्दामा पनि आकर्षित हुने नै देखियो । तसर्थ, उल्लिखित कानूनी सिद्धान्त तथा अंशबन्डाको १९ नं. को देहाय २ बमोजिम विवादित जग्गा प्रतिवादी नमी साहले आफ्नो पालामा आर्जेको आफूखुस गर्न पाउने सम्पत्ति नै देखिन आयो । यस्तो सम्पत्ति बिक्री गर्दा वादीहरूको मन्जुरी लिइरहनुपर्ने देखिएन ।

साथै वादी सुगापतीले मिति २०६३।४।१० मा अंश बुझिसकेपछि सो मितिपछि बिक्री भएको कि.नं. ५५८ को जग्गाउपर सगोलको हक लाग्ने भनी छोराहरूसहित संयुक्त रूपमा फिराद दायर गरेको र छोराहरूले पनि आमाले अंश बुझेको तथ्य लुकाई आमासहित संयुक्त रूपमा फिराद गरेको देखिन्छ । लिखतमा साक्षी बस्ने प्रतिवादी राजेन्द्र साहले पनि वादी सुगापतीले अंश बुझेको तथ्यलाई लुकाई उक्त जग्गा सबैको हक लाग्ने भनी वादी दाबीलाई समर्थन गरी प्रतिउत्तर फिराएको र अर्का प्रतिवादी नमी साहले प्रतिउत्तर नफिराई बसेको देखिन्छ । यसरी जग्गा बिक्री गर्ने व्यक्तिले प्रतिउत्तर नफिराई बसेको, वादीले

वास्तविक तथ्य लुकाई फिराद दायर गरेको र सोलाई समर्थन गरी प्रतिवादी राजेन्द्र साहले पनि प्रतिउत्तर फिराएको देखिँदा निजहरू एकआपसमा मिली जग्गा बिक्रीबाट रकम प्राप्त गरी व्यवहारको गर्जो टरेपछि पुनः बिक्री गरेको जग्गा लिने खाने नियतले मुद्दा दायर गरेको देखिन आउँछ। घरका परिवारका सदस्य मिली व्यवहार चलाउन सम्पत्ति बिक्री गर्ने अनि भएको तथ्य लुकाई सम्पत्ति बदरका लागि मुद्दा दायर गर्दै जाने र त्यस्तो व्यवहारले संरक्षण पाउँदै जाने हो भने समाजमा यस्ता दूषित काम कारबाहीले प्रश्रय पाउनुका साथै नागरिकबिचको व्यवहारसमेत असुरक्षित र जटिल हुनुको साथै समाजमा कपटपूर्ण व्यवहारको बोलवाला हुने खतरा भइरहने।

तसर्थ, प्रतिवादी नमी साहले आफ्नो पालामा आर्जेको जग्गा प्रतिवादी निलमदेवीलाई बिक्री गरेको देखिएको र सो जग्गा आधाभन्दा कम रहेको साथै लिखतमा थैलीसमेत उल्लेख गरेको देखिँदा त्यस्तो जग्गा बिक्री गर्दा वादीहरूको मन्जुरी लिई रहनुपर्ने देखिएन। प्रतिवादी नमी साहले वादीहरूको मन्जुरी लिन नपर्ने जग्गा बिक्री गरेको अवस्थामा वादी दाबी नपुग्ने सुरू अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने।

अतः माथि विवेचित आधार कारण तथा कानूनी सिद्धान्तसमेतबाट विवादित कि.नं. ५५८ को जग्गामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको सुरू बारा जिल्ला अदालतको मिति २०६७।१।१४ को फैसला सदर गर्नुपर्नेमा उल्टी गरी वादी दाबीबमोजिम ६ खण्डको ४ खण्ड लिखत दर्ता बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।३।२६ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर गरेको सुरू फैसला सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाइँ

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल असोज ८ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७५-WO-०६३३, उत्प्रेषण / परमादेश, रामबाबु राउत कुर्मीसमेत वि. हिमालय डिष्टिलरी लि. समेत

निवेदकहरू मिति २०७३।२।१७ मा बोनस रकमसम्बन्धी विषयमा हिमालय डिष्टिलरी लिमिटेडको परिसरमा हुलदङ्गा, तोडफोडसमेतमा संलग्न रही सुरक्षाकर्मीलाई कुटपिट गरी हातसमेत भाँचिदिएको भनी किटानी प्रतिवेदन परेपश्चात् प्रतिष्ठानले मिति २०७४।१।५ मा पत्राचार गरी श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिमको खराब आचरणमा दफा ५२(४) बमोजिम सेवाबाट किन अवकाश नदिने भनी दफा ५३ बमोजिम निजहरूसँग स्पष्टीकरण माग्दा आफूहरू प्रतिष्ठानभित्र हुलहुज्जत नगरेको, कसैलाई हातपात तथा गालीगलौजसमेत नगरेको जिकिर लिएको पाइन्छ । तथापि निजहरूउपर परेको किटानी प्रतिवेदन, सुरक्षाकर्मी रूद्रबहादुर खड्काको घा जाँच प्रतिवेदन, वडा प्रहरी कार्यालय, श्रीपुर पर्साको मिति २०७४।१।६ को पत्र बेहोरा, प्रतिवेदक जोगेन्द्रप्रसाद कुर्मी र विनोदकुमार श्रेष्ठले यी निवेदकहरूले कुटपिट गरेको आफ्नै आँखाले देखेको हुँ भनी प्रतिवेदन बेहोरालाई समर्थित हुने गरी श्रम अदालतमा गरिदिएको बकपत्र, त्यस्तै सि.सि. क्यामेराको रेकर्डबाट उक्त मितिमा कामदारहरूले जबर्जस्ती गेट बन्द गरेको, सुरक्षाकर्मीमाथि हातपात गरेको र कार्यालयका कुर्सीलगायतका सामान झिकी तोडफोड गरेको देखिएको भन्नेसमेतका आधारमा यी निवेदकहरूलाई सेवाबाट हटाउने गरी प्रतिष्ठानले मिति २०७४।१।१७ मा गरेको निर्णयमा कुनै कानूनी त्रुटि देखिएन। यसरी हिमालय डिष्टिलरी लिमिटेडले निवेदकहरूलाई प्रतिवाद गर्ने मौकासमेत प्रदान गरी श्रम ऐन, २०४८ को दफा ५२(४) बमोजिम गरेको कानूनसम्मत निर्णयलाई सदर गर्ने गरी श्रम अदालत, काठमाडौंबाट मिति

२०७५।४।२३ मा भएको फैसलाले यी निवेदकहरूको कुनै पनि प्रकारको संवैधानिक एवं कानूनी हकमा आघात पुगेको अवस्था देखिन नआउने।

तसर्थ, माथि विवेचित तथ्य, प्रमाण एवम् कानूनको आधारमा निवेदन मागबमोजिम हिमालय डिष्टिलरी लिमिटेडले निवेदकहरूलाई सेवाबाट हटाउने गरी मिति २०७४।१।१७ मा गरेको निर्णयलाई सदर गरेको श्रम अदालत, काठमाडौंबाट मिति २०७५।४।२३ मा भएको फैसलालाई उत्प्रेषण आदेशद्वारा बदर गरी सेवाबाट हटाएको मितिदेखिको हालसम्मको तलब, भत्ता, सुविधा दिलाई पुन: काममा लगाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।

इजलास नं.१३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी, *०७१-CI-०९९७, जग्गा खिचोला मेटाई चलन चलाई, कविराज साउदसमेत वि. नारायणप्रसाद सुवेदीसमेत*

जग्गा खिचोला हुनको मुख्य सर्त भनेकै स्वामित्ववालाको मन्जुरीबेगर जग्गा च्यापी, मिची, घुसाई खाएको हुनुपर्दछ । जग्गा मिच्नेको १ नं.को व्यवस्थाअनुसार एकको हकको जग्गा अर्काले च्यापी, मिची, घुसाई खान र सरकारी तिरो नतिरी कुनै तवरले आफूले खान र अरूलाई खुवाउनसमेत हुँदैन भन्ने व्यवस्था गरेको देखिन्छ। प्रतिवादीहरू नारायणप्रसाद सुवेदी र नारायणप्रसाद गजुरेलले वादी कविराज साउदसमेतको जग्गा च्यापेको, मिचेको र घुसाएको अवस्था देखिँदैन। सामान्यतः च्याप्ने, मिच्ने र घुसाउने कार्य जग्गाका सँधियारहरूको बिचमा उत्पन्न विवाद भएको र विरूद्ध खण्डका प्रतिवादीहरू नारायणप्रसाद गजुरेल र वादी पुनरावेदक कविराज साउदबिचको विवादको प्रकृति सँधियारको रूपमा छिमेकीको जग्गालाई च्याप्ने, मिच्ने र घुसाउने अवस्थाको नदेखिँदा जग्गा मिचेको भनी अर्थ गर्न मिल्ने नदेखिने।

पुनरावेदक वादी कविराज साउदले उपचारको लागि जिल्ला कैलाली फुलबारी गाउँ विकास समिति वडा.नं. ४ प्लट कित्ता नं.६८ को ०-१०-० जग्गामध्ये प्रतिवादी नारायणप्रसाद गजुरेललाई ०-१-१० र ०-२-१० नारायणप्रसाद सुवेदीलाई भोग बन्धकी दिई घरायसी राजीनामासमेत गरी नारायणप्रसाद गजुरेलबाट रू.९६,०००।- र नारायणप्रसाद सुवेदीबाट रू.१,००,०००।- रकम लिएको देखिन्छ । यसरी वादी कविराज साउदले नगद लिएर भोग गर्न दिएको जग्गालाई जग्गा मिचेको भनी अर्थ गर्न मिल्ने नदेखिने।

पुनरावेदक वादी कविराज साउदले भोग बन्धकीबापत लिएको रकमको साँवा ब्याज चुक्ता गरिसकेको भन्ने बेहोरा उल्लेख गरे तापनि रकम तिरिसकेपछि लिखत फट्टा गर्ने कार्य गरेको देखिँदैन । तत्काल तमसुक लिखत उपलब्ध नभएमा अर्को कागज गरी बन्धकीको कागजलाई निष्क्रिय गर्न सकिनेमा सोसमेत गरेको देखिँदैन। यसरी लिए दिएको रकमको बेहोरा लिखत नभएसम्म विश्वसनीय नहुने भएकोले भोग बन्धकी दिएको जग्गाको साँवा ब्याज तिरेको वस्तुनिष्ठ प्रमाणसमेत नदेखिने।

विवादित जग्गाको स्वामित्वको प्रश्नमा विवाद भएको नभई भोग गरेको प्रक्रियामा विवाद भएको देखिन्छ। पुनरावेदक वादीले सहमतिको कागज नै गरी प्रतिवादीहरूलाई भोगाधिकार दिएको अवस्थालाई खिचोला भन्न नसकिनुका साथै भोग बन्धकीको सर्तअनुरूप जग्गा उपभोग गरेको अवस्थामा सुरू

कैलाली जिल्ला अदालतको फैसलालाई उल्टी गरी जग्गा खिचोला गरेको नठहऱ्याएको पुनरावेदन अदालत दिपायलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणबाट सुरू कैलाली जिल्ला अदालतबाट वादीको जग्गा भौतिक संरचनासहित भोगचलन गरेको हुँदा वादीको जग्गा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याएको मिति २०७१।६।२८ को फैसला उल्टी गरी जग्गा खिचोला गरेको नहुँदा फिराद दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।०८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादेवी महर्जन
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७६ साल जेठ ८ गते रोज ४ शुभम्।

इजलास नं.१४

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०६५७, ०९६४, १३४२, कर्तव्य ज्यान, डम्बरी कुँवर भण्डारी वि. नेपाल सरकार*

जाहेरवालाले आफ्नो छोरा लालकेश भण्डारीलाई निजकी कान्छी पत्नी डम्बरी कुँवर भण्डारीको संरक्षकत्वमा छोडी कामको सिलसिलामा अन्यत्र जिल्लामा गएको अवस्थामा प्रतिवादी डम्बरी कुँवर भण्डारीको यी सहप्रतिवादीसँग अनुचित यौन सम्बन्ध राख्ने गरेको कुरा मृतक बालकले थाहा पाई आफ्नो पतिलाई सो कुरा भनी दिने आशंकामा सहप्रतिवादी विषकुमार भाट भन्ने विष्णुकुमार भाट र अलिम साईसमेत भई बालक लालकेश भण्डारीलाई मार्ने योजनानुसार कर्तव्य गरी मारेको तथ्यलाई स्वीकार गर्दै यी प्रतिवादी डम्बरी कुँवर भण्डारीले वारदातको राति अं. १२ बजे विषकुमार भाट भन्ने विष्णुकुमार भाट र अलिम साईसमेत मेरो डेरामा आई अलिम साई कोठाबाहिर नै बसेको र खाटमा म र छोरा लालकेश भण्डारी सुतेको अवस्थामा विष्णुकुमार भाट मेरो कोठाभित्र पसी निजले मलाई खाटमुनि झारी सँगै सुताई यौन सम्पर्क गरिरहेको अवस्थामा छोरा लालकेश भण्डारीले देखेपछि सो कुरा बुबालाई भनिदिन्छु भनेकाले प्रतिवादी विषकुमार भाटले छोरालाई खाटबाट तल झारी भुइँमा टाउको ठोकाई बेहोस पारी कपडाले घाँटी कसी मारेका हुन्। निजलाई मारिसकेपछि कोठामा रहेको तन्नाले बाँधी हात खुट्टा डल्लो बनाई सोही कोठामा रहेको प्लाष्टिकको सेतो बोरा मलाई थाप्न लगाई मृतकलाई हाली कोठाबाहिर लगेका हुन्। विषकुमार भाट र अलिम साई दुईजनाले लास फालेको हुनु पर्दछ। विषकुमार भाटसँगको यौन सम्पर्कको विषय बाहिर नल्याउने उद्देश्यले र इज्जतमा आँच आउने डरका कारण सुरू अनुसन्धानको बयानमा उक्त सबै यथार्थ कुराहरू उल्लेख गर्न नसकेकी हुँ भनी आफ्नो ततिम्बा बयानमा उक्त वारदातका विवरणहरूलाई मालाकार रूपमा उल्लेख गरेको देखिने।

लास जाँच मुचुल्कामा मृतकको घाँटीमा मसिनो कपडाले कसिएको, पिठ्युँ पछाडिको दायाँ भागमा गहिरो चोट रहेको भन्ने कुरा प्रतिवादी डम्बरी कुँवर भण्डारीले अनुसन्धानमा गरेको बयान बेहोरासँग मिलेकै देखिन्छ । उच्च रक्तस्रावको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको, लास बेरेको तन्नाको आधा च्यातिएको भाग प्रतिवादी डम्बरी कुँवर भण्डारीको कोठाबाट बरामद भएको उक्त तन्ना लालकेश भण्डारीलाई मारी फाल्नमा प्रयोग भएको हो भनी दसीका सामान डम्बरी कुँवर भण्डारीले सनाखतमा

आफ्नै हो भनी स्वीकार गरेको पाइयो । साथै जाहेरी बेहोरा र जाहेरी समर्थन हुने गरी भएको बकपत्र, मृतककी आमाले गरेको बकपत्र, मौकामा कागज गर्ने रूपा कार्कीसमेतले गरेको कागज र बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीहरूकै संलग्नतामा मृतक लालकेश भण्डारीको कर्तव्य गरी ज्यान लिएको प्रस्ट देखिरहेको अवस्थामा अदालतमा भएको इन्कारी बयानबाट अनुसन्धानको बयान तथा प्रमाणहरू स्वत: खण्डित हुन नसक्ने । कसुरमा इन्कारी रही अदालतमा गरेको बयानलाई मात्र निर्दोषिता प्रमाणित गर्ने आधार मान्न नसकिने ।

विवादको निरूपण गर्न मुद्दाको तथ्य, प्रतिवादीहरूको सम्बन्धमा देखिएको विकसित घट्नाक्रम एवं परिस्थितिजन्य प्रमाणहरूलाई नियाल्दा यी प्रतिवादीहरूको योजना मुताबिक ११ वर्षीय बालक लालकेश भण्डारीको मृत्यु भएको पुष्टि हुन आएको अवस्थामा कसुरमा इन्कारी बयान रहेको, सहअभियुक्तले पोल गरेकै आधारमा कसुरमा संलग्नता छैन भन्ने आधारमा मात्र यी प्रतिवादीहरू निर्दोष हुन् भन्न मिल्ने नदेखिएको हुँदा जन्मकैदको सजाय ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला बदर गरी हामी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट यी प्रतिवादीहरूले नै मृतक लालकेश भण्डारीलाई कर्तव्य गरी मारेका हुन् भन्ने पुष्टि हुन आएकोले अभियोग दाबीबमोजिम कसुर ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम यी प्रतिवादीहरू डम्बरी कुँवर भण्डारी, विषकुमार भाट भन्ने विष्णुकुमार भाट र अलिम साईलाई जनही जन्मकैदको सजाय हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०८८५, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. रेनु लिम्बू भन्ने रेणु तामाङ*

पीडित १०५ विदेश कुवेतमा घरेलु कामदारको रूपमा गएको र त्यहाँबाट फर्की आएको तथ्यमा विवाद देखिँदैन । निजलाई प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङले विदेश पठाई बेचबिखन गरिन् भन्ने पीडितको आरोप भए पनि प्रतिवादी आफूले पीडितलाई विदेश कुवेतमा पठाई बेचबिखन गरेको नभई विदेश पठाउन र जान कागजात बनाउन सहयोग मात्र गरेकी हुँ भन्ने तथ्यसम्म स्वीकार गरेको देखिन्छ । प्रतिवादीको बयानको यो अंशले पीडित आफैँ कामदारको रूपमा विदेश जान इच्छुक रहेको र सोमा प्रतिवादीले सहयोगसम्म गरेको देखिन आउँछ । पीडित घरेलु कामदारको रूपमा कुवेत गई केही महिना काम गरे पनि काम गर्ने घरमा आफूलाई किनी ल्याएको भनी यौन शोषण गर्न खोजेको कारणले पीडिताले आफूलाई प्रतिवादीले बेचबिखन गरेको आरोप लगाएको अवस्था छ भने प्रतिवादीले पीडिताले विदेशमा काम गर्न नसक्ने भनी बताएपछि प्रतिवादी आफैँले नै हवाइजहाजको टिकट काटी पीडितालाई

नेपाल ल्याउन मद्दत गरेको भनी बयान गरेकी छिन् । यसप्रकार पीडिताको मौकाको सुरूको अनुसन्धान अधिकारीसमक्ष र अदालतबाट समेत प्रमाणित भएको बयान र मौका एवं अदालतसमक्ष प्रतिवादीले कसुरप्रति इन्कार रही गरेको बयानबिचबाट देखिन आएको तथ्यले पीडिता भारतको बाटो नभई नेपालबाट आफ्नै स्वेइच्छाले विदेश कुवेतमा घरेलु कामदारको रूपमा काम गर्न गएको र निजको इच्छाअनुसार विदेश पठाउन कागजपत्र बनाउन मात्र यी प्रतिवादीले पीडितालाई सहयोग गरेको देखिन आउँछ । पीडितालाई विदेश कुवेतमा एउटा कामको लागि भनी पठाएर अर्को काममा लगाएको, निजलाई सुरूमा तलब दिने भने पनि भने जति तलब नदिएको, विदेश कुवेतमा पीडिता बेचिएर निजउपर यौन शोषणका घटनाहरू भएको र सोको लागि निजलाई डर, त्रास, धाकधम्की दिने कार्य भएको, घरकोठामा थुनेर राखेको, बन्धक बनाएको, यातना दिइएको र निजले पाउने तलबसमेत नदिई अन्य नेपालीहरूको समूहको सहयोगबाट पीडितालाई काम गरेको घरबाट उद्धार एवं पुनर्स्थापना गरी नेपाल फर्काइएको अवस्था देखिँदैन। घरेलु कामदारको रूपमा विदेश गएर विदेशमा त्यस्तो अवस्था र परिस्थितिको सामना गरी नेपाल फर्केको अवस्था नदेखिई सो पुष्टि नभएसम्म विदेशमा पीडितालाई बिक्री गरी पठाएको र बिक्री गरेको भन्न मिल्ने नदेखिने।

यस स्थितिमा उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा उक्त दफा ३(१) र ४(१)(क) को कसुर स्थापित हुनका लागि मानिस किनबेच गरेको कुरा पुष्टि हुनुपर्ने हुन्छ । तर यी प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङले पीडित बौद्ध १०५ लाई उल्लिखित आधारमा किनबेच गरेको पुष्टि हुने विश्वसनीय प्रमाणको पूर्णतः अभाव रहेको स्थिति देखिन आउँछ । यी प्रतिवादीले रोजगारीका लागि पीडिता स्वेच्छाले आफैँ विदेश जाने सन्दर्भमा कागजपत्र बनाउन र विदेश जान सहयोगसम्म गरेको देखिन आउँछ । पीडिताले विदेश कुवेतमा दुःख पाई फर्की आएको भन्ने निजको अनुसन्धानका क्रममा अदालतबाट प्रमाणित भएको बयानमा सो कुरा उल्लेख भएको पाइन्छ। पीडिताको सो भनाइ निज नेपाल फर्केको अवस्थासम्मको तथ्यसँग मेल खाएको देखिँदैन भने अदालतमा पीडिताको बकपत्रसमेत हुन सकेको छैन। प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम पीडिता अदालतमा उपस्थित भई बकपत्रसम्म गराई कसुरलाई थप प्रमाणित गराउन नसकेको देखिँदा निज प्रतिवादीले आरोपित कसुर गरेको ठहऱ्याई सजाय गर्न कानून एवम् न्यायसङ्गत हुने देखिन नआउने।

यसरी प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङउपर किटानी जाहेरी परेको भए पनि अदालतबाट बकपत्रका लागि पटकपटक उपस्थित हुन बोलाइएकोमा पीडित उपस्थित नभई बकपत्रसमेत गर्न नसकेको, प्रतिवादीको अनुसन्धान र अदालतमा गरेको इन्कारी रही बयान गरेको र निज प्रतिवादीका साक्षी भिमा नेम्वाङले सो बयानलाई समर्थित हुने गरी बकपत्र गरेको, मिसिल संलग्न कागजहरूबाट पनि पीडित स्वइच्छापूर्वक विदेश कुवेत गएको कुरामा विवाद देखिन नआएकाले यी प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङले पीडित बौद्ध १०५ लाई बिक्री गर्न लगेको भन्ने तथ्य पुष्टि हुन नआई निज पीडित आफ्नै इच्छामा कुवेत गएको भन्ने तथ्य पुष्टि भइरहेको देखिँदा प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङको हकमा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत

पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार, कारणहरू तथा कानूनी व्यवस्थासमेतबाट प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङले पीडित बौद्ध १०५ लाई बिक्री गर्न लगेको पुष्टि नभई पीडित आफ्नै इच्छामा कुवेत गएको तथ्य पुष्टि भएकाले प्रतिवादी रेनु लिम्बू भन्ने रेणु तामाङको हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।०२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७६ साल पुस २ गते रोज ४ शुभम्।

इजलास नं.१५

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-RC-०१२८, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमकुमार राउत*

आफू र यी प्रतिवादी प्रेमकुमार राउतसमेतको पटकपटकको अवैध करणीबाट जन्मेको नवजात पुरूष शिशुलाई यी प्रतिवादीसमेतको संलग्नतामा प्लाष्टिकको झोलामा राखी खोल्सीमा फाली कर्तव्य गरी मारेकोमा साबित रही यी प्रतिवादीलाई किटानीसाथ पोल गरी सहअभियुक्त अम्बिका लुइँटेल (घिमिरे) ले गरेको बयान, औंषा परेको अवस्थामा खोल्सीमा शिशुको लास फेला परेको भन्ने लास जाँच मुचुल्का, शिशु जिउँदै जन्मिएको भन्ने शव परीक्षण प्रतिवेदन, सहअभियुक्त अम्बिका लुइँटेल (घिमिरे) को शारीरिक परीक्षण प्रतिवेदन, घटना विवरण कागज, यी प्रतिवादीका नाममा अदालतबाट म्याद जारी भई अंश रोक्का भएको अवस्थामा समेत यी प्रतिवादी म्यादमा अदालतमा उपस्थित नभई फरार रही अदालती प्रक्रियामा अदालतलाई सहयोग गरेको नदेखिएको अवस्था र सुरू धनकुटा जिल्ला अदालतबाट यी प्रतिवादीलाई पोल गर्ने सहअभियुक्त अम्बिका लुइँटेल (घिमिरे) लाई आरोपित कसुरमा अभियोग मागदाबीबमोजिम सजाय हुने ठहर भई उक्त फैसला पुनरावेदन अदालत धनकुटा तथा सर्वोच्च अदालतबाट समेत सदर भई अन्तिम भएर रहेको देखिन्छ। मिसिल संलग्न प्रमाण कागजहरूबाट यी प्रतिवादी प्रेमकुमार राउत र अर्का सहअभियुक्त अम्बिका लुइँटेल (घिमिरे) समेतको अवैध सम्बन्धका कारण प्रत्यक्ष जिउँदै जन्मिएको नवजात पुरूष शिशुलाई यी प्रतिवादीसमेतको संलग्नतामा प्लास्टिकको झोलामा हाली खोल्सीमा फाली कर्तव्य गरी मारी आरोपित कसुर गरेको पुष्टि भइरहेको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १८ नं. को कसुरमा ऐ. महलको १३(३) र १८ नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू धनकुटा जिल्ला अदालतले गरेको मिति २०७४।७।२० को फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५।६।८ को फैसला मिलेकै देखिए तापनि मिति २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम यो ऐन प्रारम्भ भएपछि सर्वस्व हुनेगरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी प्रेमकुमार राउतलाई जन्मकैदको सजाय हुने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल वैशाख १६ गते रोज १ शुभम्।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-१०३५, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. साङ्वो भन्ने देव दोर्जे तामाङसमेत*

प्रतिवादीहरूले गरेको इन्कारी बयान, घटना हुँदाको अवस्थामा घटनास्थलमा रहेका घटनास्थल मुचुल्का गरिदिने मोतीलाल श्रेष्ठसमेतका व्यक्तिहरूले अदालतमा गरेको बकपत्र तथा खुकुरी रड जस्तो घातक तथा धारिलो हतियार बरामद हुन नसकेको अवस्थाबाट समेत प्रतिवादीहरूले पीडितलाई धारिलो हतियारले प्रहार गरी घाइते बनाएको नदेखिई ढुङ्गा, लाठी जस्तो सामग्रीहरूबाट पीडितहरूलाई प्रहार गरेको भन्ने देखिएको र सो बेहोरालाई पीडितहरूको घाउ जाँच केस फारमबाट समर्थित भएको हुँदा पीडितहरूले जाहेरीमा उल्लेख गरेबमोजिम निजहरूलाई धारिलो जोखिमी हतियारले प्रहार गरेको नदेखिएकोले यसबाट समेत प्रतिवादीहरूको पीडितहरूलाई मार्ने नै मनसाय रहेको भन्ने नदेखिने।

मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूले जाहेरवालाहरूलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवीसमेत नदेखिएको, प्रतिवादीहरूलाई मृतकलाई मार्ने मनसायले खुकुरी रड जस्तो धारिलो हतियारले प्रहार गरेकोसमेत नदेखिएको, प्रतिवादीहरूले घाइतेहरूलाई खुकुरी, रड जस्तो धारिलो हतियारले प्रहार गरी मर्ने अवस्थामा पुऱ्याएकोसमेत घा जाँच केस फारमबाट नदेखिएको र तेस्रो पक्षको हस्तक्षेपको कारण घाइतेहरूको ज्यान मर्नबाट जोगिएको भन्नेसमेत पुष्टि हुन नसकी भोटेकोशी हाइड्रो पावरसम्बन्धी छलफल हुँदा वादविवाद भई जाहेरवाला पदमबहादुर श्रेष्ठ र विक्रम श्रेष्ठउपर कुटपिट भई निजहरू घाइते भएकोसम्म देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नभई कुटपिटको महलअन्तर्गतको देखिएकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम ज्यान मार्ने उद्योगको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार कारणबाट प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७१।०२।०७ मा भएको फैसला उल्टी गरी यी पुनरावेदक प्रतिवादीहरू साङवो भन्ने देव दोर्जे तामाङ, छिरिङ तामाङ र तिलकलाल भन्ने तिलकबहादुर श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-१५५५, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. एकबहादुर गुरूङ*

प्रस्तुत मुद्दामा यी प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गर्ने मनसायले निजमाथि चढेको, आफ्नो लिङ्ग निजको गुप्ताङ्गमा छिराउने प्रयास गरेको, आफ्नो औंला वा अन्य कुनै वस्तु पीडिताको गुप्ताङ्गमा पसाउने प्रयास गरेको जस्ता कुनै पनि कार्य गरेको मिसिल संलग्न कागजातबाट पुष्टि हुन सकेको देखिँदैन भने पीडिताको संवेदनशील अङ्ग हेर्ने र सुम्सुम्याउने उद्देश्यले यी प्रतिवादीले पीडितालाई

आफ्नो घरमा लगी पीडितले लगाएको सबै लुगा फुकाली निजको संवेदनशील अङ्ग हेर्ने र सुम्सुम्याउने कार्य गरेकोसम्म मिसिल संलग्न कागजातबाट देखिन्छ । साथै तेस्रो पक्षले हस्तक्षेप गरी जबरजस्ती करणीको कसुर हुन नपाएको भन्ने अवस्थासमेत देखिँदैन । अत: मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीले जबरजस्ती करणीको उद्योगको कसुर गरेको नदेखिई आशय करणीको कसुर गरेकोसम्म देखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणी उद्योगको कसुर गरेकोमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

विवेचित आधार, कारणहरूबाट प्रतिवादी एकबहादुर गुरूङलाई अभियोग मागदाबीबमोजिम कसुर गरेको ठहर गरी सजायसमेत गर्ने गरी गोरखा जिल्ला अदालतबाट भएको मिति २०७३।९।१९ को फैसला उल्टी गरी प्रस्तुत मुद्दा आशय करणीमा परिणत गरी प्रतिवादी एकबहादुर गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहराई उच्च अदालत पोखराबाट मिति २०७४।०५।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम् ।

इजलास नं.१६

१

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CI-०५४२, निर्णय दर्ता बदर हक कायमसमेत, काँशीनाथ डोटेल वि. मालपोत कार्यालय काभ्रेपलाञ्चोकसमेत*

जिल्ला काभ्रेपलाञ्चोक, गैरीविसौना देउपुर गा.वि.स. वडा नं. ३ कि.नं. ४८ को क्षेत्रफल ८१-३-३-३ जग्गामा पूर्वतर्फको अन्दाजी २५-०-०-० जग्गा दर्ता गर्न छुट भएकाले सो जग्गामा आफ्नो पिता पूर्खादेखि भोग रहेकोले आफ्नो नाममा हक कायम गरी छुट जग्गा दर्ता गरी नामसारीसमेत गराई पाउँ भनी वादीले दाबी लिएको देखिन्छ । विवादित कि.नं. ४८ को जग्गा न.नं. १२ मा जनिई मिति २०६८।३।२ मा सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट नाप नक्सा भई आएको देखिन्छ । उक्त नक्सा मुचुल्कामा न.नं. १२ मा वादीले भोग गरेको २२-१२-०-१ जग्गा भनी उल्लेख भएको देखाए तापनि मिसिल संलग्न फिल्डबुक उतारको छाँयाप्रतिबाट कि.नं. ४८ को जग्गा बुटेन भनी स्पष्ट रूपमा उल्लेख भएको देखिन्छ । त्यसैगरी सोही फिल्डबुकबाट कि.नं. ४८ को जग्गामा जग्गाधनीको नाम, थर वतन भन्ने महलमा यी पुनरावेदक वादी तथा वादीका पितासमेतको नाम उल्लेख नभई खाली रहेको देखिन्छ । मिसिल संलग्न मालपोत कार्यालय काभ्रेपलाञ्चोकको मिति २०५०।११।१ को टिप्पणी आदेशको प्रतिलिपिबाट कि.नं. ४८ को जग्गा नेपाल सरकारको नाममा छुट दर्ता गर्ने भनी निर्णयसमेत भई सो जग्गा नेपाल सरकारको नाममा दर्ता भई सो जग्गाको हक स्वामित्व नेपाल सरकारको रहेको स्पष्टरूपमा देखियो । यसबाट कि.नं. ४८ को जग्गामा पुनरावेदक वादी तथा निजका पिताको हकभोग तथा स्वामित्व रहेको भन्ने तथ्य प्रमाणित हुने ।

मालपोत ऐन, २०३४ को दफा २ को देहाय (ख२) मा **"सरकारी जग्गा" भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेको रूख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा**

त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गाबाहेकका अन्य जग्गा सम्झनुपर्छ" भनी उल्लेख भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाबाट बुटेन जनिएको कि.नं. ४८ को जग्गा सरकारी जग्गा देखिँदा यी पुनरावेदक वादीको हक स्थापित हुने नदेखिने।

मालपोत ऐन, २०३४ को दफा २४(१) मा **सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन** भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। सोही ऐनको दफा २४(२) मा **कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने छ। त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने छ** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसबाट कि.नं. ४८ को जग्गा वादी दाबीको दर्ता छुट भएको जग्गा रहेछ भनी मान्न सकिने कानूनी आधार नदेखिने।

यसैगरी वन ऐन, २०४९ को दफा १६(१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन भन्ने र ऐ.दफा १६(३) मा यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रूपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुने छ र त्यस्तो दर्ताको लगत कट्टा गरिने छ भन्ने कानूनी व्यवस्थासमेत रहेको परिप्रेक्ष्यमा कि.नं. ४८ को जग्गा बुटेन जनिई नाप नक्सा भई फिल्डबुकमा समेत जनिएको देखियो। मिति २०५०।११।१ को निर्णयबाट विधिवत् रूपबाट कि. नं. ४८ को जग्गा नेपाल सरकारको नाममा स्थापित भइसकेको अवस्था छ। यसबाट कि.नं. ४८ को जग्गामा यी पुनरावेदक वादीको हक सिर्जना हुने तथा दर्ता निजको नाममा हुन सक्ने स्थिति नै देखिन नआउने।

दाबीअनुसार कि.नं. ४८ को २५ रोपनी जग्गा वादीका पिता छविलाल डोटेलका नाममा दर्ता गर्न छुट भएको भनी दाबी लिएको भए तापनि जग्गा नाप जाँच ऐन, २०१९ अनुसार नाप नक्सा भएको जग्गामा कसैको हक छुट्न गएमा सच्चाउन सक्ने कानूनी व्यवस्था छ। तर वादीका पिताले समयमा नै नै निवेदन गरी सो दाबीअनुसारको जग्गा दर्ता छुट भएको भनी आफ्नो नाममा दर्ता गराउन सकेकोसमेत देखिएन। यस्तो अवस्थामा निरन्तर भोग बसोबास गरी आएको भन्ने आधारमा मात्र बुटेन जनिएको नेपाल सरकारको नामको जग्गामा यी वादीको आधिकारिक कानूनी दर्ता स्रेस्ता, लिखत, प्रमाण केही नभएको अवस्थामा कि.नं. ४८ को दाबीअनुसारको जग्गा वादीको हुने भनी निष्कर्षमा पुग्नु विधिसम्मत हुने देखिएन। तसर्थः पिता पुर्खाको पालादेखि नै निरन्तर भोग चलन रहेको हुँदा आफ्नो नाममा दर्ता हुनुपर्नेमा वादी दाबी नै पुग्न नसक्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला बदर गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणसमेतबाट विवादको कि.नं ४८ को पूर्वतर्फको न.नं.१२ को क्षेत्रफल २२-१२-०-१ को जग्गा वादीको नाममा हक कायम गरी छुट जग्गा दर्ता नामसारीसमेत गरिदिने ठहर गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको मिति २०६८।४।२२ को फैसला उल्टी गरी वादीको दाबी नपुग्ने ठहर गरी भएको तत्कालीन पुनरावेदन

अदालत पाटनको मिति २०७१।९।१३ को फैसला अन्यथा नदेखिई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७२-WO-०६२६, उत्प्रेषण / परमादेश, देवप्रसाद त्रिपाठी वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

निवेदक २०३३ सालदेखि नै प्रा.वि. शिक्षकको रूपमा शिक्षण सेवामा प्रवेश गरी नि.मा.वि. (च. श्रेणी) मा कार्यरत रहेको अवस्थामा नि.मा.वि. (च. श्रेणी) को पद लियनमा राखी मिति २०५२।११।२९ मा मा.वि. (च. श्रेणी) मा अस्थायी नियुक्ति पाई कार्यरत रहँदै आएको र २०६३।८।१७ मा माध्यमिक तहको तृतीय श्रेणीमा स्थायी नियुक्ति पाई कार्यरत रहनुभएकोमा शिक्षक सेवा आयोगबाट प्रकाशित (वि.नं. ०५।०७०।७१) कार्यक्षमताको आधारमा शिक्षक बढुवा विज्ञापनअनुसार नतिजा प्रकाशन हुँदा निवेदकको नाम बढुवा सूचनामा समावेश भएको मिसिल सामेल निवेदकको नियुक्तिपत्रहरू तथा गोरखापत्रमा प्रकाशित बढुवा सूचनाको प्रतिलिपिबाट देखिने।

बढुवा नियुक्ति पत्र नै नबुझेको मिति २०६२।९।२९ को नि.मा.वि. द्वितीय श्रेणीको बढुवालाई आधार मानी २०५२।११।२९ देखिको मा.वि. तह तृतीय श्रेणीको अस्थायी सेवा अवधि २०६२ माघदेखि टुट्न गएको भनी विपक्षी शिक्षक सेवा आयोगले सो अस्थायी सेवा अवधि गणना नगरी मेरो बढुवा बदर गरेको भन्ने निवेदन जिकिरतर्फ हेर्दा विपक्षी जिल्ला शिक्षा कार्यालयको लिखित जवाफमा नि.मा.वि.द्वितीयको बढुवाको विज्ञापन हुँदा स्वयम्ले बढुवा फाराम भरेको, सोही आधारमा निज शिक्षकलाई बढुवाको सिफारिस गरेको, निजको नाममा समेत नि.मा.वि. द्वितीयको बढुवा नियुक्तिको पत्र चलानी (उल्लिखित चलानी किताबको चलानी नं. ९०१ मिति २०६२।११।८ को पानाको प्रतिलिपि संलग्न राखी) भई गएको उल्लेख गरेको छ। साथै, जिल्ला शिक्षा कार्यालय धादिङले मिति २०७२।१।८ मा शिक्षक सेवा आयोगलाई लेखेको मिसिल सामेल पत्रको प्रतिलिपिमा निवेदकले उल्लिखित बढुवा नियुक्ति पत्र बुझेको उल्लेख भएको देखिँदा निवेदन जिकिर खण्डित हुन जान्छ। साथै, विपक्षी शिक्षक सेवा आयोगको २०७२।१०।१० को पत्र तथा निवेदक देवप्रसाद त्रिपाठीको कर्मचारी सञ्चय कोषबाट प्राप्त मिसिल संलग्न सञ्चय कोष जम्मा भएको विवरण अध्ययन गर्दा २०६२ माघ र फाल्गुण महिनामा साबिकभन्दा रू. ७१०।४० थप सञ्चय कोष रकम जम्मा भएको देखिँदा सो अवधिमा निजको तलबमा वृद्धि भएको अवस्था प्रमाणित भएकोले नि.मा.वि. द्वितीय श्रेणीको बढुवा नियुक्ति नलिएको भन्ने जिकिरसँग सहमत हुन नसकिने।

शिक्षक सेवा नियमावली, २०५७ को परिच्छेद ४ बढुवासम्बन्धी व्यवस्थाअन्तर्गत नियम २९(१) मा ***"ज्येष्ठताबापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको २.५ अङ्कका दरले र अस्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको १.२५ अङ्कका दरले बढीमा ३५ अङ्क प्रदान गरिने छ"*** भन्ने व्यवस्था भएको पाइन्छ। निजले २०५२ सालदेखि नै मा.वि. तृतीय श्रेणी अस्थायी शिक्षकको रूपमा कार्यरत रहँदाकै अवस्थामा २०६२।९।२९ देखि नि.मा.वि. द्वितीय श्रेणीको शिक्षकको रूपमा बढुवा पाई नियुक्ति पत्र बुझी सोहीअनुसार सेवा सुविधासमेत लिएको प्रमाणित

भएबाट निजको २०५२ देखिको मा.वि. तृतीय श्रेणीको अस्थायी सेवा अवधि २०६२ माघदेखि टुट्न गएकोले सो अस्थायी सेवा अवधि गणना नगर्ने निर्णय गरेको शिक्षक सेवा आयोगको २०७२।१०।०७ को निर्णय मिलेकै देखिने।

अत: उपर्युक्त आधार, प्रमाण कागजातसमेतका आधारमा निवेदकले मा.वि. अस्थायी तहमा कार्यरत रहँदाकै अवस्थामा २०६२।९।२९ मा भएको नि.मा.वि. द्वितीय श्रेणीको बढुवा नियुक्ति बुझी सोबमोजिमको सेवा सुविधासमेत लिइसकेको प्रमाणित भएको अवस्थामा २०५२।११।२९ देखि मा.वि. तह तृतीय श्रेणीको अस्थायी शिक्षकको रूपमा कार्य गरेको अवधि २०६२ माघदेखि टुट्न गएको हुँदा निजको मा.वि. तृतीय श्रेणीको अस्थायी सेवा अवधि गणना नगर्ने गरी विपक्षी शिक्षक सेवा आयोगबाट मिति २०७२।१०।७ मा भएको निर्णय तथा सो निर्णयको आधारमा जारी भएको मिति २०७२।१०।१० को पत्र एवं अन्य काम कारबाहीहरू नियमसङ्गत देखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिएन। रिट खारेज हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल कार्तिक २७ गते रोज ४ शुभम्।